# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

केशव सुवेदीको जन्म २००९ साल असार १० गते सोमवारका दिन रापती अञ्चल अन्तर्गत सल्यान जिल्लाको जसपुरमा भएको थियो । स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका सुवेदी लामो समयदेखि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागमा अध्यापनरत छन् । सानै उमेरदेखि नै साहित्य सिर्जनामा रुचि राख्ने सुवेदी स्वर्गद्वारी महाप्रभुको जीवन चरित्रसँग सम्बन्धित लेख २०३७ सालमा **बालक** पत्रिकामा प्रकाशन गरी औपचारिक रूपमा साहित्यका क्षेत्रमा उदाएका हुन् ।

नेपाली साहित्यको समालोचना विधामा कलम चलाउन मन पराउने सुवेदीका हालसम्म **रापतीको साहित्यिक रूपरेखा** (२०६५) र **परिधीय परिक्रमा** (२०६५) गरी दुईवटा समालोचनात्मक कृति प्रकाशित छन् भने विभिन्न समयमा विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा अनुसन्धानमूलक समालोचनात्मक लेखहरू पनि प्रकाशित छन् । विभिन्न साहित्यिक तथा साहित्येतर कृतिहरूको सम्पादन, सहसम्पादन र सहलेखन समेत गरिसकेका सुवेदीको सम्पादक व्यक्तित्व पनि स्थापित भइसकेको छ । उनले बालसाहित्यका विभिन्न विधाका कृति तथा पत्रपत्रिकामा समेत आफ्नो सम्पादन कला देखाएका छन् । प्राध्यापन पेसामा संलग्न सुवेदी **मध्यपश्चिमाञ्चल साहित्य परिषद्** काठमाडौँका सल्लाहकार र **नेपाली लोक वार्ता समाज** काठमाडौँका सदस्य समेत रहेका छन् ।

रापती क्षेत्रको साहित्यिक गतिविधिका बारेमा समग्र अध्ययन तथा त्यहााको साहित्यिक पृष्ठभूमि र परम्पराको अनुसन्धान गर्नुका साथै नेपाली साहित्यका विविध विषयमा प्रस्तुत गरेको समालोचकीय दृष्टिले उनको साहित्यिक योगदान उल्लेखनीय रहेको देखिन्छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यको समालोचना क्षेत्रका सशक्त लेखक केशव सुवेदी नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिरहेका छन् । नेपाली साहित्यका समालोचना, सम्पादन र

सहलेखनका विविध पाटामा सक्रिय रहेका सुवेदीले नेपाली समालोचनाको विकासमा दिएको महत्त्वपूर्ण योगदानको सामान्य चर्चा भए पनि जेजति अध्ययन विश्लेषण हुनु पर्दथ्यो त्यो भएको देखिदैन । त्यसैले केशव सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनसाग सम्बन्धित प्रस्तुत शोधपत्र निम्नलिखित समस्याको समाधानका निम्ति केन्द्रित रहेको छ :

(क) केशव सुवेदीको जीवनी के कस्तो छ ?

(ख) केशव सुवेदीका व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

(ग) केशव सुवेदीको कृतित्व के कस्तो रहेको छ ?

(घ) केशव सुवेदीका साहित्यिक विशेषता र योगदान के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

समस्याकथनमा उठाइएका उपर्युक्त समस्याहरूको समाधान खोज्नु नै यस शोधकार्यको मूल उद्देश्य हो र यो शोधकार्य निम्नलिखित उद्देश्यहरूको प्राप्तिमा केन्द्रित रहेको छ :

(क) केशव सुवेदीको जीवनीसाग सम्बन्धित पक्षको खोजी गर्नु ,

(ख) केशव सुवेदीका व्यक्तित्वका पाटाहरू पहिल्याउनु ,

(ग) केशव सुवेदीका साहित्यिक कृतिहरूको विवेचना गर्नु ,

(घ) केशव सुवेदीका साहित्यिक विशेषता र योगदानको निर्धारण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपालको सल्यान जिल्लामा जन्मेर प्राध्यापन क्षेत्रमा प्रवेश गरेका नेपाली साहित्यका सर्जक केशव सुवेदी साहित्यमा विशेष गरी समालोचकका रूपमा परिचित छन् । सुवेदी कुशल सम्पादक पनि हुन् । उनका बारेमा हालसम्म जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा अध्ययन, विश्लेषण गरी साहित्यिक योगदानको निर्धारण गर्ने काम हुन सकेको पाइँदैन । यिनका बारेमा जेजति अध्ययन भएको छ केवल परिचयात्मक एवम् टिप्पणीमूलक तथा जानकारीमूलक कुनै एक पक्षको मात्र भएको भेटिन्छ ।

सुवेदीका कृतिगत वा सामान्य साहित्यिक देनका बारेमा साहित्यकार एवम् समालोचकहरू तथा पत्रपत्रिकाबाट जेजति पूर्व अध्ययन भएका छन् तिनको चर्चा परिचर्चाको कालक्रमिक विवरण र समीक्षा यहाा प्रस्तुत गरिएको छ ।

घटराज भट्टराईले **नेपाली लेखककोश** (२०५६) मा केशव सुवेदीका समालोचना अध्ययनपूर्ण हुन्छन् र उनको सम्पादनकला पनि निकै प्रभावकारी छ भन्दै आफूले छोएको विषयलाई परिश्रमपूर्वक सफल रूपमा प्रस्तुत गर्ने कला उनमा छ भनी उल्लेख गरेका छन् ।

नेत्र एटमले **परिधीय परिक्रमा** (२०६५) समालोचना सङ्ग्रहको भूमिकामा सुवेदी केही समयदेखि मध्यपश्चिमाञ्चल र रापती क्षेत्रको साहित्यिक इतिहासको अभिलेखन र नेपाली लोकसाहित्यिक समालोचनाको खोजीको सन्दर्भमा सक्रिय छन् भन्दै तीन दशक लामो प्राध्यापन र लेखनले उनको समालोचनालाई निकै खिरिलो, तार्किक तथा मूल्याङ्कनात्मक बनाएको बताएका छन् ।

**परिधीय परिक्रमा** समालोचना सङ्ग्रह (२०६५) को प्रकाशकीय मन्तव्यमा सुवेदीका बारेमा एउटा सचेत पाठकको सूक्ष्म पठन, अवलोकन, प्रतिक्रिया र पद्धतिमा रही कृतिको मूल्याङ्न गर्ने र ओफेलमा परेका प्रतिभालाई प्राथमिकता दिने तथा समालोचनाका चार प्रकार्यहरूमध्ये सैद्धान्तीकरणलाई भन्दा मूल्य निर्णय, व्याख्याविश्लेषण र शोधपरकतालाई महत्त्व दिने समालोचक भनी टिप्पणी गरिएको छ ।

रमेश सुवेदीले **अन्तर्ध्वनि** (४५: २०६६ ) साहित्यिक त्रैमासिकमा 'हजारौं चेलाहरूका मार्गदर्शक गुरु साहित्यकार केशव सुवेदी' शीर्षकमा दुर्गम रापती क्षेत्रबाट उठेर नेपाली साहित्यको केन्द्रविन्दुमा स्थापित हुन सफल सुवेदी राप्ती क्षेत्रका जोकोहीका लागि गर्व त हुन् नै नेपाली साहित्यका क्षेत्रमा छुटाउनै नहुने नाम पनि हुन् भनेका छन् । नेपाली साहित्यको यति धेरै काम गरेर पनि आफूलाई केही गरेको छैन भन्नु उनको महानता, सरलता तथा फलेको वृक्ष झुकेको मात्र हो भनी सुवेदीलाई चिनाउने प्रयास गरेका छन् ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधपत्रमा केशव सुवेदीको जीवनी, व्यक्तित्व र उनका साहित्यिक कृतिहरूको विभिन्न कोणबाट अन्वेषण, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको सम्बर्धनमा सुवेदीले गरेका मुख्यमुख्य योगदानलाई समेत यसमा समेटिएको छ । साहित्यकार सुवेदीका बारेमा बेलाबखत केही समीक्षकहरूद्वारा सामान्य चर्चा परिचर्चा गरिएको भएतापनि उनका बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन अनुसन्धान हालसम्म भएको छैन । उनका बारेमा आजसम्म गरिएका चर्चा परिचर्चाहरू पनि पूर्ण छैनन् । यस शोधपत्रमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा व्यवस्थित र समग्र रूपमा अध्ययन गरिने हुँदा शोधकार्य औचित्यपूर्ण छ । यसका साथै उनका बारेमा जान्न चाहने र भविष्यमा उनको कृतित्वका बारे गहन अध्ययन गर्न चाहनेहरूलाई प्रस्तुत शोधपत्रले सहयोग गर्न सक्ने हुँदा यो शोधकार्य महप्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रका सन्दर्भमा केशव सुवेदीको जीवनी, व्यक्तित्व र उनका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन गरिएको छ । यस शोधपत्रमा सुवेदीका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू तथा फुटकर समालोचनात्मक कृतिहरूका साथै विभिन्न विधाका सम्पादित कृतिहरूको अध्ययन गरिएको छ ।

## १.७ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधपत्रको तयारीका निम्ति आवश्यक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । सुवेदीको जीवनीको अध्ययन गर्न स्वयम् शोधनायकसाग सम्पर्क गरी लिखित र मौखिक प्रश्नावली राखिएको छ । यसका अतिरिक्त सुवेदीका पारिवारिक सदस्य तथा उनका सहयात्री व्यक्तित्वहरूसाग भेटघाट गरी उचित जानकारी लिइएको छ । सुवेदीका बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित विश्लेषणात्मक लेख तथा उनका कृतिका अग्रभागमा लेखिएका भूमिका, मन्तव्य र प्रकाशकीय लेखलाई पनि आधार बनाइएको छ । यसैगरी आवश्यकता अनुसार प्रश्नोत्तर विधिको पनि प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

साहित्यकार केशव सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनका क्रममा प्राप्त गरिएको सामग्रीलाई जीवनीपरक समालोचना, समालोचना सिद्धान्त तथा ऐतिहासिक अनुसन्धान पद्धतिमा आधारित भई शोधकार्य गर्दा वर्णनात्मक एवम् विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सङ्गतिपूर्ण र व्यवस्थित बनाउन जम्मा छ परिच्छेदमा विभाजन गरिएको छ । ती प्रत्येक परिच्छेदमा निम्नलिखित शीर्षकहरू निर्धारण गरिएका छन् :-

पहिलो परिच्छेद – शोध परिचय

दोस्रो परिच्छेद – केशव सुवेदीको जीवनी

तेस्रो परिच्छेद – केशव सुवेदीको व्यक्तित्व

चौथो परिच्छेद – केशव सुवेदीका समालोचना कृतिको विवेचना

पााचौ परिच्छेद – केशव सुवेदीका सम्पादित कृतिको अध्ययन

छैठौँ परिच्छेद – उपसंहार तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भग्रन्थसूची

## दोस्रो परिच्छेद

# केशव सुवेदीको जीवनी

## २.१ जन्म र जन्मस्थान

केशव सुवेदीको जन्म नेपाली समाजको ग्रामीण क्षेत्रमा अर्थात् मध्यपश्चिमाञ्चल अन्तर्गत पर्ने रापती अञ्चलको पहाडी जिल्ला सल्यानको जसपुर गाउँमा २००९ साल असार १० गते सोमबारका दिन पिता पं. मोहनलाल सुवेदी र माता उत्तिमा सुवेदीका द्वितीय सुपुत्रका रूपमा भएको थियो ।[ज्ञ] तत्कालीन समयमा सल्यान जिल्लामा पर्ने जसपुर गाउँ हाल रोल्पा जिल्ला अर्न्तगत पर्दछ ।

केशव सुवेदीका बाबु मोहनलाल उपाध्यायले तीन विवाह गरेका थिए । सानै उमेरमा विवाह गरेकी प्रथम पत्नीको एक मात्र सन्तान छोरीको जन्म भएपछि उनको अल्पायुमा नै निधन भएको थियो । युवा अवस्थामा नै श्रीमतीको मृत्यु भएको र साथमा रहेकी छोरीको उमेर सानै भएकाले उनलाई हुर्काउन, बढाउँन र घरव्यवहार चलाउनका साथै आफूलाई पनि जीवनसाथीको आवश्यकताको बोध भएकाले मोहनलालले उत्तिमासँग दोस्रो विवाह गरेका थिए । मोहनलालकी द्वितीय विवाहित पत्नी उत्तिमा सुवेदीका कोखबाट द्वितीय पुत्रका रूपमा केशव सुवेदीको जन्म भएको देखिन्छ ।[द्द]

## २.२ पुर्खा र वंशपरम्परा

हाम्रा सामाजिक साँस्कृतिक परम्परालाई हेर्दा नेपालमा विभिन्न गोत्रप्रवर्तक ऋषिहरूबाट उत्पन्न भएका ब्राह्मण जातिको बसोबास रहेको पाइन्छ । यहाँ परापूर्वकालदेखि अनेक ऋषिहरूका वंशपरम्पराबाट विकसित भएका अनेक गोत्रका ब्राह्मणहरू बसोबास गर्दै आएको देखिन्छ ।

सुवेदी वंशको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाँदा कलियुग लागेको ३०४४ वर्षदेखि भारतवर्षमा राजा विक्रमादित्यको शासन चलेको समय सम्म पुग्न सकिन्छ । त्यस समयमा भारतवर्षको उज्जयनी प्रदेशको मारवाड भन्ने ठाउँ सिँगेरी मठको नगिचै क्षिप्रा नदीको तीरमा आदिवाराह देवका भक्त कालीका पूजक याज्ञवल्क्य ऋषि-प्रणीत “याज्ञवल्क्यस्मृती ” (धर्मशास्त्रग्रन्थ) मा बताएअनुसार सनातन धर्मका अनुयायी यज्ञयादि कार्य गराउन कुशल आचार्य भएका भारद्वाज ऋषिको वंशमा जन्मेका हुनाले भारद्वाज गोत्र र तीन प्रवर ( आङ्गिरस, वार्हस्पत्य, भारद्वाज) भएका ब्रह्मणहरू बस्थे । तिनै ब्राह्मणका वंशमा कूटस्थ पुरुष प्रजापति ऋषि भए । तिनका छोरा पद्मनाभ ऋषि हुन् । उनैका सन्तान कालान्तरमा

ज्ञ शोधनायकबाट प्राप्त जानकारीअनुसार

द्द ऐजन

भारतको उत्तरी खण्डमा पर्ने गढवाल क्षेत्रको गङ्गोल भन्ने ठाउँबाट सुदूरपश्चिम नेपालको बझाङ जिल्लाको सुवेडाबाडा (हालसम्म पनि उक्त गाउँमा सुवेदीको बसोबास रहेको छ ।) भन्ने गाउँमा आई बसेको पाइन्छ । यिनै पद्मनाभका सन्तानहरू राम्रोसँग वेद पढ्न जान्ने भएकाले सुवेदी थरले प्रसिद्ध भएका हुन् ।[घ]

हाल सुवेदीहरू नेपालका विभिन्न स्थानमा फैलिएर रहेका भए पनि उनीहरूको मूल थलो बझाङको सुवेडा गाउँ नै रहेको देखिन्छ । पछि बिस्तारै सुवेदीहरू नेपालका विभिन्न ठाउँमा बसाइसराइ गर्ने क्रममा पद्मनाभका सन्तानमध्ये एक भाइ भृगु भट्ट म्याग्दीको ढोरलठान आइपुगेका र त्यहाँ आनन्ददेव मल्लका राजगुरु रहेको पाइन्छ । यिनै भृगुभट्टका सन्ततिहरू नै सल्यान जसपुरका सुवेदीहरू हुन् ।[द्ध] राजगुरु भृगुभट्टका पन्ध्रौँ पुस्ताका सन्तान चाउरुका सातभाइ छोरा थिए । तिनीहरूमध्ये एक भाइ दुब्बल थिए । उनी आफ्नो पुर्ख्यौली थलो म्याग्दीको ताकम छोडी आफूलाई अनुकूल हुने ठाउँ खोज्दै पश्चिमतर्फ लागेका र प्यूठानको स्वर्गद्वारीभन्दा केही पश्चिममा रहेको सल्यान जिल्लाको जसपुर पुग्दा सो स्थान आफूलाई उपयुक्त हुने देखी चुत्राको घारीलाई फाँडेर बस्ती बसालेको देखिन्छ । सो ठाउँमा खेतीपाती गर्नका लागि प्रशस्त पाखोबारी बनाउन सकिने, वस्तुभाउ पालनका लागि पानी पँधेरो र घाँस दाउराको राम्रो सुविधा भएको र नुनतेल ल्याउनका लागि कोइलाबास (नेपाल र भारतको सीमाना) जसपुरबाट २-३ दिनमा पुग्न सकिने भएकाले पनि दुब्बलले उक्त स्थान बसोबासका निम्ति रोजेको हुनु पर्दछ ।[छ]

म्याग्दीको ताकममा बसोबास गर्दै आएका सुवेदी कुलमा दुब्बल सुवेदीको जन्म भएको थियो । यिनले आफ्नो जन्मथलो ताकमबाट बसाइ सरेर सल्यान जिल्लाको जसपुरमा आई रस्तीबस्ती बसालेका थिए । यिनी अत्यन्त सरल स्वभावका परिश्रमी र इमानदार व्यक्ति थिए । त्यसैले बिरानो ठाउँमा आइपुगे पनि सबैसँग सुसम्बन्ध कायम गरी आफ्नो इज्जत र प्रतिष्ठा कमाउन सफल भए ।

केशव सुवेदीका हजुरबुबा कलाधरले पनि नयाँ ठाउँमा निकै परिश्रमपूर्वक जीवन यापन गरे र बाबुले स्थापित गरेको मानप्रतिष्ठालाई बढाउँदै लैजाने काम गरे । उनले बाहुन बस्ती नभएको जसपुर गाउँका स्थानीय बासिन्दाका गुरुपुरोहितका रूपमा काम गरी सामाजिक सम्बन्धलाई बढाएको देखिन्छ । यिनले छोराहरूलाई संस्कृत र कर्मकाण्ड सम्बन्धी सामान्य शिक्षा दिलाएका थिए । सुवेदीका हजुरबुबा लीलाधरले पनि बाबुबाजेले अगाडि बढाएको सनातन व्यवहारलाई नै निरन्तरता दिएको पाइन्छ । उनले वेद, रुद्री,चण्डी लगायतका कर्मकाण्डको सामान्य शिक्षा हासिल गरेका थिए । यिनको सदाचारी र

---

घ सीता रिजाल, भीमकान्त पन्थीको जीवनी , व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, द्दण्टछ, पृ ड ।


द्ध. राजेन्द्र सुवेदी र अन्य, (सहलेखन तथा सहसम्पादन) सुवेदी वंशावली, का७मा८ौ :सुवेदी कल्या०ाकोश द्दण्टघ, पृ द्द्ञठ।

छ ऐजन

आध्यात्मिक स्वभावले गर्दा साधुसन्तहरूसँग सत्सङ्गत थियो, जसले गर्दा उनले बालतपसी स्वर्गद्वारी महाप्रभुको सान्निध्य प्राप्त गरेका थिए । यिनी धेरैजसो समय पूजापाठमा व्यतीत गर्न रुचाउने अत्यन्तै धार्मिक प्रवृत्तिका थिए ।

केशव सुवेदीका बुबा पं.मोहनलाल अत्यन्तै तीक्ष्ण बुद्धि भएका व्यक्ति थिए । उनले पनि पैतृक परम्परा अनुसार संस्कृत पढेका थिए । संस्कृतको औपचारिक अध्ययन नभए तापनि कर्मकाण्ड र पुराणवाचनमा कलिलै उमेरदेखि लागेर यस क्षेत्रमा उनले आफ्नो प्रतिष्ठा पनि स्थापित गरेको बुझिन्छ । पुराणवाचन शैली अत्यन्तै राम्रो भएकाले उनको वाचन सुन्न मानिसहरू निकै खातिर गर्थे । आफ्नो पुराण वाचनका प्रारम्भिक चरणमा नै उनले स्वर्गद्वारी महाप्रभुलाई चतुर्मासाभरि पुराण सुनाएका थिए । यस क्रममा उनले अनेक श्रोता पाए र उत्तिकै प्रशंसा पनि कमाए, जसले गर्दा उनी जसपुरे पण्डितका नामबाट रापती क्षेत्रमा नै प्रसिद्ध भए । उनी व्यवहारमा निपुण र हक्की स्वभावका थिए । उनी आफ्ना सन्तानलाई आयआर्जनतिर भन्दा बढी पढाइतिर जोड दिन्थे । उनकै सक्रियतामा जसपुरमा २०१८-१९ सालतिर पहिलो पल्ट सरकारी स्तरको प्राथमिक पाठशाला खुलेको थियो । त्यसै पाठशालाको स्थापनापछि मात्र जसपुरमा शैक्षिक विकासको औपचारिक यात्रा आरम्भ भएको थियो । यसबाट पं. मोहनलालमा शैक्षिक चेतनाको विकास गर्नु पर्दछ भन्ने मान्यता रहेको देखिन्छ । यिनै पण्डित मोहनलालका द्वितीय पुत्रका रूपमा केशव सुवेदीको जन्म भएको थियो । [ट]

सल्यान जसपुरका सुवेदीहरू यिनै दुब्बलका सन्तान हुन् । केशव सुवेदी म्याग्दीको ताकमबाट बसाइ सरेर आएका दुब्बलका चौँथो पुस्ताका सन्तान हुन् । उनको वंश-परम्परालाई आरेखमा यसरी देखाउन सकिन्छ :




ट सुवेदी वंशावली पूर्ववत पृ. [illegible]

## २.३ नामकरण

नेपाली समाजमा विभिन्न संस्कारकर्महरू प्रचलित छन् । ती संस्कारकर्महरूमध्ये नामकर्म पनि पर्दछ । गर्भस्थ बालक पृथ्वीमा जन्मेपछि ऊ जन्मेको समय अनुसार नक्षत्र जुराएर जुन नक्षत्रको जुन पाउ रहेको हुन्छ सोही पाउको अक्षरबाट बालकको नाम राख्ने गरिन्छ । शास्त्रीय विधिविधान अनुसार बालक जन्मेको एघारौँ दिनमा न्वारन गरिन्छ र पिताले गरिदिने यसै संस्कारमा नाम पनि राखिन्छ ।

उपर्युक्त मान्यता अनुसार केशव सुवेदीको जन्म वि.सं. २००९ साल असार १० गते सोमबारका दिन भएको र उनी जन्मँदाका क्षणमा पुनर्वसु नक्षत्र परेको हुँदा त्यसै नक्षत्रको पहिलो पाउ अनुसार ‘क’ अक्षरबाट नाम जुराउनु पर्ने भएकाले उनको नाम केशव राखिएको हो ।[ठ] शास्त्रीय विधानका आघारमा यसरी राखिने नाम कुनै शुभसूचक या वंशपरम्पराबोधक अथवा सार्थक  खालको हुनु पर्दछ । यसै मान्यता अनुसार नेपालीमा प्रचलित संस्कृत तत्सम केशव शब्दको अर्थ व्रह्मा, विष्णु र शिवको संयुक्त शक्ति विष्णु वा कृष्ण भन्ने हुन्छ ।[ड]

## २.४ बाल्यकाल

केशव सुवेदीको बाल्यकाल बाबुआमाको अगाध स्नेह र वात्सल्यमा बितेको थियो । तर छोराले सानै उमेरदेखि नै राम्रोसँग पढोस् भन्ने बाबुको चाहनाका कारण आफूखुसी साथीभाइसँग खेलीखाने र रमाइलो गर्ने उमेरमा पढ्नु पर्ने र पढेको पाठ बुबालाई बुझाउनु पर्ने बाध्यताले गर्दा बाल्यवस्थामा स्वतन्त्रताको अनुभव गर्न नपाएका पीडा उनी स्वयम्ले अनुभव गरेका थिए । उनलाई सानै उमेरदेखि नै बाबुको कडा अनुशासनमा रही पढ्नु पर्ने बाध्यता र बाबुको छोरालाई संस्कृत पढाउने इच्छाले गर्दा बाल्यकालमा नै पढ्नका लागि घर छोडी प्यूठानको स्वर्गद्वारी जानु परेको देखिन्छ । सानै उमेरमा घरपरिवार छोडी एक्लै बस्नुपर्दा आमा बाबु लगायत परिवारजनको स्नेह सामीप्यको अभावका साथै परदेशमा सम्पूर्ण कुराको बन्दोबस्त मिलाउनु पर्ने र गुरुहरूको कडा अनुशासनमा रही गुरुहरूले दिएका पाठ घोक्नु पर्ने चापले गर्दा भोक लागेका बेला खान नपाउने, उमेर अनुसार साथीभाइसँग हाँस्न, खेल्न र रमाउन नपाउने जस्ता समस्या भोग्नु परेको देखिन्छ । त्यसैले आफ्ना किशोरावस्थामा बालसुलभ चाहना पूरा गर्न नपाएको अनुभूति उनमा रहेको देखिन्छ ।[ढ] उनलाई पुगनपुग एक वर्षको एक्लो र कष्टपूर्ण स्वर्गद्वारी बसाइपछि पुनः घरमै

ठ शोधनायकबा६ प्राप्त जानकारीअनुसार

ड वसन्तकुमार शर्म्मा ‘नेपाल’,नेपाली शब्दसागर काठमाडौं :आभा छापाखाना, २०६३, पृ.२८८ ।

ढ शोधनायकबा६ प्रप्त जानकारीअनुसार ।

फर्काइएको थियो । त्यसपछि सुवेदी लगायत उनका समवयस्क ग्रामीण किशोरहरूका निम्ति समुदायका सक्रियतामा स्थानीय स्तरमा नै पिँढी पाठशालाको व्यवस्था मिलाइएको थियो ।[ज्ञण] त्यसै पिँढी पाठशालामा नै केशव सुवेदीको अनौपचारिक पढाइलेखाइको क्रम अगाडि बढेको थियो ।

केशव सुवेदीको बाल्यकालतर्फ दृष्टि दिँदा उनले बाल्य र किशोरकालको अधिक समय व्यतीत गरेको जसपुर गाउँको गहिरो प्रभाव उनका अन्तरचेतनामा रहेको देखिन्छ । प्राकृतिक सुन्दरताले भरिपूर्ण सो ठाउँ कुनै चर्चित भौगोलिक स्थल नभए पनि त्यहाँकै हावा, पानी, माटो र सरल गाउँले समाजमा सुवेदीको बाल्यकाल बितेको र त्यही ग्रामीण सरलता र सामान्यताको वीजारोपण यिनमा भएको देखिन्छ । पहाडी, ग्रामीण प्राकृतिक सौन्दर्यबाट सधैँ आकर्षित हुने सुवेदीको प्रकृतिप्रेमी सरल एवम् मिजासिलो स्वभाव र शान्त मनस्थितिको निर्माणमा उनको जन्मस्थलको प्राकृतिक वातावरणको निकै प्रभाव रहेको देखिन्छ । सुवेदीले प्राकृतिक सुन्दरताले भरिपूर्ण यसै गाउँठाउँमा रमाइलोसँग आफ्नो बाल्यकाल बिताएको देखिन्छ । केशव सुवेदीलाई प्रायः आगो, पानी र चरासँग खेल्न मन पर्दथ्यो । त्यसैले उनी साथीभाइसँग मिली पँधेरामा र गाउँघरमा निर्माण गरिएका सानातिना पोखरीको पानी थुनेर नयाँनयाँ कुलेसोबाट पानी बगाउने, पोखरीमा पौडी खेल्ने र घरआगनमा चारो चर्न आएका चराहरूलाई पासोमा पार्ने जस्ता बालसुलभ क्रियाकलापमा रुचि राख्थे । सुवेदी लट्ठीको घोडा बनाई रङ्गीन धागो बाटेर आफैँले बनाएको कोर्रा लगाउँदै घोडादौड खेल्ने, सलाईको बट्टामा धागो जोडेर साथीसँग कुराकानी गर्ने जस्ता बालसुलभ खेल खेल्न मन पराउँथे ।[ज्ञज्ञ] यसरी उनले आफ्नो बाल्यकाल बाबुआमाको काखमा साथीभाइहरूका साथ रमाइलोसँग बिताएको देखिन्छ ।

## २.५ उपनयन संस्कार

नेपाली समाजमा सनातन धर्मालम्बीहरूका विभिन्न संस्कारहरूमध्ये उपनयन (ब्रतबन्ध) अर्को महत्त्वपूर्ण संस्कार हो । उपनयन भनेको वेद पढ्ने अधिकार प्राप्तिका लागि विधिपूर्वक गरिने संस्कार हो । उपनयन शब्दको अर्थ वेद पढ्नका लागि गुरुसँग जानु भन्ने हुन्छ । यस संस्कारमा बालकलाई विधिपूर्वक कौपिन धारण गराई जनै लगाइदिएर गायत्री मन्त्र सुनाउने गरिन्छ । त्यसपछि मात्र नियम र अनुशासनमा रही गुरुका सान्निध्यमा बसेर वेद पढ्ने अधिकार प्राप्त भएको मानिन्छ । त्यसैले यसलाई यज्ञोपवीत धारण वा ब्रतबन्ध पनि भन्ने गरिन्छ । यस परम्परा अनुसार केशव सुवेदीको नौ वर्षको उमेरमा आफ्नै घरमा शास्त्रीय विधिविधानपूर्वक उपनयन संस्कार सम्पन्न भएको थियो । उनको उपनयनका

ज्ञण आमा उत्तिमा सुवेदीबाट प्राप्त जनाकारी ।

ज्ञज्ञ ऐजन ।

अवसरमा बाबु आमाले गृहस्थीको धर्मअनुसार लाखबत्ती बालेको, हजुरआमाको तुलादान यज्ञ सम्पन्न गरेको मीठो सम्झना अद्यापि केशव सुवेदीका मनमा ताजै रहेको छ ।[ज्ञ६]

## २.६ शिक्षादीक्षा

### २.६.१ अक्षरारम्भ र प्रारम्भिक शिक्षा

केशव सुवेदीका पिता पढेलेखेका र रापती क्षेत्रमा नै नाम चलेका पण्डित भएकाले उनका मनमा सानै उमेरदेखिनै छोराले पढोस् भन्ने चाहना थियो, जसले गर्दा सुवेदीले पाँच वर्षको उमेरमा आफ्नै बाबुबाट अक्षरारम्भ गरी बाबुकै सान्निध्यमा संस्कृतको प्रारम्भिक शिक्षा आरम्भ गरेका थिए । तत्कालीन समयमा उनको जन्मस्थानमा आज जस्तो औपचारिक रूपमा शिक्षा लिने विद्यालय नभएकाले गाउँलेहरूले मानोमुठी उठाई घरैमा शिक्षक राखेर गाँउलेका छोराछोरीहरूलाई जम्मा गरी साथीभाइसँग बसी त्यसै पिँढी पाठशालामा अङ्ग्रेजीका ए.बी.सी चिनेका थिए । सुवेदीका पिता पण्डित भएकाले उनको आफ्ना छोराले अङ्ग्रेजीभन्दा संस्कृत पढून् भन्ने चाहनाले छोरालाई संस्कृत पढाउनका लागि ७–८ वर्षको बाल्यअवस्थामा नै प्यूठानको स्वर्गद्वारी पठाएका थिए । सानै उमेरको छोरालाई पढ्नका लागि घरभन्दा टाढा परदेश पठाए तापनि त्यसबाट उनलाई पूर्ण रूपमा सन्तुष्टि भने हुन सकेनन् त्यसै कारणले उनले छोरालाई घरमै फर्काई पहिला जस्तै पढ्ने व्यवस्था मिलाइदिए । सुवेदीले त्यसै पाठशालाबाट संस्कृतका अमरकोश, तथा लघुसिद्धान्त, कौमुदी पढेको देखिन्छ । २०१८ सालमा ९ वर्षको उमेरमा सुवेदीको परिवार सल्यानबाट दाङमा बसाइ सर्‍यो । त्यसपछि उनको परिवार हिउँदमा दाङ र गर्मीमा सल्यानको जसपुर (कोट) मा बस्ने गर्न थाल्यो । यसले गर्दा उनको घरमा स्थापना भएको पाठशाला पनि सुवेदीको परिवारसँगै दाङ र जसपुरमा सरिरह्यो । सुवेदीले उपर्युक्त विविध कठिन परिस्थितिका बीच प्रारम्भिक शिक्षा प्रारम्भ गरेको देखिन्छ ।[ज्ञघ]

### २.६.२ विद्यालय शिक्षा

आफ्नै गाउँठाउँमा आफ्नै बाबुका साथमा रहेर अनौपचारिक रूपमा प्रारम्भिक शिक्षा हासिल गरेका केशव सुवेदीले माध्यमिक तहको पढाइ आरम्भ हुनु अगाबै सामान्य रूपमा संस्कृत र अङ्ग्रेजी सिकेका थिए । सानै उमेरदेखि नै पढाइमा राम्रो गर्ने विद्यार्थीमा पर्ने भएकाले गुरुहरूबाट सधैँ प्रशंसा र सहानुभूति पाइरहने सुवेदीले त्यसलाई कायम राख्न अत्यन्तै मिहिनेत गर्नुपरेको देखिन्छ ।

केशव सुवेदीले माध्यमिक तहको औपचारिक शिक्षाका क्रममा १४ वर्षको उमेरमा दाङको तुल्सीपुर स्थित महेन्द्र हाई स्कुलमा कक्षा ९ मा भर्ना भई केही समयसम्म अध्ययन

---

ज्ञ६ शोधनायकबाट प्रप्त जानकारी ।

ज्ञघ ऐजन ।

गरेको देखिन्छ । करिब ५/६ महिनासम्म त्यहाँ पढी त्यसलाई बीचैमा छोडेर दाङकै बिजौरी स्थित जनता प्रधान पाठशालामा भर्ना भई पुनः संस्कृत पढाइमा नै केन्द्रित भएको र त्यसैलाई निरन्तरता दिई २०२६ सालमा यसै विद्यालयबाट पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेको देखिन्छ ।[ज्ञढ]

### २.६.३ महाविद्यालय शिक्षा

२०२६ सालमा जनता प्रधान पाठशालाबाट पूर्वमध्यमा उत्तीर्ण गरेका केशव सुवेदीले त्यसपछि पनि संस्कृतमै मूल विषय नव्यन्याय र ऐच्छिक विषय राजनीतिशास्त्र लिई दाङकै बिजौरी स्थित जनता महाविद्यालयबाट २०२८ सालमा उत्तरमध्यमा र २०३० सालमा शास्त्री (स्नातक) उत्तीर्ण गरेका थिए । शास्त्री उत्तीर्ण गरेपछि उक्त विद्यालयमा आचार्य तहको पढाइ नहुने भएकाले त्यसको अध्ययनका लागि भारतको बनारस गई त्यहाँ उनले नव्यन्याय विषयमा आचार्य (स्नातकोत्तर) तहको पढाइ अगाडि बढाए र वाराणसेय संस्कृत विश्वविद्यालयबाट आचार्य तहको पहिलो वर्षको परीक्षा दिएका थिए । आचार्य तहको प्रथम वर्षको परीक्षामा उत्तीर्ण भइसकेका सुवेदी त्यसपछिको पढाइलाई बीचैमा छोडेर नेपाल फर्किएका थिए । त्यसपछि आचार्य तहको पढाइलाई निरन्तरता दिने र साथै जागिर पनि खोज्ने सोचाइ लिएर उनी २०३१ सालमा काठमाडौँ आएका थिए । काठमाडौँ आएपछि भने उनले पहिला पढाइ पूरा गर्ने विचार लिई त्रिभुवन विश्वविद्यालय कीर्तिपुर बहुमुखी क्याम्पसमा भर्ना भई २०३४ सालमा नेपाली विषयमा प्रथम श्रेणीमा प्रथम भई स्नातकोत्तर तह (एम.ए.) उत्तीर्ण गरे ।[ज्ञछ]

## २.७ विवाह र सन्तान

### २.७.१ विवाह

केशव सुवेदीको विवाह १७ वर्षको उमेरमा २०२६ साल वैशाखमा भएको थियो । प्यूठान जिल्लाको घोडागाउँमा पुर्ख्यौली घर भई दाङको कोठरीमा बसाइँ सरेका पिता पण्डित गदाधर अधिकारी र माता डिलाकुमारीकी सुपुत्री पवन अधिकारी (राशिको नाम) सँग वैदिक विधि विधान अनुसार भारतको अयोध्यामा उनको विवाह सम्पन्न भएको थियो । त्यति बेला कलिलै उमेरमा विवाह गर्ने प्रचलन भएको र घरको जेठोबाठो छोरो भएकाले पनि उनको विवाह सानै उमेरमा भएको देखिन्छ ।[ज्ञट] पूर्वमध्यमा परीक्षा दिएकै वर्ष विवाह बन्धनमा जोडिन पुगे पनि उनको पढाइ लेखाइको क्रममा अवरोध भएको देखिदैन ।

### २.७.२ सन्तान

ज्ञढ. ऐजन ।

ज्ञछ ऐजन ।

ज्ञट. श्रीमती कल्पना सुवेदी बाट प्राप्त जानकारी ।

केशव र पवन (विवाहपछि कल्पना) सुवेदीका तीन सन्तान रहेका छन् । यी दुईका पहिलो सन्तानका रूपमा छोरी र दोस्रो तथा तेस्रो सन्तानका रूपमा दुई छोरा रहेका छन् । २०२९ साल वैशाख १० गते छोरी विजयाको जन्म भएको थियो । त्रि.वि.बाट रसायन शास्त्रमा एम.एस्सी उत्तीर्ण विजयाको २०५३ सालमा धौलागिरी अञ्चल पर्वतको फलेबासमा गा.वि.स स्थायी घर भएका डा. रवि रेग्मीसँग विवाह भएको छ । हाल छोरी विजया र जुवाइँ रवि पोखरामा बस्दै आएका छन् । डा. रवि रेग्मी गण्डकी क्षेत्रीय अञ्चल अस्पताल पोखरामा चिकित्सकका रूपमा कार्यरत रहेका छन् । [ञठ]

केशव सुवेदीका दोस्रो सन्तानका रूपमा छोरा दीपकको जन्म २०३२ साल भाद्र महिनामा भएको हो । उनले चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्जबाट एम.बी.बी.एस. पूरा गरी बेलायतको रोयल कलेजबाट एम.आर.सी.पी. तथा त्यसै कलेजबाट रेडियोलोजीमा पाँच वर्षको अध्ययन पूरा गरेका छन् । हाल उनी संयुक्त अधिराज्य बेलायतको स्कटल्यान्ड स्थित अस्पतालमा रेडियोलोजी कन्सल्ट्यान्टका रूपमा कार्यरत छन् । उनको प्यूठान जिल्लाको लुङमा पुर्खौली घर भइ हाल भक्तपुरको गट्ठाघरमा स्थायी रूपमा बसोबास गर्दै आएका मधुसूदन पौडेलकी कान्छी छोरी प्रतिमा पौडेलसँग २०५९ सालमा विवाह भएको हो । प्रतिमाले संयुक्त अधिराज्य बेलायतको स्कटल्यान्डबाट एम.बी.ए उत्तीर्ण गरेकी छन् । दीपक र प्रतिमाबाट २०६४ सालमा छोरी निहारिकाको जन्म भएको छ भने यसै वर्ष अर्की छोरी आभारिका जन्मिएकी छन् । हाल उनीहरू सपरिवार बेलायतको स्कटल्यान्डमा बसोबास गर्दै आएका छन् । कान्छा छोरा प्रकाश सुवेदीको जन्म २०३७ साल पौष महिनामा भएको हो । उनले इन्जिनियरिङ्ग अध्ययन संस्थान पुल्चोक क्याम्पसबाट बी.आर्क. उत्तीर्ण गरेका छन् । उनले संयुक्त राज्य अमेरिकाबाट इन्जिनियरिङ अफ म्यानेजमेन्ट विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । हाल उनी संयुक्त राज्य अमेरिका स्थित टेक्ट्याक्समा कार्यरत रहेका छन् ।[ञड]

## २.८ पारिवारिक पृष्ठभूमि

केशव सुवेदी उपाध्याय ब्राह्मण परिवारको भारद्वाज गोत्रीय सुवेदी परिवारमा जन्मेका हुन् । उनको खानदानमा संस्कृत शिक्षा हासिल गर्ने र यजमानी गर्ने परम्परा पहिलेदेखि नै चल्दै आएको भए पनि पहाडी जीवनशैली प्रायः खेतीपाती र पशुपालन व्यवसायमा आधारित हुने भएकाले उनको परिवार पनि यसै पेसासँग आबद्ध रहँदै आएको पाइन्छ । बाबु रापती क्षेत्रमा नाम चलेका र ख्यातिप्राप्त पण्डित भएकाले यजमानहरूद्वारा आयोजित धार्मिक अनुष्ठानहरूमा पुराण वाचन गर्नुका साथै धर्मशास्त्र सम्बन्धी जिज्ञासा

ञठ शोधनायकबाट प्राप्त जानकारी ।

ञड ऐजन ।

राख्नेहरूका समस्या समाधान गरिदिनु आदि कार्यहरू गर्ने भएकाले यसबाट धेरैथोरै आम्दानी हुन्थ्यो तर पण्डित परिवारको जीविकोपार्जनको खास माध्यम कृषि पेसा थियो ।[ज्ञढ]

जसपुरमा खेतीपाती गरेर खान पुग्ने जमिन भएकाले उनका सन्तानले खासै आर्थिक अभावको सामना गर्नु परेन । मोहनलालले तीन विवाह गरेका र तीन गुँडबाट सन्तान धेरै भएकाले उनको परिवार सङ्ख्या बढ्दै गएपछि उनले तराई झर्ने निर्णय गरी २०१८ सालमा जसपुरबाट दाङमा बसाइँ सरेका थिए । २०१८ सालमा सल्यानबाट दाङमा सरेको सुवेदी परिवार दाङको विभिन्न ठाउँमा बसाइँसराइ गर्दै पछि २०३१ सालबाट स्थायी रूपमा दाङ जिल्लाको श्रीगाउँ गा.वि.स.को थपगाउँमा बसोबास गर्न थालेको देखिन्छ ।

केशव सुवेदीका बाबु पढेलखेका र जानेबुझेका व्यक्ति भएकाले उनमा आफ्ना छोराछोरीलाई पढाउनु पर्दछ भन्ने भावना प्रवल थियो । त्यसै कारणले सुवेदीका बाबुले छोराछोरीहरूलाई सानै उमेरदेखि नै पठनपाठनमा लगाएको देखिन्छ । केशव सुवेदी र उनीपछिका सबै भाइबहिनी पढेलेखेका र सबै आआफ्नो पेसामा आबद्ध रहेकाले उनको परिवार शिक्षित र आर्थिक दृष्टिले निम्न मध्यम वर्गको देखिन्छ ।[द्दण]

## २.८.१ पिताका दाजुभाइ र दिदीबहिनी

केशव सुवेदीका हजुरबुबा लीलाधरका ६ भाइ छोराहरूमध्ये जेठा गुरुप्रसाद, माइला मोहनलाल, साइँला थानपति, काइँला कुलराज, राइँला कृष्णप्रसाद र कान्छा स्थानेश्वर सुवेदी थिए भने एउटी छोरी पवित्रा थिइन् । लीलाधरले छोरीको सानै उमेरमा विवाह गरिदिएको र छोराहरूलाई चाहिँ पढाइलेखाइमा प्रेरित गरेको देखिन्छ । गाउँमा पाठशाला नभएका अवस्थामा पनि लीलाधरले आफ्ना छोराहरूलाई घरबाट बाहिर पढ्न पठाएका थिए । गुरुप्रसाद सामान्य लेखपढ जानेका निश्छल एवम् विनोदी स्वभावका थिए । उनले गाउँमा यजमानी गरेर तथा पैतृक सम्पत्तिमा आधारित भई जीवन चलाए । माइँला मोहनलालको पढाइलेखाइ राम्रो भएकाले उनले पण्डितका रूपमा प्रसिद्धि पाई सुवेदी वंशकै मानप्रतिष्ठा बढाएको देखिन्छ भने काइँला भाइ कुलराजको पढाइलेखाइ सामान्य भए पनि उनको कविता सृजनामा निकै रुचि रहेको र आकर्षक नागछापाहरू कुद्ने कलाले उनी पनि रापती क्षेत्रमै कुशल कालीगढका रूपमा परिचित भएको देखिन्छ । मोहनलालका अरू भाइ थानपति, कृष्णप्रसाद र स्थानेश्वरको भने अल्पायुमा नै निधन भएको थियो ।[द्दज्ञ]

## २.८.२ केशव सुवेदीका दाजुभाइ र दिदीबहिनी

केशव सुवेदीका तीन आमाबाट ६ भाइ छोरा र ७ जना छोरीहरू गरी जम्मा तेह्रजना सन्तान जन्मेका थिए । उनकी जेठी आमाबाट एकजना दिदीमात्र छन् । केशव सुवेदीकी आमा माइली श्रीमती हुन् । उनबाट ४ भाइ छोरा र ३ बहिनी छोरीहरू जन्मिएका

---

ज्ञढ. आमा उत्तिमा सुवेदीबाट प्राप्त जानकारी ।

द्दण. शोधनायकबाट प्राप्त जानकारी ।

द्दज्ञ. आमा उत्तिमा सुवेदीबाट प्राप्त जानकारी ।

भए पनि उनी भन्दा माथिका दाजुको नाबालक अवस्थामा नै मृत्यु भएकोले हाल उनकी आमाका ३ भाइ छोराहरूमात्र रहेका छन् र उनकी कान्छी आमाबाट २ भाइ छोरा र ३ बहिनी छोरीहरू जन्मेका छन् ।[द्द]

केशव सुवेदी भाइहरूमध्ये सबै भन्दा जेठा हुन् । हाल उनका अरू भाइहरू सबै छुट्टिई भिन्न भई आआफ्ना पेसामा संलग्न भएर घरव्यवहार चलाउँदै आएको देखिन्छ । उनका भाइहरूमध्ये माइला भाइ मेघराजले स्नातक उत्तीर्ण गरेका छन् । उनले घरेलुमा उच्च अधिकृतका रूपमा काम गर्दै आएका छन् । हाल उनी काठमाडौँमा बसोबास गर्दै आएका छन् । साइँला भाइ घनश्यामले १२ कक्षासम्मको पढाइ पूरा गरेका छन् । उनी गाउकै विद्यालयमा शिक्षक छन् । काइँला भाइ जीवराजको किशोरावस्थामा नै मृत्यु भएको थियो । कान्छा भाइ वसन्तले स्नातक उत्तीर्ण गरेका छन् । उनले स्थानीय विद्यालयमा अध्यापन गर्दै आएका छन् । हाल उनी आफ्नै पुर्ख्यौली थलो दाङमा बसोबास गर्दै आएका छन् ।[द्घ]

केशव सुवेदीका दिदीबहिनीहरू सबैको बिहेवारी भइसकेको छ र सबैको राम्रो बन्दोबस्त रहेको छ । उनका दिदीबहिनीमध्ये ठाइँली बहिनी लक्ष्मी फिजियोथेरापीमा मास्टर्स डिग्री पढ्दै छन् । हाल उनी पाटन अस्पताल ललितपुरमा कार्यरत छन् । कान्छी बहिनी बी.एस्सी.र एम.एड. उत्तीर्ण गरी दाङमै माध्यमिक तथा उच्चमाध्यमिक विद्यालयमा अध्यापन कार्यमा संलग्न छन् ।[द्ढ]

### २.८.३ बुबाआमाको अवस्था

केशव सुवेदीका पिता मोहनलालको २०३९ सालको माघ महिनामा देहावसान भएको थियो । सुवेदीकी आमा उत्तिमा भने छोराबुहारीका साथमा जीवनयापन गर्दै आएकी छन् । सुवेदीकी ८३ वर्षीया आमा प्राय : गर्मी याममा जेठा छोरा केशव सुवेदीसँग काठमाडौँमा र जाडो याममा कान्छो छोरा वसन्तसँग दाङमा बसोबास गर्दै आएकी छन् । केशव सुवेदी आफ्ना बाबु आमालाई जीवनको प्रेरणास्रोतका रूपमा आस्था राख्छन् र असमयमै बुबाको देहावसानको घटनाबाट दुःख र पीडाको अनुभूति गर्दछन् । [द्छ]

## २.९ आर्थिक अवस्था

---

द्द· ऐजन ।

द्घ ऐजन ।

24 >LdtL sNkgf ;'j]bLaf^ k|fKt hfgsf/L .

25= zf]wgfosaf^ k|fKt hfgsf/L .

केशव सुवेदीको पुर्ख्यौली थलो सल्यानको जसपुरबाट उनको परिवार २०१८ सालमा बसाइँ सरेर दाङमा आएकाले उनको स्थायी घर दाङको श्रीगाउँमा रहेको देखिन्छ । हाल सुवेदी काठमाडौँको कीर्तिपुर स्थित त्रि.वि. प्राध्यापक आवास गृहमा बसेका छन् । निम्न-मध्यम वर्गीय किसान परिवारमा जन्मिएका सुवेदीका बाबुको पण्डित व्यक्तित्व आर्थिक स्रोतको सामान्य आधार भएकाले उनको परिवारले खासै आर्थिक सङ्कट भोग्नु परेन । तर हालसम्मको स्थितिमा आइपुग्न भने उनले निकै नै मिहिनेत गर्नु परेका देखिन्छ । २०३४ सालबाट त्रि.वि.मा जागिर खान सुरु गरेका सुवेदीले जागिरबाट खासै भौतिक सम्पत्ति जोड्न नसके तापनि जागिर र पैतृकसम्पत्तिबाट खान लगाउन पुगेको देखिन्छ । हालसम्म काठमाडौँमा आफ्नै घर नभए पनि उनले घर बनाउन घडेरीसम्म जोडेका छन् । आफ्ना छोराछोरी सबै आआफ्नो पेसामा लागेकाले सुवेदी खुसी व्यक्त गर्दछन् । उनको हालको आम्दानीबाट परिवार चलाउन पुगेकै देखिन्छ ।[२८]

## २.१० साहित्यिक गतिविधि

### २.१०.१ प्रेरणा र प्रभाव

केशव सुवेदीले आफ्नो पारिवारिक पृष्ठभूमि साहित्यिक नभएको र पढाइलेखाइका हिसाबले स्नातक तहसम्म पूर्वीय दर्शन र राजनीतिशास्त्र विषयको अध्ययन गरेका हुनाले पाठ्यक्रममा निर्धारित साहित्यिक कृतिहरूभन्दा खासै अन्य कृति पढेका थिएनन् । स्नातकोत्तर तहमा नेपाली विषय पढ्न थालेपछि मात्र साहित्यसँग उनको औपचारिक चिनाजानी सुरु भएको र साहित्य लेखनतर्फ रुचि पैदा हुदै आएको देखिन्छ । सुवेदीलाई साहित्य लेखनमा उत्प्रेरित गर्नमा उनका श्रद्धेय गुरुहरू प्रा. डा.वासुदेव त्रिपाठी, प्रा. डा. वल्लभमणि दाहाल, प्रा.डा. चूडामणि बन्धु, प्रा. ठाकुरप्रसाद पराजुली तथा प्रा.डा. दयाराम श्रेष्ठ आदिले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । साथै गुरुहरूबाट प्राप्त प्रोत्साहन, सामीप्य र शुभआशीर्वाद नै सुवेदीको साहित्य लेखनको प्रेरणाको मूल स्रोत बनेको देखिन्छ ।[२९]

### २.१०.२ लेखनको आरम्भ

प्रारम्भिक शिक्षा आफ्नै जन्मथलो सल्यानको जसपुरमा हासिल गरेका सुवेदीको परिवार पछि दाङमा बसाइँ सरेपछि उनले माध्यमिक तहदेखि शास्त्रीसम्मको अध्ययन दाङका विभिन्न विद्यालयमा गरेका थिए । त्यस समयमा महाविद्यालयमा बेलाबेलामा आयोजना हुने विभिन्न साहित्यिक कार्यक्रमहरूमा कविता लेखी सुनाएर साहित्यिक क्षेत्रमा पाइलो हालेका सुवेदी २०२८ सालमा महाविद्यालय स्तरीय कविता प्रतियोगितामा पुरस्कृत पनि भएको देखिन्छ । तर त्यस समयमा दाङमा रचनाहरू छाप्ने र छपाउने समुचित साधन र वातावरण

---

26= P]hg .

28= zf]#gfosaf& k|fKt hfgfsf/L .

नभएको र भएकामा पनि प्रकाशनसम्म आफ्नो पहुँच नभएकाले उनका रचनाहरूले प्रकाशनको अवसर पाएको देखिँदैन ।[द्दड]

केशव सुवेदी यसै पृष्ठभूमिमा नेपाली साहित्यमा स्नातकोत्तर उत्तीर्ण भएपछि सर्वप्रथम स्वर्गद्वारी महाप्रभुको जीवन चरित्रसँग सम्बन्धित लेख २०३६ सालमा नेपाल बालमन्दिरबाट छापिने **बालक** पत्रिकामा प्रकाशित भएपछि मात्र साहित्यिक क्षेत्रमा सार्वजनिक रूपमा देखा परेको पाइन्छ । साहित्य लेखनको आरम्भ कविता विधाबाट गरेका भए तापनि उनको कवित्व आभ्यासिक स्तरबाट अगाडि बढ्न सकेन । यसपछि उनको लेखन सृजनात्मक क्षेत्रमा सक्रिय नभए पनि उनले खास पहिचान र प्रतिष्ठा प्राप्त गरेको लेखन क्षेत्र समालोचना हो ।

## २.११. स्वभाव

केशव सुवेदी सानैदेखि नै सरल, मिजासिला र आफ्ना मान्यजनहरूका आज्ञा पालन गर्ने मायालु स्वभावका छन् । उनी कसैसँग पनि नमीठो वचन गर्दैनन् । सबैसँग ठट्टा रमाइलो गर्ने र परिस्थिति हेरी गम्भीर प्रकृतिको बहस छलफलमा रुचि लिने उनको स्वभाव छ ।[द्दढ] सानै उमेरदेखि लगनशील र जिज्ञासु स्वभाव भएका सुवेदीमा उमेर बढ्दै जाँदा भावुकता, कल्पनाशीलता, संवेदनशीलता जस्ता प्रवृत्ति बढ्दै आएकाले उनको स्वभाव पनि सोही प्रकारको रहेको देखिन्छ । सकेसम्म झैझगडा र वैमनस्य मन नपराउने सुवेदी खराब व्यक्तिसँगको सङ्गतबाट सधैँ टाढा रहेको देखिन्छ । कर्मप्रति समर्पण, सकारात्मक र आशावादी सोच भएका केशव सुवेदीको व्यङ्ग्यात्मक र विनोदी स्वभाव रहेको छ ।[घण]

केशव सुवेदीको स्वभाव प्रायः अरूलाई परेको दुःख, कष्ट र सङ्कटमा सहयोग गर्ने अलि संवेदनशील खालको देखिन्छ । अरूको कुभलो गर्ने र खराब काम गर्ने मानिस र समाजप्रति उनी घृणा गर्दछन् । सधैँ अरूको भलो चाहने सुवेदीमा आफूबाट पनि अरूको बिगार नहोस् र अरूले पनि त्यस्तो नगरून् भन्ने स्वभाव रहेको देखिन्छ ।[घज्ञ]

## २.१२ रुचि

केशव सुवेदी खानामा साधारण नेपाली खाना दाल, भात, तरकारी र अचार मन पराउँछन् । उनलाई बाहिरको खानाभन्दा आफ्नै घरको भान्सा मन पर्दछ । गाढा निलो रङ्ग मन पराउने सुवेदीलाई शरीर सुहाउँदो भलादमी फेसन मन पर्दछ भने चलनचल्तीको नयाँ भड्किलो फेसनप्रति उनी त्यति आकृष्ट हुँदैनन् । उनलाई फलफूलमा आँप बढी मन

द्दड. ऐजन ।

द्दढ. आमा उत्तिमा सुवेदीबाद्द प्राप्त जानकारी ।

घण उ.प्रा. नेत्र एद्दमसँग मिति द्दण्टड/ घ/द्दठ गते नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा लिइएको लिखित अर्न्तवार्ता अनुसार ।

घज्ञ. शोधनायकबाद्द प्राप्त जानकारी ।

पर्दछ ।[घद्द] लेखन कार्यमा रुचि भएका केशव सुवेदी स्वअध्ययनमा पनि निकै रुचि राख्दछन् । पारस्परिक कलह, भ्रष्टाचार दुराचार र हेपाहा प्रवृत्तिजस्ता कुराहरू नरुचाउने सुवेदीले समाजलाई सुसंस्कृत बनाउने काम साहित्यको भएकाले उनी देशको वातावरण र परिस्थिति सुहाउँदो साहित्यको रचना हुनुपर्ने ठान्दछन् । साहित्यमा सिर्जनात्मक कृति पढ्न र समालोचना लेखनमा रुचि भएका सुवेदीलाई गफगाफमा राजनीति मन पर्दछ सञ्चारका माध्यमबाट प्रसारित हुने कार्यक्रममा राजनीतिको छलफल (बहस) मा उनको बढी रुचि रहेको पाइन्छ । उनलाई नेपाली लोकगीत सुन्न मन पर्दछ । खेलप्रति त्यति रुचि नभए तापनि केटाकेटीमा डण्डीबियो र क्यारम्बोर्ड खेल्न मन पराउने सुवेदी फुर्सतको समयमा साथीभाइसँग बसेर तास खेल्न पनि मन पराउँछन् ।[घघ]

## २.१३ कार्यक्षेत्र

### २.१३.१ शिक्षण सेवा

केशव सुवेदीको जीवनको क्रियाशील समय नेपाली विषयको अध्यापनमा व्यतीत भएको देखिन्छ । उनले २०३४ सालदेखि शिक्षण पेसा सुरु गरेर हालसम्म पुगनपुग साढेतीन दशक लामो समय यसै पेसामा व्यतीत गरेका छन् । उनले २०३४ साल कात्तिक १० गतेदेखि त्रि.वि. राष्ट्रिय विकास सेवा निर्देशनालयमा सहायक प्राध्यापक सरहको सुपरिवेक्षक पदमा अस्थायी नियुक्ति लिई त्रि.वि. सेवा सुरु गरेका थिए । २०३५ साल साउन १ गतेदेखि उनले कीर्तिपुर बहुमुखी क्याम्पस अन्तर्गत नेपाली शिक्षण समितिमा अध्यापन कार्य थालेको पाइन्छ । २०३६ साल फागुनदेखि उनले त्यसै शिक्षण समितिमा काजमा सरुवा भई शिक्षण कार्य थालेको पाइन्छ । २०३९ साल माघ ४ गतेदेखि उपप्राध्यापक पदमा स्थायी नियुक्ति पाई सोही विभागमा पदस्थापना भई सेवा गर्न थालेका सुवेदी हालसम्म पनि त्यसै पेसामा खट्दै आएका छन् । उनले २०५० सालमा उपप्राध्यापकबाट सहप्राध्यापक पदमा पदोन्नति पाएका थिए भने २०६५ सालमा प्राध्यापक पदमा पदोन्नति पाएको देखिन्छ ।[घढ] यसरी सुवेदीले लामो समयसम्म त्रि.वि. नेपाली केन्द्रीय विभागमा रहेर अध्यापन गर्दै आएको पाइन्छ ।

केशव सुवेदीले त्रि.वि.का अतिरिक्त अन्य विभिन्न शिक्षण संस्थाहरूमा पनि आंशिक शिक्षकका रूपमा केही समय काम गरेको देखिन्छ । यसक्रममा उनले महेन्द्र विद्याश्रम सातदोबाटो ललितपुरमा केही समय अध्यापनका साथै त्यस विद्यालयको मुखपत्र **महेन्द्रबाटिका** को अङ्क २ देखि अङ्क ९ सम्मको सम्पादन कार्य गरेका थिए । २०४८ देखि २०५० सालसम्म सहिद स्मारक कलेज कीर्तिपुरमा अध्यापन गरेका सुवेदी उक्त कलेजका संस्थापक सदस्य समेत हुन् । २०५५ सालदेखि २०५७ सालसम्म उनले सेन्टमेरिज स्कुल

---

घद्द श्रीमती कल्पना सुवेदीबाट प्राप्त जानकारी ।

घघ शोधनायकबाट प्राप्त जानकारी ।

घढ . ऐजन ।

ललितपुरमा पनि अध्यापन कार्य गरेको थिए । सुवेदीले २०५८ सालदेखि २०६० सालसम्म ज्ञानकुञ्ज आवासीय मा.वि. रविभवन काठमाडौमा पनि पढाएका थिए ।[घछ]

यसरी उपर्युक्त विभिन्न शिक्षण संस्थाहरूमा आंशिक शिक्षकका रूपमा शिक्षण पेसा अँगालेका सुवेदीको मुख्य कार्यथलो भने नेपाली केन्द्रीय विभाग नै हो र हालसम्म उनी नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुरमा कार्यरत छन् ।

### २.१३.२ संस्थागत संलग्नता

नेपाली भाषा साहित्यको पठनपाठनका अतिरिक्त केशव सुवेदीले विभिन्न साहित्यिक तथा शैक्षिक संस्थाहरूमा आबद्ध भएर नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याएको देखिन्छ । यसै क्रममा उनी संलग्न साहित्यिक संस्थाहरूमध्ये मध्यपश्चिमाञ्चल साहित्य परिषद्का संस्थापक अध्यक्ष रहेर काम गरेका थिए । हाल उनी उक्त संस्थाका आजीवन सदस्यका साथै सल्लाहकारका रूपमा रहेर काम गर्दै आएका छन् । २०४० सालदेखि २०५० सम्मको पुगनपुग एक दशकको समयमा सुवेदी साहित्यिक पत्रकार सङ्घमा आबद्ध भई उक्त सङ्घमा सदस्य, सचिव तथा महासचिव जस्ता विभिन्न पदमा रहेर सक्रियतापूर्वक काम गरेको देखिन्छ भने नेपाली लोकवार्ता समाजमा पनि आबद्ध रहेका छन् । त्यस्तै शैक्षिक संस्था अन्तर्गत उनी त्रि.वि लगायत महेन्द्र आदर्श विद्याश्रम, सातदोबाटो , सेन्ट मेरिज स्कुल, ललितपुरका साथै ज्ञानकुञ्ज आवासीय माध्यमिक विद्यालय रविभवनमा आंशिक शिक्षकका रूपमा संलग्न रहेको देखिन्छ भने नेपाली विषयका विशेषज्ञका रूपमा केशव सुवेदी उच्च माध्यमिक शिक्षा परिषद, नेपाली विषय समितिको सदस्य, अनिवार्य नेपाली विषय समिति सदस्य, पाठ्यक्रम विकास केन्द्र त्रि.वि., मूल नेपाली विषय समिति सदस्य, त्रि.वि कीर्तिपुर, नेपाली शिक्षा तथा भाषा शिक्षा विषय समिति, सदस्यको पदमा रहेर कार्य गर्दै आएका छन् भने पेसागत रूपमा उनले नेपाल प्राध्यापक संघको केन्द्रीय सदस्यका रूपमा निर्वाचित भई काम गरेको देखिन्छ ।[घट]

## २.१४ सम्मान तथा पुरस्कार

केशव सुवेदीलाई उनी क्रियाशील रहेका विभिन्न सङ्घसंस्थाहरूको विकासमा पुऱ्याएको योगदानको कदर स्वरूप विभिन्न सङ्घसस्थाहरूले विभिन्न पुरस्कार तथा सम्मानपत्र प्रदान गरेको देखिन्छ । उनको योगदानको कदर स्वरूप प्रदान गरिएका सम्मान तथा पुरस्कारहरू निम्न अनुसार छन्:

) रापती साहित्यिक पुरस्कार (२०५३)

घछ . ऐजन ।

घट शोधनायकबाट प्राप्त जानकारी ।

- शिक्षा पुरस्कार, श्री ५ को सरकार, शिक्षा मन्त्रालय (२०५९)
- त्रिमूर्ति सम्मान, त्रिमूर्ति निकेतन, काठमाडौँ (२०६१)
- कदर पत्र, एकता बुक्स प्रा.लि., काठमाडौँ (२०६४)
- दोभान साहित्यिक प्रतिभा सम्मान, दोभान त्रैमासिक पत्रिका, काठमाडौँ (२०६६)

## २.१५ भ्रमण

नियमित अध्यापन, शोधकार्यको निर्देशन जस्ता पठनपाठनसँग सम्बद्ध क्रियाकलापमा अति व्यस्त रहने केशव सुवेदीले विभिन्न कामका सिलसिलामा विभिन्न स्थानको भ्रमण गरेका छन् । यसक्रममा उनले नेपालका विभिन्न ठाउँ, भारतका उत्तर तथा पूर्वी क्षेत्रका विभिन्न ठाउँका साथै संयुक्त अधिराज्य बेलायतको भ्रमण गरेको पाइन्छ ।[घठ]

## २.१६ जीवनदर्शन

मानिस भएर जन्म लिएपछि ऊ आफ्नो कर्तव्यबाट च्यूत हुनु हुँदैन । जस्तोसुकै कठिन परिस्थिति आए तापनि आफ्नो कर्तव्य पूरा गर्नु पर्दछ विचलित हुनु हुँदैन र भाग्यमा होइन कर्ममा विश्वास गर्नु पर्दछ । यी र यस्तै जीवनदर्शन बोकेका केशव सुवेदीले आफ्नो कारणले अरूले दुःख नपाऊन् र आफूलाई पनि अनाहकमा कसैले हस्तक्षेप नगरून् भन्ने धारणा राख्दछन् । परम्पराप्रति बढी आस्था राख्ने सुवेदी सिद्धान्तलाई भन्दा व्यवहारलाई प्राथमिकता दिन्छन् । ईर्ष्या र विद्वेषले भन्दा क्षमाले मानिसलाई सुसंस्कृत र असल बनाउँछ र क्षमाबाटै माथि उठ्न सकिन्छ भन्ने उनको जीवनदर्शन रहिआएको पाइन्छ ।

मान्छे विशुद्ध भौतिकवादी हुन गाह्रो पर्छ भन्ने धारणा राख्ने सुवेदीको अन्तरचेतनामा आध्यात्मिक संस्कारकै प्रवलता रहेको पाइन्छ । उनी आफ्नो सानो सहयोगले अरूको भलो होस् भन्ने चाहना राख्छन् । पूजाआजा गरेर तथा मन्दिर धाएर मात्र पुण्य कमाइने होइन कि आफ्ना कारणबाट कसैलाई दुःख,चोट नपुग्दा पनि पुण्य आर्जन हुन्छ भन्ने उनको दर्शन छ । उनमा यथार्थवादी भन्दा आदर्शवादी चेतना बढी प्रभावशाली रहेको देखिन्छ ।[घड]

## २.१७ अविस्मरणीय क्षण

केशव सुवेदीका किशोरावस्थादेखि हालसम्मको जीवनयात्रामा घटेका केही घटना र सम्झन लायक केही क्षणहरूमध्ये उनी आफ्ना बाल्य र किशोरवयमा आमाहरूका बीचमा छोराछोरीका विषयलाई लिएर भएका अन्तर्द्वन्द्व र कलहलाई त्यति सजिलै बिर्सन सक्दैनन् । सुवेदी स्कुल जीवनका अन्त्यतिर आइपुग्दा विवाह भएको र पढाइका क्रममा घरमा श्रीमतीलाई छाडेर परदेशतिर लाग्दाका अनुभूति असाध्यै नमीठो लाग्ने बताउँछन् । यसैगरी

घठ ऐजन ।

घड शोधनायकबाट प्राप्त जानकारी ।

विश्वविद्यालयमा सेवा प्रवेश गरेको पहिलो दिनमा भएको खुसीको अनुभूति र २०३७ साल असारमा बल्खुमा मोटरसाइकल दुर्घटनामा परी पुगनपुग एक वर्ष थला परेको घटना पनि उनले अझैसम्म भुल्न सकेका छैनन् ।

२०३९ साल माघ महिनामा बुबा स्वर्गीय भएको खबरबाट अत्यन्तै दुखित एवम् जिम्वेवारी थपिएको तर असहाय भएको दुखद अनुभूति पनि उनीसँग रहेको देखिन्छ भने छोराछोरीहरूले पढाइमा लेखाइमा प्राप्त गरेका सफलताका प्रत्येक क्षणमा अत्यन्तै खुसी भएको सुखद अनुभूति पनि उनका अन्तरमनमा सञ्चित छ । यसैगरी उनी कक्षामा राम्रोसँग पढाएका दिनहरूमा, कुनै लेख रचना लेखिसकेका क्षणमा, अप्ठ्यारोमा परेकाहरूलाई उपयुक्त सल्लाह र मार्गदर्शन दिन सकेका क्षणमा असाध्यै सुखको अनुभूति हुने बताउँछन् । यसरी आफ्ना जीवन भोगाइका केही सुखद र केही दुःखद अनेकौं सम्झनलायक क्षणहरू उनका स्मृतिमा ताजा बनेर रहेका देखिन्छन् ।[घढ]

## २.१८ निष्कर्ष

सल्यान जिल्लाको जसपुर (हालः रोल्पा) मा २००९ सालमा जन्मिएका केशव सुवेदी एउटा निम्नमध्यम वर्गीय परिवारका पढेलेखेका, धर्मपरायण, सिधासाधा, समाजका प्रतिष्ठित व्यक्तित्व स्वर्गीय पण्डित मोहनलाल सुवेदीका छोरा हुन् । अनौपचारिक र औपचारिक गरी विभिन्न तबरबाट उच्च तहको अध्ययन पूरा गरेका केशव सुवेदी सानै उमेरमा वैवाहिक बन्धनमा बाँधिन पुगेका थिए । जीवनमा खासै आर्थिक समस्या झेल्नु नपरेका सुवेदी उच्च अध्ययनको यात्रा सकिएदेखि नै अध्यापन पेसामा संलग्न छन् । कविताको प्रारम्भिक अभ्यासबाट साहित्य लेखनको आरम्भ गरेका भए पनि पेसासँगै पछि साहित्यको समालोचना विधामा बढी अग्रसर रहेका छन् । हाल नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरमा प्राध्यापक पदमा कार्यरत सुवेदी विभिन्न साहित्यिक सङ्घसंस्थामा संलग्न रहँदै आएका छन् । उनले विभिन्न समालोचनात्मक कृति प्रकाशित गराउनुका साथै थुप्रै ग्रन्थ र पत्रपत्रिकाको सम्पादन पनि गरेका छन् । नेपाल बाहेक भारत र बेलायतको भ्रमण गरिसकेका सुवेदीले आफ्ना शैक्षिक जीवनका विभिन्न समयमा विभिन्न पुरस्कारका साथै सम्मान ग्रहण गरेको देखिन्छ ।

---

घढ ऐजन ।

# तेस्रो परिच्छेद

# केशव सुवेदीको व्यक्तित्व

## ३.१ केशव सुवेदीको व्यक्तित्वका पाटाहरू

कुनै पनि व्यक्तिको जीवनसँग सम्बन्धित विभिन्न पक्षले उसका व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वभावलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित परिस्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न सक्नु पर्दछ । यस अर्थमा व्यक्तित्वको तात्पर्य परिवर्तनशीलता भन्ने नभई प्रतिकूल अवस्थामा अनुकूल भएर चल्न सक्ने त्यस्तो शक्तिसत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन सक्षम बनाउँछ । परिस्थति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिमा अन्तर्निहित प्रतिभा नै व्यक्तित्व हो ।[द्वण]

व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण, सामाजिक परिवेशका साथै साथीभाइहरूको साथसङ्गत आदिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । व्यक्तिमा रहेको सिर्जनशील प्रतिभा , चिन्तन मनन, अध्ययन र आफैँले केही गर्छु र आफैँमा केही बन्छु भन्ने आकांक्षाहरूले पनि व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण प्रभाव पारेका हुन्छन् । केशव सुवेदीको व्यक्तित्व निर्माणमा पनि उनले पाएको पारिवारिक वातावरण, बाल्यकालीन सामाजिक परिवेश, शैक्षिक वातावरण आदिले महत्वपूर्ण र गहिरो प्रभाव पारेको देखिन्छ । सुवेदीको काठमाडौँ आगमनपछि गुरुहरू र साथीभाइको सङ्गतले पनि उनको व्यक्तित्व निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।[द्वज्ञ] प्रत्येक व्यक्तिमा आआफ्नै किसिमका प्रतिभा र क्षमता रहेका हुन्छन् सबैले त्यस्ता प्रतिभा र क्षमतालाई प्रकट गर्न सकिराखेका हुँदैनन् । समाजमा उपयुक्त वातावरण पाएमा मानिसले आफूमा अन्तर्निहित प्रतिभा र क्षमताको उपयोग गर्छ र आफ्नो व्यक्तित्व निर्माण गर्दछ । सामान्यतया कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्व त्यस व्यक्तिका क्रियाशील जीवनका आधारमा निर्मित भएको हुन्छ । केशव सुवेदी नेपाली भाषा साहित्यका प्राध्यापक हुन् । प्राध्यापन पेसासँगको संलग्नताका कारणबाट नै उनको व्यक्तित्वका विविध आयामहरू निर्माण भएका छन् । नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन र त्यसका पृष्ठभूमिमा आजीविकाका निम्ति उनले रोजेको प्राध्यापन कर्म कारक तत्त्व हुन । उनी आफ्ना कर्ममा निरन्तर क्रियाशील र आफूले पूरा गर्नुपर्ने उत्तरदायित्वप्रति सचेत रहने व्यक्ति हुन् । यसैबाट उनले आफ्नो अरूभन्दा पृथक् व्यक्तित्वको निर्माण गरेका

---

ज्ञ. दशरथ ओभ्का, समीक्षा शास्त्र, (दिल्ली : राजपाल एा०८ सन् , ई. ज्ञढठछ) , पृ. घज्ञ ।

[द्वज्ञ]. शोधनायकबाद प्राप्त जानकारी ।

छन् । प्राज्ञिक क्षेत्रमा अधिकांश समय बिताएका सुवेदीको चर्चा गर्न लायक व्यक्तित्वका थुप्रै पाटाहरू रहेका छन् जसका बारेमा क्रमशः तलका उपशीर्षकहरूमा विवेचना गरिएको छ ।

### ३.१.१ शारीरिक व्यक्तित्व

सामान्य रूपमा हेर्दा मझौला कद र गहुँगोरो वर्ण भएका केशव सुवेदीको मुहार सधैँ प्रसन्न र हँसिलो देखिन्छ । मृदुभाषी, सबैसँग एकै प्रकारको व्यवहार गर्ने सुवेदी अत्यन्तै मिलनसार छन् । उनी सरल र गम्भीर स्वभावका देखिन्छन् । सामान्य रूपमा साधारण बिमारबाट कहिलेकाहीँ प्रभावित भए पनि हालसम्म उनलाई खासै ठूलो रोगव्याधि नलागेको र कुनै ठूलो कठिन एवम् भयावह घटनाको सामना गर्न नपरेकाले उनको शारीरिक र मानसिक अवस्था राम्रो रहेको देखिन्छ ।[ढ्द] त्यसैले पनि उनको अध्ययन, अध्यापन, लेखन तथा अन्य प्राज्ञिक कार्यमा कुनै बाधाव्यवधान आएको देखिँदैन ।

### ३.१.२ प्राध्यापक व्यक्तित्व

केशव सुवेदीको व्यक्तित्वको सबैभन्दा महत्त्वपूर्ण पाटो प्राध्यापक व्यक्तित्व हो । २०३४ साल कार्तिक १० गतेदेखि सहायक प्राध्यापक सरहको पदमा त्रि. वि. सेवामा प्रवेश गरेका सुवेदीले २०३९ साल माघ ४ गते उपप्राध्यापक पदमा स्थायी भई प्राध्यापन पेसालाई निरन्तरता दिएका हुन् । संस्कृतमा शास्त्रीसम्मको अध्ययन र त्यसपछि नेपाली विषयमा स्नातकोत्तर तह पूरा गरी त्रि.वि. प्राध्यापन सेवामा लागेका सुवेदीको प्राध्यापक व्यक्तित्व उत्कृष्ट रहेको पाइन्छ । २०३४ सालदेखि हालसम्म निरन्तर प्राध्यापन पेसामा रहेका सुवेदी हाल प्राध्यापन पदमा कार्यरत छन् र हामीजस्ता थुप्रै विद्यार्थीको प्रेरणाका स्रोतका रूपमा स्थापित छन् । आफ्नो प्राध्यापन पेसामा सन्तुष्ट देखिने सुवेदी विद्यार्थीलाई आफूले भ्याएसम्म र बुझेसम्मका ज्ञानबर्द्धक विषयवस्तु सिकाउँछन् । कक्षाकोठामा होस् वा बाहिर विद्यार्थीहरूले सोधेका प्रश्नहरूलाई झन्झट नमानी बताइदिनुका साथै विद्यार्थीहरूलाई उपयुक्त मार्गदर्शन गराउँछन् । यसले गर्दा पनि उनको प्रध्यापक व्यक्तित्व उनका व्यक्तित्वका अरू पाटाभन्दा अझ महत्त्वपूर्ण रहेको छ ।

### ३.१.३ साहित्यकार/समालोचक व्यक्तित्व

केशव सुवेदीको व्यक्तित्वको एउटा प्रमुख पाटो साहित्यकार /समालोचक व्यक्तित्व हो । 'स्वगद्वारी महाप्रभुको जीवन चरित्र' शीर्षकको लेख **बालक** पत्रिकामा २०३६ सालमा प्रकाशन गरेर नेपाली साहित्य जगत्मा औपचारिक रूपमा देखा परेका सुवेदीले त्यसपछिको समयमा आफ्नो लेखनकर्मलाई गति दिँदै आएका छन् र विभिन्न पत्रपत्रिकामा उनका समालोचनात्मक लेखहरू प्रकाशित हुँदै आएका छन् । उनको प्रथम प्रकाशित पुस्तकाकार कृति **नेपाली कविता भाग १** हो । २०४६ सालमा पहिलो पल्ट प्रकाशित उक्त कृति उनको सहलेखनका रूपमा आएको छ र त्यसबाट उनको समालोचकीय व्यक्तित्वको परिचय पाउन सकिन्छ । त्यसपछिका समयमा सहलेखनका रूपमा र एकल लेखनका रूपमा गरी उनका

[ढ्द]. श्रीमती कल्पना सुवेदीबाट प्राप्त जानकारी ।

आधा दर्जन पुस्तकाकार कृति प्रकाशित छन् भने यस बीचमा उनका थुप्रै समालोचनात्मक लेखहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । यसरी पुगनपुग तीन दशकसम्मको साहित्कि साधनाबाट उनले आफ्नो समालोचकीय क्षमता र व्यक्तित्वको निर्माण गरेका छन् । यसबाट नेपाली भाषा साहित्यका विद्यार्थी र पाठकहरू उनलाई समालोचकका रूपमा चिन्दछन् । समालोचकका रूपमा उनले विभिन्न तहका पाठ्यपुस्तकको लेखनका साथै विशेषतः क्षेत्रीय साहित्यको इतिहास लेखन एवम् नेपाली भाषा साहित्यका विभिन्न स्रष्टाहरू र तिनका विभिन्न विधाका कृतिहरूको सामान्य एवम् शोधपरक समालोचना लेख्दै आएका छन् । यही सृजनशील सक्रियताका कारण उनको समालोचक व्यक्तित्वको निर्माण भएको छ ।

### ३.१.४ सम्पादक व्यक्तित्व

केशव सुवेदीको अति नै परिचित एवम् क्रियाशील व्यक्तित्वको अर्को पाटो सम्पादक व्यक्तित्व हो । उनले विश्वविद्यालयमा प्रध्यापन कर्म सुरु गरेदेखि नै गुरु तथा शोधनिर्देशकका रूपमा आफ्नो सम्पादन सीप देखाउँदै आएका छन् । यस पृष्ठभूमिमा उनले पछिल्ला चरणमा एकातिर विभिन्न तहका पाठ्यपुस्तकको सम्पादन गरेका छन् भने अर्कातिर नेपाली भाषा साहित्य र वाङ्मयसँग सम्बद्ध एकसयभन्दा बढी ग्रन्थहरूको सम्पादन गरेका छन् । यसक्रममा सम्पादित कृतिको भाषिक परिष्कारका साथै विषयगत एवम् प्रस्तुतिगत ढाँचाको समेत परिष्कार गरी कृतिलाई गुणस्तरीय बनाउनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएका कारणले पनि यस क्षेत्रमा उनलाई धेरैले चिन्दछन् र नेपाली वाङ्मयका विविध ग्रन्थहरूको विषयगत, प्रस्तुतिगत एवम् भाषिक स्तरीयताका निम्ति आफूले खेलेको भूमिकाका निम्ति उनी स्वयम् पनि गौरव बोध गर्दछन् ।[द्घघ] यसरी आफ्ना स्नातकोत्तर तहका शोधार्थीहरूलाई शोधनिर्देशन र तिनका शोध प्रबन्धको सम्पादन गर्दै नेपाली साहित्यको सम्पादन क्षेत्रमा उदाएका सुवेदीले हालसम्म नेपाली विषयका विभिन्न तहका पाठ्यपुस्तक, बालसाहित्यका विभिन्न विधामा लेखिएका कृतिहरू, विभिन्न पत्रपत्रिकाका साथै विभिन्न विषयमा लेखिएका साहित्येतर कृतिहरूको सम्पादन तथा सहसम्पादन गरेको देखिन्छ । उनको भाषिक सम्पादनको क्षमता अत्यन्तै परिष्कृत र परिमार्जित किसिमको देखिन्छ । उनमा सम्पादनका क्रममा वाक्यगठनलाई केस्राकेस्रा केलाएर हेर्ने क्षमता रहेको देखिन्छ ।

### ३.१.५ अभिप्रेरक व्यक्तित्व

केशव सुवेदीले कुनै पनि राम्रो काम गर्नका लागि चासो देखाउने जोसुकैलाई पनि अभिप्रेरणाका साथै उचित राय सल्लाह दिएर आफूले सक्दो सहयोग गर्ने गरेको पाइन्छ । आफूसँग उचित सल्लाह र सहयोग माग्ने साहित्यकार, लेखक, विभिन्न सङ्घसंस्था, शोध

---

[द्घघ]. शोधनायकबाट प्राप्त जानकारी ।

लेख्ने विद्यार्थी र विद्यावारिधि गर्ने शोधार्थी आदि जो कोहीलाई पनि उनले उचित सरसल्लाह, सुझाव र आवश्यक निर्देशन समेत दिँदै आएका छन् । नेपाली भाषा साहित्यका प्राध्यापक सुवेदी नेपाली विषयका विद्यार्थीका लागि त प्रेरणाका स्रोत नै मानिन्छन् । उनले नेपाली विषयका थुप्रै विद्यार्थीको शोध निर्देशक भएर उचित परामर्श दिई उनीहरूलाई ज्ञान कर्ममा लाग्नमा उत्प्रेरित गर्दै आएका छन् । यस्तै गतिविधिहरूबाट उनको अभिप्रेरक व्यक्तित्व निर्माण भएको देखिन्छ ।

### ३.१.६ समाजसेवी व्यक्तित्व

केशव सुवेदीको भाषा साहित्यको पठनपाठन र लेखनमा महत्त्वपूर्ण योगदान त छँदै छ त्यसका अतिरिक्त उनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाजसेवा पनि गरेका छन् । विभिन्न साहित्यिक सङ्घसंस्थामा आफूलाई सङ्लग्न गराई उनले समाजसेवाको काम गरेका छन् । यसक्रममा उनले **मध्यपश्चिमाञ्चल साहित्य परिष्दको** संस्थापक अध्यक्ष पदमा रहेर मध्यपश्चिमाञ्चलको साहित्यको उत्थानका लागि कार्य गरेका छन् भने उक्त परिषदका सल्लाहकारका रूपमा रहेर त्यस क्षेत्रको साहित्यिक समुन्नति र संप्रसारका कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यस संस्थाको गठन, सञ्चालन र नेतृत्वमा उनको योगदान विशिष्ट छ ।[ढढ] २०४० देखि २०५० सालसम्म साहित्यिक पत्रकार सङ्घ एवम् प्राध्यापक संघमा आबद्ध भएर उनले साहित्यिक तथा पेसागत स्तरमा पनि समाजसेवाको काम गरेको पाइन्छ । यी र यस्तै सामाजिक गतिविधिमा संलग्न रहेकाले नै सुवेदीको सामाजिक व्यक्तित्व उचो बन्न पुगेको देखिन्छ ।

## ३.२ जीवनी व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तर्सम्बन्ध

केशव सुवेदीले आफ्नो जन्मस्थलतिरका विभिन्न विद्यालय, संस्कृत पाठशाला तथा महाविद्यालयबाट आफ्नो अध्ययन पूरा गरी पेसाको रूपमा प्राध्यापन पेसालाई अँगाली आफ्नो ५९ वर्षीय जीवन पूरा गरिसकेका छन् । शिक्षित र पण्डित परिवारमा जन्मिएका हुनाले यिनी सानै उमेरदेखि शैक्षिक गतिविधितर्फ नै बढी उन्मुख रहे । यसै कारण विभिन्न शैक्षिक अनुभव तथा पेसागत अनुभव बटुली उनले आफूलाई साहित्यिक र सामाजिक क्षेत्रमा स्थापित गरेको देखिन्छ । जीवनका आरोहअवरोह अनुरूप नै विभिन्न किसिमका व्यक्तित्वको प्रभाव यिनका साहित्यिक कृतिमा देख्न सकिन्छ ।

केशव सुवेदीले नेपाली साहित्यको अन्य विधामा भन्दा समालोचना लेखन र सम्पादन कार्यमा ज्यादा सक्रियता देखाएका छन् । उनी सृजनात्मक साहित्यका कविता-काव्य, कथा-उपन्यास, नाटक–निबन्ध जस्ता विधातर्फ नलागी समीक्षा, समालोचना लेखनमा केन्द्रित रहेका छन् । सुवेदीको पेसा नै अध्यापन भएकाले पनि उनी

---

[ढढ] . नेत्र एट्म, पूर्ववत ।

समालोचनातर्फ केन्द्रित भएका हुन् । आफूले कक्षा कोठामा अध्यापन गराउने विषय होस् वा अन्य कुनै साहित्यिक सृजना ती कृतिहरूलाई केन्द्र बनाएर स्थापित साहित्य सिद्धान्तका कोणबाट विश्लेषण गर्नु पनि उनको समालोचना लेखनको मुख्य ध्येय हो । यस्तै तुलनात्मक रूपमा ज्यादाजस्तो साहित्यको मूल प्रवाहभन्दा परिधीय वृत्तमा छरिएका लेखककृति एवम् आफू जन्मे, हुर्के, बढेको क्षेत्रका साहित्यिक गतिविधिबाट शोधपरक तथा भावपरक समालोचना लेखन उनको मुख्य लेखकीय ध्येय रहेको देखिन्छ । यसरी केशव सुवेदीको विगत जिन्दगी, उनले निर्माण गरेको बहुमुखी व्यक्तित्व र साहित्य लेखनका बीच पारस्परिक अन्तर्सम्बन्ध रहेको तथ्य स्पस्टै छ ।

## चौथो परिच्छेद

# केशव सुवेदीका समालोचनात्मक कृतिको अध्ययन

### ४.१ केशव सुवेदीका समालोचनात्मक कृतिको विवरण

समालोचना भन्नु नै साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कन गरिएको कृति हो । साहित्यिक जगत्का विभिन्न विधामध्ये समालोचना विधालाई आफ्नो साहित्य साधनाको रुचिक्षेत्र बनाएका केशव सुवेदीले नेपाली समालोचना परम्परमा दिएको योगदान उल्लेखनीय छ । लामो समयदेखि विभिन्न पत्रपत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशन गर्दै आएका सुवेदीका समालोचनात्मक पुस्तकाकार कृतिहरूको विवरण यस प्रकार रहेको छ :

क) मध्यपश्चिमका कविता (२०५३) सहलेखन

क) रापतीको साहित्यिक रूपरेखा (२०६५)

ख) परिधीय परिक्रमा (२०६५)

घ) दैवज्ञराज न्यौपाने : जीवनी व्यक्तित्व र कृतित्वका विविध आयाम (२०६६) सहलेखन

उपर्युक्त पुस्तकाकार समालोचना कृतिहरूबाहेक केशव सुवेदीका फुटकर समालोचनात्मक लेखहरूपनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका त्यस्ता फुटकर समालोचनात्मक कृतिको विवरण यस प्रकार छ :

क) नेपाली लोकगीत अध्ययन-परम्पराका प्रारम्भिक प्रयासहरू : सर्वेक्षण र विवेचना ( २०५५-०५६)

ख) नेपाली उखानको सङ्कलन र अध्ययनका परम्परामा पादरी गंगाप्रसाद प्रधानको योगदान(२०५६)

ग) नेपाली केन्द्रीय विभाग अन्तर्गत २०५९ साल बैशाखसम्म पूरा भएका स्नातकोत्तर स्तरीय शोधकार्यहरू: (२०५८-०५९)

घ) नेपाली उखान–टुक्काको सङ्कलन रअध्ययनका प्रारम्भिक प्रयासहरू:सर्वेक्षण र विवेचन (२०५९)

ङ) भक्तराज आचार्यका गीति रचना भूमिका: (२०६५)

च) ‘बुलबुल चरा र गुलाफको फूल’ मा अभिव्यञ्जित सौन्दर्य (२०६७)

छ) ‘फेवाको सुस्केरा’बाट अभिव्यञ्जित यथार्थ (२०६७)

### ४.२ नेपाली समालोचनाको परम्परामा केशव सुवेदीको आगमन

नेपाली साहित्यको इतिहासमा समालोचनाका प्राथमिक छनकहरू शक्तिबल्लभ अर्ज्याल, हीनव्याकरणी विद्यापति, पतन्जलि गजुर्‍यालका सिर्जनाहरूमा भेट्न सकिए तापनि

नेपाली समालोचनाको वास्तविक थालनी गर्ने व्यक्तिका रूपमा मोतीराम भट्टलाई लिइन्छ । भट्टको **कवि भानुभक्ताचार्यको जीवन चरित्र** (१९४८) समालोचनाको इतिहास प्रारम्भ गर्ने पहिलो कृति ठानिन्छ । भानुभक्त आचार्यको जीवन चरित्रमा आधारित यस कृतिमा उनको जीवनीका साथै कवि र काव्यको विवेचना पनि गरिएको देखिन्छ । मूल्याङ्कनभन्दा व्याख्या बढी देखिएको यस कृतिमा गरिएको विवेचनामा प्रभाववादी आलोचनाका केही सानातिना झिल्काहरू पनि देखिन्छन् ।[४५]

तत्कालीन समयमा समालोचनाकृति भन्न सकिने कुनै कृति नै नआइसकेको अवस्थामा मोतीराम भट्टले कसैको प्रभावमा नलेखी आफ्नै अन्तर्प्रेरणाले यो कृति लेखेका हुन् । समालोचक भट्टले आफ्ना अग्रज कवि भानुभक्तको जीवनी, कवि व्यक्तित्व र उनका कविताका बारेमा समेत विवेचना र मूल्याङ्कन गर्ने प्रयास गरेको पनि देखिन्छ । खास भन्नु पर्दा यस समालोचना कृतिमा भानुभक्तको दोष पक्षको कुनै वर्णन नगरी सकारात्मक पक्षको मात्र चर्चा र विवेचना गरिएको छ । जे होस् यसै कृतिबाट समालोचनाको इतिहास कोरिएको मानिन्न ।[४६]

नेपाली समालोचनाको प्रथम चरणका समालोचकमध्ये मोतीरामपछिका दोस्रा समालोचकका रूपमा शम्भुप्रसाद ढुङ्ग्याललाई लिन सकिन्छ । **गोरखापत्रमा** ढुङ्ग्यालले **कविताका फूल** (१९६०) शीर्षकमा लेखनाथ पौड्यालको कवि व्यक्तित्वका बारेमा चर्चा गरेको पाइन्छ । राममणि आ.दी.ले कविता रचना सम्बन्धी **कवितारीति** (१९६५) र कुलचन्द्र गौतमले **अलङ्कारचन्द्रोदय** (१९७५) जस्ता समालोचना कृतिको रचना गरेका छन । नीतिवादी दृष्टिकोण राख्ने राममणि आ.दी.ले त्यस समयमा पाइने श्रृङ्गारिक प्रवृत्तिको आधिक्य र नैतिक पक्षको उपेक्षाप्रति आफ्नो असहमति प्रकट गरेका छन् । उनले **कविता रीति**मा छन्द, भाषा, अर्थ र विषयको विवेचना अनि त्यसैको आधारमा कवितालाई चिनाउने प्रयास गरेका छन । **माधवीमा** धारावाहिक रूपमा प्रकाशित उनको लेखमा पूर्वीय काव्यशास्त्रको प्रभाव बढी पाइन्छ । सूर्यविक्रम ज्ञवालीले **नैवेद्य समालोचना** (१९७९) लेखेर समालोचना विधालाई सबल बनाउने प्रयत्न गरे । यिनले **भानुभक्तको जीवनचरित्र** (१९८४), **भानुभक्तीय रामायणको भूमिका** (१९९०), **नेपाली साहित्यकाशका दुई नयाँ तारा** (१९९३) आदि कृतिको लेखन र सम्पादन पनि गरेका छन् । यस्तै नरदेव पाण्डे **कविवर मोतीराम भट्टको जीवनी** (१९९५), ब्रहमशमशेर **कवि भानुभक्त** (१९९५) जस्ता समीक्षात्मक कृति लिएर देखा परेका छन् । यस चरणमा जेजस्ता समालोचना देखिए तापनि नेपाली

---

[४५]. डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०५६ ) पृ.१५९ ।

[४६]. धनश्याम कूडेल, (सम्पा.) नेपाली समालोचना , (ललितपुर : साझा प्रकाशन, २०५५) पृ. छ-ज ।

समालोचनाको प्रस्थान विन्दु सूर्यविक्रम ज्ञवालीको **नैवेद्य समालोचना** लाई नै मानिन्छ । उनको त्यो लेखमा संस्कृत र पाश्चात्य दुबै साहित्य सिद्दान्तको केही प्रभाव देखिन्छ ।[द्धठ]

तार्किक एवम् सौन्दर्यशास्त्रमा आधारित निर्णयात्मक समालोचनाको विकाससँगै नेपाली समालोचनाको द्वितीय चरण प्रारम्भ हुन्छ । रामकृष्ण शर्माले **अङ्ग्रेजी साहित्यको प्रभाव** (१९९९) लेखेर निर्भीक ढङ्गले आफ्ना धारणा प्रकट गरेका छन् । यिनी अङ्ग्रेजी साहित्यमा देखिएको स्वच्छन्दतावादी प्रवृत्तिबाट प्रभावित व्यक्तित्व हुन् । यिनका समालोचनाले नेपाली लेखकहरूलाई पाश्चात्य प्रभावबाट सचेत पार्न भूमिका खेलेको पाइन्छ । यिनले आक्रामक शैलीमा तार्किक किसिमले निर्णयमा पुग्ने मूल्याङ्कनात्मक पद्धति प्रारम्भ गरे । शर्मा नीतिपरक दृष्टिले होइन सौन्र्दयपरक दृष्टिले कृतिलाई केलाउन चाहन्छन् ।[द्धड]

यस चरणका प्रभाववादी पद्धतिमा समालोचना गर्ने अर्का समीक्षक रत्नध्वज जोशी हुन् । यसै चरणमा अन्वेषणात्मक र तुलनात्मक पद्धति अवलम्बन गर्ने अर्का समालोचक व्यक्तित्व बाबुराम आचार्य हुन् । नेपाली साहित्यको पहिलो पटक काल विभाजन गरी विधागत समालोचनाको थालनी गर्ने बाबुराम आचार्य मूलतः इतिहासकार हुन् । यसै चरणमा साहित्यिक चिनारी दिँदै विचारपरक समालोचना लेख्ने अर्का प्रभाववादी समालोचक यदुनाथ खनाल पनि हुन् । पूर्वीय र पाश्चात्य शास्त्रीय मान्यताका आधारमा नेपाली सैद्धान्तिक समालोचनाका गहकिला कृतिहरू लेख्ने प्रथम समालोचक पनि खनाल नै हुन् । उनले व्याख्यापरक, तुलनात्मक, विश्लेषणात्मक एवम् निर्णयात्मक विधिको प्रयोग गरेर समालोचना गरेको पाइए तापनि व्यावहारिक समालोचनासम्बन्धी रचनाहरू पर्याप्त मात्रामा लेखेका छन् ।[द्धढ]

प्रगतिवादी दृष्टिकोणका व्याख्याता हृदयचन्द्रसिंह प्रधान दोस्रो चरणमै देखा परेका समालोचक हुन् । प्रभाववादी समालोचक हृदयचन्द्रसिंह प्रधानका समालोचनामा यथार्थभन्दा प्रभावपरकता बढी मात्रामा पाइन्छ । नीतिवादी र आदर्शवादी दृष्टिमा समालोचना गर्ने समालोचक रत्नध्वज जोशीका समालोचना व्याख्यापरक, विवेचनात्मक र निर्णयात्मक पनि हुन्छन् । प्रधान र जोशीको योगदान नेपाली समालोचनाको तेस्रो चरणमा पनि उल्लेख्य छ ।[छण]

---

३. ऐजन पृ ज-झ ।

४ ऐजन पृ . झ ।

४९. ऐजन पृ. ञ ।

५०. ऐजन पृष्ठ ञ ।

२००७ सालमा राणाशासनको पतन भएपछि नेपाली समालोचना स्वतन्त्र परिवेशबाट अघि बढ्न थाल्यो । नेपाली समालोचनालाई तेस्रो चरणमा डोऱ्याउने ईश्वर बरालका **झ्यालबाट, सयपत्री, हिमालचुली** जस्ता विधागत र खोजमूलक समालोचनाले महत्त्वपूर्ण योगदान दिएका छन् । यस्तै बालचन्द्र शर्मा , कृष्णचन्द्र सिंह प्रधान र तारानाथ शर्मा जस्ता उल्लेख्य समालोचक यस चरणमा देखा परेका छन् । सैद्धान्तिक तथा प्रायोगिक दुवै प्रवृत्ति अँगालेर समालोचना लेख्ने ईश्वर बराल नयाँ तथा पुराना दुवै पुस्ताका लागि समान धारणा राख्ने व्यक्तित्व हुन् । प्रभाववादलाई समीक्षाको आधार मानिनु हुदैन भन्ने धारणा राख्ने बरालका समालोचनामा बौद्धिकता, तार्किकता र विश्लेषणात्मकता पर्याप्त मात्रामा पाइन्छ । उनको भाषा प्रयोगमा अलि असहजता र जटिलता हुनाले सामान्य पाठकका लागि ती निकै कठिन लाग्ने खालका हुन्छन् ।[छज्ञ]

प्रगतिवादी आग्रहलाई छोडेर स्वतन्त्र रूपमा कृतिको समालोचना गर्ने कृष्णचन्द्रसिंह प्रधान सैद्धान्तिक सचेतता अँगाली प्रगतिवादी समालोचनाको शुभारम्भ गर्ने अर्का महत्त्वपूर्ण र प्रसिद्धि कमाएका समालोचक हुन् । उनको समालोचना **कवि व्यथित र काव्य साधना** (२०१५) बौद्धिकता र विश्लेषणात्मक दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ । भाषागत कमजोरी र अभिव्यक्तिमा केही कमी महसुस गरिए पनि उनी एक स्थापित समालोच हुन् । **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७) जस्ता समालोचना कृति लिएर देखा परेका अर्का चर्चित समालोचक हुन् तारानाथ शर्मा । सुरुसुरुमा मार्क्सवादी सिद्धान्तबाट प्रभावित समालोचक शर्मा निर्भीक, स्पष्टवादी र खरा ठानिन्छन् । उनले कुनै पनि कृतिको निर्भीक मूल्याङ्कन गरी निर्णय दिने गर्दछन् । पश्चिमा साहित्यको प्रभाव प्रस्ट रूपमा देखिने शर्माको भाषा ज्यादै सरल, सरस एवम् प्रभावकारी हुन्छ । तेस्रो चरणमा मात्रै नभएर चौथो चरणमा पनि उनको स्थान महत्त्वपूर्ण रहेको छ ।[छद्द]

यस चरणका अन्य समालोचकहरूमा सोमनाथ सिग्द्याल, चूडानाथ भट्टराई, डिल्लीराम तिमल्सिना, माधवलाल कर्माचार्य, डी.पी. अधिकारी, श्याम प्रसाद शर्मा, कमल दीक्षित, सरिता ढकाल, माधव भँडारी र आनन्ददेव भट्ट आदि उल्लेख्य छन् । यस चरणमा पूर्ववर्ती चरणका तुलनामा निकै उत्कृष्ट आधुनिक तथा सैद्धान्तिक समालोचना प्रकाशित भएका छन् । यसै चरणमा पूर्व र पश्चिम दुवैतर्फका साहित्य सिद्धान्तको गहन अध्ययन गरेर त्यसको प्रभावमा समालोचना गर्ने प्रकृतिको विकास भएको पाइन्छ ।[छघ]

पाश्चात्य साहित्य सिद्धान्त एवम् समालोचना प्रणालीसँग र पूर्वीय संस्कृत काव्यशास्त्रसँग परिचित गराउने कतिपय शास्त्रीय ग्रन्थको जन्म नेपाली समालोचनाको

---

[५१]. **ऐजन पृ. ट–ठ ।**

[५२]. **ऐजन पृ . ठ–ड ।**

[५३] **.ऐजन पृ. ड–ढ ।**

चौथो चरणमा भएको देखिन्छ । नयाँनयाँ प्रयोगहरू र विभिन्न विधामा नयाँ मोड आए तापनि यस चरणमा पनि प्रभाववादी प्रवृत्ति कायमै रहेको देखिन्छ । यस चरणका प्रमुख समालोचकहरूमा इन्द्रबहादुर राई, केशवप्रसाद उपाध्याय, गोविन्द भट्ट, ठाकुरप्रसाद पराजुली, मोहनराज शर्मा, र दयाराम श्रेष्ठ हुन् । यसका अतिरिक्त नेपाली समालोचनाको तेस्रो चरणमा अग्रणी भूमिका खेल्ने ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ शर्माको यस चरणमा पनि महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।[छद्ध]

पाश्चात्य साहित्यका अध्येता इन्द्रबहादुर राईमा पाश्चात्य प्रभाव प्रत्यक्ष रूपमा परेको पाइन्छ । बाह्य कुराको प्रभावभन्दा कृतिमा विशेष ध्यान पुऱ्याउने राईका समालोचनामा तथ्यपरक र बौद्धिक एवम् विश्लेषण पक्ष बढी पाइन्छ भने प्रभावपरकता कम पाइन्छ । सैद्दान्तिक र व्यावहारिक दुवै विधिलाई प्रयोग गरी समालोचना गर्ने समालोचक केशवप्रसाद उपाध्यायका समालोचनामा पूर्वीय र पाश्चात्य साहित्यको प्रभाव धेरै वा थोरै रूपमा अवश्य भेट्न सकिन्छ । व्याख्या विश्लेषणका साथै विवेचना र मूल्याङकन पद्दति अँगालेका उपाध्यायले प्रभाववादी समालोचनालाई पनि अँगालेको  पाइन्छ ।[छछ]

सस्तो व्यवहार र सस्तो नारा अनि गाली गलोजबाट टाढै रहने समालोचक गोविन्द भट्ट उत्कृष्ट प्रगतिवादी समालोचक हुन् । प्रगतिवादी सौन्दर्यशास्त्रका परिधिभित्र बसेर शिष्ट एवम् सन्तुलित रूपमा समालोचना गर्ने भट्टका समालोचना बौद्धिक एवम् विश्लेषणात्मक छन् । पाश्चात्य साहित्यसँग परिचित ठाकुरप्रसाद पराजुली पूर्वीय साहित्य सिद्धान्तका विद्वान् हुन् । उनले कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्दा पूर्वीय तथा पाश्चात्य दुवै साहित्य सिद्धान्तलाई आधार बनाएको पाइन्छ । पराजुलीका मुख्य विशेषतामध्ये कुनै कृतिको विशेषतालाई केलाएर तिनीहरूको अन्तःसम्बन्ध स्पष्ट पार्दै कृतिको वैशिष्टय निरूपण गर्नु र त्यसमा निहित कलात्मक सौन्दर्यको उद्‌घाटन गर्नु हो । शैलीविज्ञान समालोचनामा प्रसिद्धि कमाएका समालोचक मोहनराज शर्माले सैद्धान्तिक र व्यावहारिक दुवै पद्धतिलाई अँगालेको पाइन्छ । साहित्यलाई भाषिक कला र कृतिलाई कलात्मक भाषिक प्रतीक मानेर त्यसको बौद्धिक किसिमले विश्लेषण एवम् मूल्याङ्कन गर्ने मोहनराज शर्माका समालोचना वस्तुवादी र निकै कसिला पनि छन् ।[छट]

चौथो चरणमै देखिएका उच्च बौद्धिक समालोचकहरूमध्ये वासुदेव त्रिपाठी पनि एक हुन् । सैद्धान्तिक र व्यावहारिक दुवै प्रकृतिका समालोचना पाइए पनि उनी वस्तुतः व्यावहारिक समालोचक  हुन् । पूर्वीय र पाश्चात्य सिद्धान्तका विद्वान् एवम् ज्ञाता पनि हुन् । उनी कृतिको व्याख्या विश्लेषण गरी त्यसका प्रवृत्तिगत शैली, शिल्प र विशेषतालाई

---

[५४] **ऐजन पृ . ढ–ण ।**

[५५] **ऐजन पृ. ण ।**

[५६]. **ऐजन पृष्ठ  ण–त ।**

खुट्याएर त्यसको मूल मर्म उद्घाटन गर्न पूर्वीय तथा पाश्चात्य दुवै सैद्धान्तिक मान्यतालाई आधार बनाउँछन् । यी विविध सिद्धान्त र पद्धतिहरूको आवश्यकता अनुसार प्रयोग गर्ने हुनाले उनका समालोचनालाई बहुलवादी पनि भन्ने गरिन्छ । एक सफल र स्थापित समालोचक त्रिपाठीका समालोचनामा पर्याप्त मात्रामा बौद्धिकता एवम् विश्लेषणात्मकता पाइन्छ ।[छठ]

नेपाली समालोचनामा प्रभाववादी दृष्टिकोण नराखी बौद्धिक रूपमा वस्तुवादी किसिमले समालोचना गर्ने यसै चरणका अर्का वरिष्ठ समालोचक हन् दयाराम श्रेष्ठ । उनका समालोचना साहित्येतिहासिक एवम् अन्वेषणात्मक पनि छन् र उनले बाहृय सन्दर्भलाई भन्दा कृतिको वस्तुतथ्यलाई बढी ध्यान दिएको पाइन्छ । यसकारण उनी कृतिकेन्द्री समालोचकका नजिक देखिन्छन् । चौथो चरणका अन्य समालोचकहरूमा शरद्चन्द्र शर्मा भट्टराई, मोहन हिमांशु थापा, भानुभक्त पोखरेल, चूडामणि बन्धु, चन्द्रेश्वर दुवे, गोपीकृष्ण शर्मा, वासु रिमाल 'यात्री', कुमारबहादुर जोशी, रामलाल अधिकारी, मुरारिप्रसाद रेग्मी, अभि सुवेदी, धटराज भट्टराई, धनश्याम कँडेल, राजेन्द्र सुवेदी, नरेन्द्र चापागाई , हीरामणि शर्मा पौड्याल, रविलाल अधिकारी, केशव सुवेदी, विप्लव ढकाल, लक्ष्मण गौतम, नेत्र एटम, रोसन थापा जस्ता प्रतिभाहरू विशेष सक्रिय भएको पाइन्छ ।[छड]

यसै चरणका प्रगतिवादी समालोचनाको बचाउ गर्न निनु चापागाईं, देवीप्रसाद गौतम, ऋषिराम बराल, ताराकान्त पाण्डे जस्ता समालोचकहरू क्रियाशील देखिन्छन् भने लोक साहित्य एवम् संस्कृतिले समालोचना पद्धतिमा पार्ने प्रभावको खोजी गर्ने काम तीव्र देखिन्छ । यसै बीचमा लोक साहित्य र क्षेत्रीय साहित्यिक योगदानको खोजीनिती गर्दै नेपाली समालोचनाका क्षेत्रमा २०४० को दशकसँगै केशव सुवेदीले प्रवेश गरेका छन् । उनले नेपाली साहित्यका विभिन्न विधा कविता, कथा, निबन्ध, भूमिका/सम्पादन र अनुवादका क्षेत्रमा कलम चलाउने विभिन्न साहित्यिक व्यक्तित्व र उनीहरूको कृतित्व समेतको विश्लेषण गरी थुप्रै समालोचनात्मक लेखहरू लेखेका छन् । यी लेखहरूले सुवेदीलाई नेपाली समालोचनाको विकास परम्पराको चौथो चरणमा देखिएका एक उत्कृष्ट समालोचकका रूपमा

स्थापित गर्दछन् । पछिल्लो अवधिमा विश्व साहित्यमा देखिएका विभिन्न पद्धति टेक्नो कल्चर, युद्धको सन्त्रास, कम्प्युटरको जालो, भूमण्डलीकरण जस्ता विविध परिस्थितिलाई ग्रहण गर्दै नपाली समालोचना बहुलवादी र अन्तर्विषयक पद्धतितर्फ ढल्केको छ । यति हुँदाहुँदै पनि

---

५७ **ऐजन पृष्ठ   त ।**

५८ **घटराज भट्टराई, (सम्पा.) नेपाली स्नतकोत्तर समालोचना, काठमाडौं : पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टर २०५९।**

प्रभाववादी पद्धतिका समालोचना कम हुन सकेका छैनन् । यसकारण वस्तुवादी धरातलतर्फ नेपाली समालोचना अग्रसर हुनु आवश्यक देखिन्छ । [५९] पुगनपुग तीन दशकसम्मको समालोचना लेखन अभ्यासबाट केशव सुवेदी पनि नेपाली समालोचनाको यसै परम्परामा जोडिएका हुन् ।

## ४.३ केशव सुवेदीका पुस्तकाकार समालोचना कृतिको अध्ययन

### ४.३.१ मध्यपश्चिमका कविता (२०५३)

२०५३ सालमा मध्यपश्चिमाञ्चल साहित्य परिषद्को आयोजना र प्रकाशनमा छापिएको मध्यपश्चिमका कविता सहलेखन तथा सम्पादनमा आएको केशव सुवेदीको पहिलो पुस्तकाकार समालोचना कृति हो । मध्यपश्चिमका रापती, भेरी र कर्णाली समेत गरी तीन अञ्चलका कविताको इतिहास र प्रतिनिधि कविता सङ्ग्रहका रूपमा आएको प्रस्तुत कृतिमा कर्णाली खण्ड, भेरी खण्ड, रापती खण्ड र व्यक्तिवृत्त गरी जम्मा चार खण्ड रहेका छन् । पहिलो खण्ड कर्णालीमा दुई परिच्छेद रहेका छन् । पहिलो परिच्छेदको सम्पादन प्रेम कैदीले गरेका छन् भने दोस्रो परिच्छेदको सम्पादन रत्नाकर देवकोटाले गरेका छन् । **मध्यपश्चिमका कविता** को दोस्रो खण्डमा भेरी खण्ड रहेको छ जसमा भेरी अञ्चलको साहित्यिक विकासको चर्चा गरिएको छ भने यस खण्डको लेखन तथा सम्पादन मधुसूदन गिरीले गरेका छन् । यस कृतिको तेस्रो खण्ड रापती खण्ड रहेको छ । यस खण्डको लेखन तथा सम्पादन केशव सुवेदीले गरेका छन् । चौँथो खण्ड व्यक्तिवृत्त रहेको छ जसमा मध्यपश्चिमका विभिन्न साहित्यकारहरूको परिचयात्मक व्यक्तिवृत्त प्रस्तुत गरिएको छ ।

'रापतीका कविता : पृष्ठभूमि र परम्परा' शीर्षकमा केशव सुवेदीले सर्वप्रथमत रापती अञ्चलको भौगोलिक परिचय दिएका छन् । यसमा रापती अञ्चल प्राकृतिक बनोटका दृष्टिले सुन्दर र भरिपूर्ण रहेको भन्दै ऐतिहासिक तथा पुरातात्त्विक हिसाबले पनि महत्त्वपूर्ण रहेको बताएका छन् । सामाजिक तथा महत्त्वमा दृष्टिले पनि रापती अञ्चलका आफ्नै विशेषता रहेको उल्लेख गरेका छन् । धार्मिक दृष्टिले पनि यहाँ विभिन्न धर्मालम्वीहरूको बाहुल्य रहेको यहाँका जातजाति र तिनीहरूले बोल्ने भाषाको विकासका बारेमा खोतल्ने प्रयास सुवेदीले गरेका छन् । साहित्यिक पृष्ठभूमि अन्तर्गत रापती अञ्चलको लोकसाहित्यिक परम्पराको उठानको चर्चा गरेका छन् । यस क्रममा रापतीका कविता परम्पराको विस्तृत विवेचना गरेका छन् । रापतीको कविता परम्परको सुदीर्ण विवेचनाका दृष्टिले प्रस्तुत कृति महत्त्वपूर्ण छ र यसबाट केशव सुवेदीको शोधपरक समालोचना चेतनाको आकलन गर्न सकिन्छ । प्रस्तुत ग्रन्थमा गृहीत विषयको विवेचना गर्ने क्रममा सुवेदीले रापतीका कविताको पूर्व परम्पराको चर्चा गर्दै वि.सं. १८९९ सालमा लेखिएको रापती क्षेत्रको पहिलो कविताका रूपमा अज्ञात कविको एउटा रचना प्रस्तुत गरेका छन् । यसमा उनले १८९९ सालदेखि

[५९] **ऐजन .**

हालसम्मको पुरापुर डेढ शताब्दी लामो रापतीका कविता परम्पराको इतिहास प्रस्तुत गरेका छन् । यसमा रापती क्षेत्रमा प्रचलित विभिन्न भाषाहरू र तिनमा विद्यमान लोक साहित्यिक तथा लेख्य साहित्यिक गतिविधिको विवेचना गरिएको छ । यस क्षेत्रका कविता परम्पराको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका रापती क्षेत्रका अलाबा विभिन्न स्थानबाट प्रकाशित हुने साहित्यिक पत्रपत्रिकाको इतिहास पनि अत्यन्तै व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ । साथै साहित्यिक पत्रपत्रिका प्रकाशनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विभिन्न साहित्यकारहरूको योगदानको कदर गरिएको छ । यस क्रममा रापतीको इतिहासबारे उपलब्ध तथ्यहरूको गम्भीर विवेचना सहित निष्कर्षसम्म पुग्ने शोधात्मक ढाँचामा प्रस्तुत कृति लेखिएको छ र यसमार्फत केशव सुवेदीमा अन्तर्निहित शोधपरक समालोचना चेतको स्पष्ट अनुमान गर्न सकिन्छ । यसमा गृहीत विषयलाई व्यवस्थित रूपमा संयोजन गर्न लेखकले विभिन्न मुख्य शीर्षक तथा उपशीर्षकहरूको आयोजना गरी विषयवस्तुको विन्यास गरेका छन् ।

अन्त्यमा सुवेदीले रापती क्षेत्रमा कविता लेखनको सुरुवात गर्ने पहिलो कविता **सिद्धगादी चरित** देखि **पराजित युद्ध** सम्मका जम्मा ४३ जना कविका कविताहरू प्रस्तुत गरेका छन् भने लेखमा प्रयोग गरिएका सन्दर्भ सामग्रीको वर्णानुक्रमिक विवरण पनि राखिएको छ ।

## ४.३.२ 'रापतीको साहित्यिक रुपरेखा'को अध्ययन

### ४.३.२.१ पृष्ठभूमि

**रापतीको साहित्यिक रूपरेखा** (२०६५) केशव सुवेदीको क्षेत्रीय अनुसन्धानात्मक पद्धतिमा आधारित भएर लेखिएका दोस्रो महत्त्वपूर्ण समालोचना ग्रन्थ हो । प्रस्तुत कृति "२०५३ सालमा मध्यपश्चिमाञ्चल साहित्य परिषद्, काठमाडौँद्वारा प्रकाशित मध्यपश्चिमका कविता कृतिको पृष्ठभूमिमा रचना भएको हो" ।[टण] प्रस्तुत कृतिको केही अंश यसअधि नै **मध्यपश्चिमका कविता** (२०५३) मा प्रस्तुत भइसकेको देखिन्छ । **मध्यपश्चिमका कविता** कृतिमा समेटिएको विषयवस्तुलाई व्यापक संशोधन तथा परिमार्जनका साथै परिशिष्ट खण्डको परिवर्द्धन सहित तयार पारिएको **रापतीको साहित्यिक रूपरेखा** रापती अञ्चलको साहित्यको सङ्क्षिप्त इतिहास हो । यस कृतिमा केशव सुवेदीले प्राक्कथनमा भनेझैँ रापतीको समृद्ध लोकसाहित्यिक परम्परा र त्यसका पृष्ठभूमिमा विकसित हुँदै आएका लेख्य साहित्यिक गतिविधिहरूका बारेमा खासै अध्ययन अनुसन्धान हुन नसकेको अवस्थामा यस कृतिको जन्म हुनुले अवश्य पनि रापती अञ्चलको समग्र साहित्यको अध्ययन गर्न सजिलो तुल्याएको छ ।

**रापतीको साहित्यिक रुपरेखा** कृतिभित्र जम्माजम्मी पाँच ओटा एकाइ रहेका छन् । 'रापतीको सङ्क्षिप्त परिचय' पहिलो एर्का हो । जसमा रापती अञ्चलको भौगोलिक,

---

६०. **केशव सुवेदी, रापतीको साहित्यिक रूपरेखा, (काठमाडौं : एकताबुक्स , २०६५ ), प्राक्कथन ।**

ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा भाषिक स्थितिको विवरण राखिएको छ । 'रापती अञ्चलको लोकसाहित्यिक परम्परा'को जानकारी दोस्रो एकाइमा दिइएको छ भने तेस्रो एकाइ 'रापती अञ्चलमा लेख्य साहित्यिक परम्पराको उठान र विकास' शीर्षकभित्र शैक्षिक जागरण, विभिन्न स्थानबाट प्रकाशित पत्रपत्रिका र साहित्य सृजनाका गतिविधिहरूको विश्लेषण गरिएको छ । चौथो एकाइ 'रापती अञ्चलको साहित्यिक गतिविधि' मा रापती अञ्चलभित्र पर्ने विभिन्न जिल्लाहरू दाङ, सल्यान, प्यूठान, रोल्पा, रुकुमका साहित्यिक गतिविधिको चर्चा पाइन्छ । 'रापती अञ्चलको साहित्यिक योगदान' पाँचौँ एकाइमा राखिएको छ जसमा यस क्षेत्रमा प्रचलित थारू, मगर, नेपाली र संस्कृत भाषा साहित्यको परिचय दिइएको छ । आयामका दृष्टिले यो कृति १५२ पृष्ठको मध्यम आकारमा विस्तारित देखिन्छ । यसरी प्रस्तुत गरिएको **रापतीको साहित्यिक रुपरेखा** भित्र विविध विषयवस्तुका अलावा सन्दर्भ विवरण र परिशिष्ट खण्ड पनि राखिएको छ । परिशिष्ट खण्ड अन्तर्गत रापती अञ्चलका साहित्यकारहरूको वर्णानुक्रमिक सङ्क्षिप्त जीवनवृत्त र रापती अञ्चलको भाषा साहित्यमा गरिएका शोधकार्यहरूको कालक्रमिक विवरण पाइन्छ । रापती अञ्चलको समग्र साहित्यलाई चिनाउन प्रस्तुत गरिएको यस कृतिको विषयवस्तुको यहाँ अध्ययन  गरिन्छ ।

### ४.३.२.२ मुख्य विषयवस्तु

प्रस्तुत समालोचनात्मक कृतिको मुख्य विषयवस्तु रापती अञ्चलकै सेरोफेरोमा आधारित रहेको छ । जसमा त्यहाँको वास्तविक जनजीवनको सजीव चित्र उतार्ने काम लेखकले गरेका छन् । पाँच फरकफरक शीर्षक अन्तर्गत विविध उपशीर्षक दिएर सुवेदीले त्यहाँको भौगोलिक अवस्था, ऐतिहासिक महत्त्वका घटनाहरू, सामाजिक एवम् सांस्कृतिक स्वरूप, भाषिक स्थिति, लोकसाहित्यिक परम्परा, लेख्य साहित्यिक परम्पराको उठान र विकास, रापती अञ्चलको साहित्यिक गतिविधि एवम् रापती अञ्चलको साहित्यिक योगदान जस्ता विषयवस्तु समावेश गरेका छन् ।

**रापती अञ्चलको सङ्क्षिप्त परिचयः** यस कृतिको पहिलो शीर्षकको रूपमा रापती अञ्चलको सङ्क्षिप्त परिचय रहेको छ । यसमा रापती अञ्चलको भौगोलिक अवस्थिति, भाषिक स्थिति जस्ता विषयवस्तुलाई सुवेदीले विवरणात्मक रूपमा प्रस्तुत गरेका छन् । यस क्रममा समालोचक केशव सुवेदीले रापती अञ्चलको नामकरण यस क्षेत्रको सबैभन्दा ठूलो नदी रापतीका नामबाट भएको उल्लेख समेत गरेका छन् । त्यसै गरी प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी पनि रापती अञ्चलमा नै रहेको, प्राकृतिक रूपमा सुन्दर रहेको यस अञ्चलमा चुरे महाभारत जस्ता पहाड पर्वतहरू, विभिन्न हिमतालहरू रहनुका साथै योगी नरहरिनाथ जस्ता व्यक्तिहरूको योगदान आदि विषयको उल्लेख गरिएको छ । "उत्तरतर्फका बनजङ्गलले ढाकिएका अग्लाहोचा पहाडी श्रृङ्खलाहरू, तिनका काखमा बग्ने सानाठूला नदी र तालहरूले प्राकृतिक रूपमा रापती अञ्चललाई सिंगारेका छन् । रुकुममा पर्ने विशाल

स्यार्पू दह, रोल्पाको सुनछहरी, सल्यानको कुभिण्डे दह, दाङको पुरन्धारा प्राकृतिक सौन्दर्यका दृष्टिले विशेष महत्त्वपूर्ण स्थल हुन्"।[टज्ञ] हालसम्म कुनै पनि इतिहास नलेखिएको रापती अञ्चलका बारेमा सम्पूर्ण विवरण प्रस्तुत गरिएको यो कृति त्यस क्षेत्रको जनजीवनको जातीय, सामाजिक, सांस्कृतिक, धार्मिक एवम् भाषिक चित्रणमा ज्यादै उपयोगी मानिएको छ ।

**रापती अञ्चलको लोकसाहित्यिक परम्पराः** दोस्रो शीर्षकका रूपमा रापती अञ्चलको लोकसाहित्यिक परम्परा समावेश गरिएको छ । यहाँ यस क्षेत्रमा परापूर्वकालदेखि नै प्रचलनमा रहेका लोकगीत, लोकगाथा, लोकनाटक, लोककथा, लोकउखान, टुक्का, कर्खा आदि लोक सामग्रीहरूको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गरिएको छ । साथै यिनै लोक सामग्रीका पृष्ठभूमिमा रापती अञ्चलमा शिष्टलेख्य साहित्यको विकास भएको उल्लेख गरिएको छ । यसै क्रममा उनी लेख्छन् चाडपर्व तथा विभिन्न सांस्कृतिक अवसरहरूमा गाइने उपर्युक्त गीतगाथाहरू तथा ग्रामीण समाजमा मेलापर्वका अवसरमा गाइने दोहोरी गीतका परम्पराले पनि रापती क्षेत्रको लोकसाहित्यिक पूर्वपरम्परालाई जीवित तुल्याउदै आएका छन् भने त्यस्ता गीत सङ्गीतहरूलाई आजका श्रव्यदृष्य सञ्चार माध्यमबाट समाजमा लोकप्रिय तुल्याउनमा यस क्षेत्रमा दामोदर, चन्द्रकला शाह, मधुबाबु थापा, गोविन्द आचार्य, कोमल वली, रामचन्द्र लामिछाने लगायतका अनेक प्रतिभाले अविस्मरणीय भूमिका खेल्दै आएका छन्।[टद्द]

**लेख्य साहित्यिक परम्पराको उठान र विकासः** तेस्रो शीर्षकमा रापती अञ्चलमा लेख्य साहित्यिक परम्पराको उठान र विकास भन्ने विषय समावेश गरिएको छ । यसअन्तर्गत यस क्षेत्रको शैक्षिक जागरण विकासको इतिहास र यस अभियानमा महत्त्वपूर्ण योगदान पुऱ्याउने प्रतिष्ठित व्यक्तिहरूको चर्चा गर्दै स्वर्गद्वारी महाप्रभुले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गरिएको छ । लेख्य साहित्यको थालनीका सन्दर्भमा योगी नरहरिनाथको सत्प्रयासमा उपलब्ध १८९९ सालमा प्राप्त अज्ञात कविको कवितात्मक ताम्रपत्र नै यस क्षेत्रको पहिलो कृतिका रूपमा रहेका उल्लेख गर्दै यसपछिको पुरापुर डेढ शताब्दी लामो कविताको इतिहास प्रस्तुत गरेका छन् । यस क्रममा साहित्य लेखनमा महत्त्वपूर्ण भूमिका खेल्ने साहित्यकारहरूको योगदानको कदर पनि गरिएको छ । यसक्षेत्रको साहित्य विकासमा विभिन्न स्थानबाट प्रकाशित हुने पत्रपत्रिकाले पुऱ्याएको साहित्यिक योगदानको इतिहासलाई सङ्क्षिप्त र विवरणात्मक रूपमा उनले प्रस्तुत गरेका छन् भने यसक्षेत्रको साहित्यिक गतिविधिलाई अगाडि बढाउनमा **मध्यपश्चिमाञ्चल साहित्य परिषद** को महत्वपूर्ण भूमिका रहेको उल्लेख गरिएको छ । २०५१ सालमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने रापती भेरी र कर्णाली अञ्चलका सृजनात्मक गतिविधिहरूलाई राष्ट्रिय स्तरमा परिचित गराउने उद्देश्य अनुरूप यस संस्थाको स्थापना भएको उल्लेख गरिएको छ । पछिल्लो समयमा रापती

---

[६१]. **ऐजन पृष्ठ १0 ।**

[६२] **ऐजन पृष्ठ १६ ।**

क्षेत्रका नयाँ पुस्ताका अनेक प्रतिभाहरूले यस क्षेत्रको साहित्यिक परम्परालाई हुर्काउन अथक प्रयास गरेको उल्लेख गरिएको छ ।

**राप्ती अञ्चलका साहित्यिक गतिविधिः** यस कृतिको चौथो शीर्षकका रूपमा राप्ती अञ्चलका साहित्यिक गतिविधि रहेको छ । जसमा राप्ती अञ्चल अन्तर्गत पर्ने विभिन्न जिल्लाहरूमा भएगरेका साहित्यिक गतिविधिहरूलाई समावेश गरिएको छ । यस क्रममा राप्ती अञ्चलका साहित्यिक गतिविधिको खोजी गर्ने क्रममा केशव सुवेदीले अध्ययन अनुसन्धानको आधार त्यस क्षेत्रबाट प्रकाशित पत्रपत्रिका, विभिन्न विधाका कृति र कृतिकार, स्थानीय स्तरका भाषाभाषिका तथा यस अञ्चलमा पर्ने जिल्लाहरूका साहित्यिक गतिविधिहरूलाई बनाएको पाइन्छ । यस क्षेत्रको साहित्य लेखनको पृष्ठभूमि परापूर्वकालदेखि नै लोकजीवनमा रहँदै आएका कथ्यश्रव्य लोक सामग्री नै रहेको मानिएको छ । यहाँको शिष्टलेख्य साहित्यको उठान अज्ञात कविद्वारा नेपाली भाषामा रचिएको वि.सं. १८९९ को कवितात्मक ताम्रपत्रलाई नै मानिन्छ । यहाँको साहित्यिक गतिविधि अगाडि बढ्नुमा शैक्षिक जागरणको लहर चल्नु संस्कृत पढेलेखेका पण्डित प्रतिभाहरू सृजनात्मक गतिविधिमा उत्साहित हुनु नै हो ।

राप्तीको साहित्यिक परम्परा गतिशील तथा समृद्ध हुनुमा वर्तमान समयमा सुरु भएका शैक्षिक गतिविधिको विस्तार तथा पत्रपत्रिकाको प्रकाशन नै प्रमुख कारण हो । त्यसैले राप्तीको साहित्यिक परम्परा भन्नु मूलतः विगतको डेढ शताब्दीका समयावधिमा विस्तारित साहित्यिक परम्परा हो । यसबीचमा राप्ती अञ्चलका पाँच जिल्लाबाट अनेक कवि लेखकहरू देखा परेका छन् र तिनले नै सँगोलमा राप्तीको साहित्यिक परम्पराको निमार्ण गरेका हुन् ।[टघ]

**राप्ती अञ्चलको साहित्यिक योगदानः** शीर्षकमा राप्ती अञ्चलको समग्र साहित्यिक योगदानको चर्चा गरिएको छ । राप्ती क्षेत्रमा विभिन्न जातजाति र तिनका आआफ्नै भाषासाहित्य रहेको र तिनले यस क्षेत्रमा बोलिने प्रमुख भाषाहरूले दिएको साहित्यिक योगदानको विवेचना गरिएको छ । यस कृतिमा सृजनाको माध्यमका रूपमा रहेको संस्कृत भाषा परम्परादेखि नै ज्ञानको माध्यम भाषाका रूपमा रहेको छ भने वर्तमान समयमा प्रयोग हुँदै आएका थारू, मगर र नेपाली भाषाको साहित्यिक योगदानको समेत चर्चा गरिएको छ ।

थारू भाषासाहित्य अन्तर्गत थारू संस्कृति र सभ्यताको चर्चा गर्दै यस क्षेत्रका आदिबासीका रूपमा थारूजाति रहेको बताइएको छ । थारूभाषी समाज लोकसाहित्यिक परम्पराले निकै धनी रहेको उल्लेख गर्दै यस समुदायमा प्रचलित सामाजिक, सांस्कृतिक, भाषिक तथा साहित्यिक परम्पराको सङ्क्षिप्त विवेचना गरिएको छ । २००७ सालको

---

६३ . **ऐजन पृष्ठ ४३ ।**

राजनैतिक परिवर्तनसँगै थारू समुदायमा आएको शैक्षिक चेतनाको फलस्वरूप पढेलेखेका युवाहरूलाई आफ्नो मातृभाषाको साहित्य सृजनामा लाग्न प्रेरणा मिलेको देखिन्छ भन्ने निष्कर्ष लेखकको रहेको छ ।

रापती क्षेत्रको मगर भाषा परम्परित लोकसाहित्यिक दृष्टिले निकै धनी भए तापनि शोधखोज र अध्ययन अनुसन्धानका अभावमा यो बाहिर आउन सकेको छैन । यस भाषामा लेख्य रूपमा सृजनात्मक गतिविधिहरू खासै हुन नसकेको निष्कर्ष यसमा प्रस्तुत गरिएको छ । २०५२ सालसम्म आइपुग्दा मगर भाषाका केही साहित्यिक अनुरागीहरूले आफ्नो मातृभाषामा नभई राष्ट्रभाषा नेपालीमै सृजनात्मक गतिविधि अगाडि बढाएकाले पनि मगर भाषा साहित्यको खासै विकास हुन नसकेको तथ्य यसमा प्रस्तुत गरिएको छ ।

रापती क्षेत्रका साहित्यिक योगदानमा नेपाली भाषाको योगदान महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरिएको छ । विभिन्न भाषाभाषीहरूका बीचको सम्पर्क भाषाका रूपमा रहेको यसै भाषाबाट यस क्षेत्रको साहित्य लेखनको सुरुवात भएको र १८९९ सालको **सिद्धगादित चरितनै** हालसम्मको उपलब्ध पहिलो रचना भएको निक्यौंल गरिएको छ । रापतीको साहित्यिक विकासमा शैक्षिक प्रतिष्ठान, विभिन्न सङ्घसंस्थाहरूको स्थापना, पत्रपत्रिकाको प्रकाशनले महत्त्वपूर्ण भूमिका खेलेको तथ्यपनि यसमा विवेचित छ । सुवेदीका विचारमा नेपाली भाषासाहित्यका सृजनात्मक गतिविधि विगत सात दशकपछिको अवधिमा विकसित भएको हो । उनका भनाइमा साहित्यका कविता, निबन्ध, कथा,उपन्यास, नाटक, समालोचना लगायतका विधामा विभिन्न स्रष्टा साधकले कलम चलाई रापती क्षेत्रलाई नेपाली साहित्यको उर्वर भूमि बनाएका छन् ।

यसै गरी रापतीमा ज्ञानको माध्यम भाषाका रूपमा रहेको संस्कृत भाषामा केही ताम्रपत्र र शिलालेखहरू प्रस्तुत भए पनि संस्कृत भाषा साहित्य कहिलेदेखि प्रारम्भ भएको हो एकिन हुन सकेको छैन । रापती क्षेत्रमा साहित्य लेखनको पृष्ठभूमि निर्माण गर्नमा संस्कृत भाषाको महत्त्वपूर्ण भूमिका रहेको छ । यस क्षेत्रमा संस्कृतको पठनपाठनका निम्ति पिँढी पाठशाला, पछि गएर औपचारिक संस्कृत शिक्षाको सुरुवातसँगै शिक्षित वर्गका प्रतिभाहरू संस्कृत साहित्यको सृजनातर्फ लागेको पाइन्छ । संस्कृत साहित्य सर्जकहरूको उल्लेख्य योगदान रहेतापनि काव्यगोष्ठी र साहित्य सम्मेलन बाहेक बृहत् खालका कृतिहरू प्रकाशनमा आउन नसकेको चर्चा यहाँ गरिएको छ ।

यसरी रापती अञ्चलका साहित्यिक गतिविधिको जानकारी लिएपछि के भन्न सकिन्छ भने औपचारिक रूपमा साहित्य सृजनाको परम्परा वि.सं. १८९९ बाट भएको भए पनि यसले मौलाउने अवसर भने वि.स. १९९० पछि मात्र पायो । यसरी यस क्षेत्रको साहित्यको विकास गर्नमा विभिन्न विधामा सिर्जनशील अनेकौं प्रतिभाशाली साधक र विभिन्न भाषासाहित्यको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गरिएको छ ।

**रापतीको साहित्यिक रूपरेखा** कृतिमा चर्चा गरिएको सम्पूर्ण विषयवस्तु तयार पार्नका लागि प्रयोग गरिएका सामग्रीहरूलाई सन्दर्भ विवरण शीर्षक दिएर राखिएको छ । यसैगरी यस कृतिको अन्त्यमा परिशिष्ट पनि राखिएको छ । परिशिष्टलाई पनि परिशिष्ट-एक र परिशिष्ट-दुई गरी पुनः दुई खण्डमा विभाजन गरी केही थप जानकारी समेत दिइएको छ ।

परिशिष्ट-एक अन्तर्गत रापती अञ्चलको साहित्यिक विकासमा प्रारम्भिक समयदेखि हालसम्म महत्त्वपूर्ण योगदान पुऱ्याउने सिर्जनशील साहित्य साधकहरूको वर्णानुक्रमिक रूपमा संक्षिप्त जीवनवृत्त राखिएको छ । उनीहरूको संक्षिप्त जीवनवृत्त प्रस्तुत गर्ने क्रममा जन्म, जन्मस्थान, शिक्षा, कार्यक्षेत्र, सिजनविधा कृति, सम्पादन, सम्मान-पुरस्कार लगायतका विषय प्रस्तुत गरिएको छ ।

परिशिष्ट - दुई मा रापती अञ्चलको भाषा साहित्यमा गरिएका शोधकार्यहरूको कालक्रमिक विवरण राखिएको छ । वि.सं.२०५० देखि २०६५ सालसम्मको अवधिमा रापती क्षेत्रको साहित्यिक गतिविधिका विभिन्न सन्दर्भमा, विभिन्न समयमा विविध प्रयोजनका लागि गरिएका अध्ययन अनुसन्धानको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

### ४.३.२.३ निष्कर्ष

वि.सं. २०५३ मा प्रस्तुत **मध्यपश्चिमका कविता** कृतिमा प्रकाशित केही अंशलाई परिस्कार, परिमार्जन र संवर्द्धन सहित प्रस्तुत गरिएको क्षेत्रीय अनुसन्धानात्मक कृति हो **रापतीको साहित्यिक रूपरेखा** (२०६५) । रापतीका साहित्यिक गतिविधिहरूको रेखाङ्कन गर्ने उद्देश्यले हालसम्म भएका पूर्वकार्यहरू, संबद्ध क्षेत्रका साहित्यिक मित्रबाट प्राप्त जानकारीहरू तथा पुस्तकालयीय अध्ययनबाट पाएसम्मका सूचना र तथ्यहरू बटुल्दाबटुल्दै पनि अझै कतिपय आवश्यक तथ्यलाई समेट्न नसकेको र आवश्यक पुस्तक र पत्रपत्रिकाको अनुपलब्धताले गर्दा अपेक्षित सूचनासामग्री प्रस्तुत गर्न नसकेको लेखक स्वयम्ले स्वीकार गरेको विषय हो । जे होस यस समालोचनात्मक कृतिलाई रापती क्षेत्रको समग्र साहित्यको अध्ययन गर्न पर्याप्त कृतिको रूपमा लिन सकिन्छ । यस क्षेत्रको साहित्यिक विकासमा विभिन्न स्थानबाट प्रकाशित पत्रपत्रिका, पुस्तकाकार कृति, विभिन्न साहित्यकार व्यक्तित्व, यहाँका जातजाति र भाषाभाषीको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । क्षेत्रीय अनुसन्धानात्मक ऐतिहासिक यस कृतिमा विभिन्न शीर्षक, उपशीर्षकमा भेटिएसम्मका जानकारीलाई विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । लामो समयको अध्ययन र अनुसन्धानबाट तयार पारिएको यस कृतिमा शिष्ट र सरल नेपाली भाषाशैलीको प्रयोग गरिएको छ । अन्त्यमा के भन्न सकिन्छ भने सङ्क्षेपमै भए पनि रापती क्षेत्रको साहित्यिक गतिविधिलाई यस कृतिले अद्यावधिक गर्न अवश्य सकेको छ ।

## ४.३.३ 'परिधीय परिक्रमा' समालोचना सङ्ग्रहको अध्ययन

### ४.३.३.१ पृष्ठभूमि

**परिधीय परिक्रमा** केशव सुवेदीको तेस्रो पुस्तकाकार समालोचना सङ्ग्रह हो । सुवेदीका वि.सं.२०६० पूर्व डेढ दशकका समयावधिमा लेखिएका र विभिन्न समयमा विभिन्न पत्रिकामा प्रकाशित लेखहरूलाई सामान्य रूपमा हेरफेर गरेर दोभान पत्रिकाको वर्ष ९, अङ्क १: २०६५ सालमा प्रथम पटक एकीकृत रूपमा प्रकाशन गरिएको थियो । यसलाई **परिधीय परिक्रमा** समालोचना सङ्ग्रहका नामबाट २०६५ सालमा दोभान प्रकाशनले नै पुस्तकाकार कृतिका रूपमा पुनः प्रकाशनमा ल्यायो । यस कृति भित्र नेपाली साहित्यका विभिन्न साहित्यकाहरूले विभिन्न विधामा लेखेका कृतिहरूका बारेमा लेखिएका समालोचनात्मक लेखहरू प्रस्तुत गरिएको छ ।

केशव सुवेदीले यस कृतिमा सङ्कलित समालोचनाहरूमा कवितादेखि कथा, निबन्ध, भूमिका/ सम्पादन र अनुवादलाई समेत आफ्नो विषय बनाएका छन् । नेपाली साहित्यमा स्थापितदेखि समकालीनसम्मका प्रमुख साहित्यकार र तिनका कृतिहरूको विश्लेषण गरी लेखिएको प्रस्तुत कृतिमा ईश्वर वल्लभको काव्यचिन्तन, कृष्णहरि बरालका गीत, दिनेश अधिकारीका कविता, कथाकार गुरुप्रसाद मैनाली र उनको कथा, केशवप्रसाद उपाध्यायको साहित्य साधनामा समालोचक केशव सुवेदीले दृष्टि घुमाएका छन् । यसैगरी देवकोटाको 'के नेपाल सानो छ' निबन्ध, हृदयचन्द्रसिह प्रधानको निबन्धकारिता तुलसीराम शर्मा कश्यपको निबन्धकारितामाथि पनि चियोचर्चा गरेका छन् । यतिमात्रै होइन भूमिका/ सम्पादन लेखनमा कमलमणि दीक्षित र कृष्णप्रसाद पराजुली तथा अनुवाद साहित्यमा श्रीप्रसाद उपाध्यायको छाया-मेघदूतसम्म पनि आफ्नो समालोचनाको विषयवस्तु बनाएका छन् । यसरी यस कृतिमा नेपाली साहित्यको केन्द्रदेखि परिधीसम्मका विविध प्रसङ्गलाई समालोचनाको विषयवस्तु बनाइएकाले यस समालोचनासङ्ग्रहको नामकरण पनि सार्थक भएको देखिन्छ ।

## ४.३.३.२ मुख्य विषयवस्तु

### ४.३.३.२.१ कविता र काव्यचिन्तन सन्दर्भ

कविता र काव्यचिन्तन सन्दर्भमा ईश्वर वल्लभको भूमिका लेखनमा आधारित **प्रस्तुत** भूमिका सङग्रहसँग सम्बन्धित रहेर उनका काव्यचिन्तनका विविध आयाम खोतल्ने प्रयास यसमा गरिएको छ । यस्तै गरेर कृष्णहरि बरालका गीतमा अभिव्यञ्जित जीवन दृष्टि भन्दै उनको 'एक फूल अनेक दृष्टिलाई' सुवेदीले आफ्नो समालोचनाको आधार बनाएका छन् भने दिनेश अधिकारीको 'गाउँमाथि एउटा कवितालाई' कविता तत्त्वका आधारमा विश्लेषण गरेका छन् । यसरी समालोचनामा प्रस्तुत कविता र काव्यचिन्तनका विषयवस्तुलाई सरसर्ती नियाल्ने प्रयास यहाँ गरिएको छ ।

**ईश्वर बल्लभको काव्यचिन्तन** मा ईश्वर बल्लभको काव्यचिन्तन खुट्याउनुभन्दा पहिला उनको साहित्यिक व्यक्तित्वको चर्चा गरिएको छ । ईश्वर बल्लभ (१९९४ –२०६४ काठमाडौँ) लाई बहुमुखी साधकका रूपमा चिनाइएको छ । वि.सं. २०१२ देखि साहित्यिक यात्रा सुरु गरेका बल्लभले आफ्नो लामो साहित्यिक यात्राको अवधिमा साहित्यका कविता, कथा, गीत, निबन्ध र नाटक विधामा कलम चलाएको देखिन्छ । यी बाहेक उनले स्वतन्त्र लेख, भूमिका र समालोचना पनि निकै दख्खल राखेको उल्लेख पाइन्छ । नेपाली साहित्यमा आयामेली आन्दोलनका एक प्रवर्तक बल्लभ मूलतः आयामेली कविका रूपमा स्थापित छन् र सृजनाको परिणाम र गुणवत्ताका दृष्टिले कविता सृजनानै उनको साहित्य साधनाको महत्तम तथा गौरवशाली प्राप्ति पनि हो ।[६४]

ईश्वर बल्लभको बहुआयामिक व्यक्तित्व हुँदाहुँदै पनि उनको एउटा पाटो भूमिका लेखनको चर्चापरिचर्चामा शोधनायक सुवेदी केन्द्रित भएका देखिन्छन् । बल्लभ आयामेली आन्दोलनका प्रवर्तक एवम् कुशल काव्यस्रष्टाका रूपमा परिचित र प्रतिष्ठित भइसकेपछि उनले आफन्त दौँतरीहरू र अनुजहरूका कृतिमा भूमिका लेख्न थालेको पाइन्छ । **अन्तहीन सुरुवात** (२०४१) कविता सङग्रहको भूमिका लेखनबाट उदाएका बल्लभ **प्रस्तुत** (भूमिका सङग्रह,२०५९) सम्म आइपुग्दासम्ममा उनमा अन्तर्निहित काव्यचिन्तन खोतल्ने प्रयास सुवेदीले गरेका छन् ।

केशव सुवेदीले 'ईश्वर बल्लभको **प्रस्तुत** र काव्यचिन्तनका विविध आयाम' उपशीर्षकमा ईश्वर बल्लभका २०४१ साल देखि २०५९ सालसम्म लेखिएका एक्काइस ओटा भूमिकाहरू कस्ता छन् भनेर निरूपण गरेका छन् । उनका प्राय : सबै भूमिकाहरू कविता र गीतहरूसँग सम्बन्धित रहेको उल्लेख गरिएको छ । कविताका विभिन्न उपविधाका सीमाभित्र रहेर लेखिएका **प्रस्तुत**का भूमिकाहरूमा ईश्वर बल्लभको समष्टि साहित्यसम्बन्धी अवधारणा

---

६४. **केशव सुवेदी, परिधीय परिक्रमा, (काठमाडौं : दोभान प्रकाशन, २०६५ ) पृष्ठ १ ।**

आउने भएकाले उनको काव्यचिन्तनलाई पनि यी भूमिकाले नै उद्घाटित गरेका छन् । बल्लभलाई कवि र कविताका सम्बन्धमा लेख्न बस्ता 'भीतिको अनुभव' हुन्छ (अन्तहीन सुरुआत २०४१) र उनी "कविताको व्याख्या विश्लेषण वा आलोचना समालोचना गर्ने काम पेसागत व्यक्तिहरू वा विश्वविद्यालयका शिक्षकहरूको हो" (चराहरूको पहाड, २०५४) पनि भन्दछन् ।

इश्वर वल्लभ स्वयम् सिद्धहस्त काव्यस्रष्टा र उच्च काव्यचिन्तक भएको सत्यलाई उनका **प्रस्तुत** मा सङ्कलित काव्य भूमिकाले बताउँछन् । उनले कविता सृजनाको पूर्वपरम्परा, प्राचीनता र उद्भव स्रोतका बारेमा सङ्केत गर्दै भनेका छन् : "मृदुल वा ताण्डव सङ्गीतको लय वा तालमा पनि कविताको प्रारम्भ छ अर्थात् मानवीय अभिव्यक्तिका विम्बहरू छन् । सिजन र सृष्टि नै कविता हो ।" ( गगन बिरही, **हिउँदको फूल,** २०५४) ।

यसैगरी कवितामा हुनुपर्ने कोमलता र मधुरताजस्ता गुणतर्फ सङ्केत गर्दै भन्छन् : "कविताहरू मनका कोमलतम तथा मधुरतम आधारबाट निसृत हुन्छन् ।" ( नरेन्द्रराज प्रसाई, **मेरोमनको देउराली** ,२०४६) ईश्वर वल्लभका विचारमा 'मान्छे' अर्थात् जीवनजगत् कविताको आधारभूत विषय क्षेत्र हो । उनले कलात्मक प्रस्तुतिमा पनि त्यक्तिकै जोड दिएका छन् । उनका विचारमा "जतिसुकै जनताका निम्ति वा अभिव्यक्तिका निम्ति भने पनि कविता र गीतले सम्प्रेषणको स्तरमा कलात्मक नभए सुप्रभाव पार्दैन" (मञ्जुल, **चोकटी कविता**, २०५५) ।

उनका दृष्टिमा जनताका नाममा लेखिने कलाविहीन लेखनहरू कविताका कोटिमा पर्दैनन् । यसैगरी उनी कवितालाई सङ्केत भन्छन् । सङ्केतले सम्पूर्ण तथ्य भन्ने उल्लेख छ । कवितामा भाषाको माध्यमबाटै आफ्ना अनुभूतिलाई कलात्मक रूपमा पाठकसम्म पुऱ्याउने विचार **नरमेध**(२०५६) र **चुपचाप सहिरहन्छ** (२०५९) मा पाइन्छ ।

इन्दिरा प्रसाइँको **तिमी हुनुको** (२०५७) कवितासङ्ग्रहको भूमिका लेख्ने क्रममा बिम्बसिर्जना र नौलो तथा आद्भूतिक शैलीको चर्चा गरेका छन् भने कविको चेतना, उसभित्र अन्तर्निहित सद्भाव एवम् त्यसको इमान्दारीपूर्ण अभिव्यक्तिका बारेमा आफ्नो टिप्पणी **भ्रष्ट संवेदना** (२०५६) को भूमिकामा लेखेका छन् तर यी सबै भूमिका **प्रस्तुत** मा सङ्कलित छन् ।

ईश्वर वल्लभले **प्रस्तुत** (भूमिकासङ्ग्रह) मा गीतिसङ्ग्रहमा लेखेका भूमिका पनि सङ्कलित छन् । उनले गीतकारहरूका सिर्जनात्मक दायित्व तथा गीतिसिर्जनाका सम्बन्धमा उनले यस्तो भनेका छन्-"गीत लेख्न त्यति सजिलो मान्नु हुँदैन । यो पनि अरनिकोले मन्दिरको कुनै भाग वा आयामको रचना गरेजस्तै गाह्रो हुन्छ । थोरै पङक्ति र वाक्यहरूमा बाँधेर एउटा सिङ्गो जीवनको सिङ्गो आयामको कुनै पूर्ण पक्ष भन्न कति गाह्रो पर्छ ।" (राममान तृषित, **शोरा**, २०४७)

गीतका विम्ब र प्रतीकहरूमार्फत समाजको सामूहिक मनलाई प्रतिबिम्बित गरिने भएकाले पनि गीतिसिर्जना अझ कठिन र चुनौतिपूर्ण हुन्छ भन्ने उनको ठम्माइ छ । यसरी ईश्वर वल्लभद्वारा लिखित प्रस्तुत काव्यचिन्तनलाई सिलसिलाबद्ध रूपमा सुवेदीले प्रस्तुत गरेका छन् । 'उपसंहार' उपशीर्षक राखी उनले ईश्वर वल्लभलाई कस्ता खालका समालोचक हुन् भनेर चिनारी दिनुका साथै प्रवृत्तिगत आयाम पनि खुट्याएका छन् । उनले वल्लभलाई प्रज्ञावान् काव्यचिन्तक र कविताकृतिका कुशल समालोचक भनेका छन् । **प्रस्तुत**का भूमिकामा ईश्वर वल्लभले कविता र गीत भनेका के-कस्ता साहित्यिक विधा हुन्, तत्त्वहरू केके हुन्, रचनाप्रक्रिया कस्तो हुनुपर्छ भन्ने लगायतका विविध पक्षमा केन्द्रित भई प्रासङ्गिक रूपमा आफ्ना चिन्तनसूत्र प्रस्तुत गरेका छन् जसबाट उनका काव्यमान्यताका प्रमुख आयामलाई नियाल्न सकिने सुवेदी बताउँछन् ।

**कृष्णहरि बरालका गीतमा अभिव्यञ्जित जीवनदृष्टि** : कृष्णहरि बराल (वि.सं. २०१०, हतपते, सिन्धुली) युवावस्थासँगै गीतिक्षेत्रमा प्रवेश गरेको पाइन्छ भने प्रकाशन र प्रशारणको सिलसिला २०३२ सालबाट सुरु हुन्छ । निरन्तर गीतसिर्जनामा क्रियाशील बरालले वि.सं. २०५१ मा **'एक फुल : अनेक पत्र'** गीतिसङ्ग्रह प्रकाशित गर्ने गीतकारका रूपमा आफूलाई प्रतिष्ठित बनाएको चर्चा यहाँ गरिएको छ । बरालको प्रस्तुत गीतिसङ्ग्रह-भित्र नब्बे ओटा गीतहरू सङ्कलित छन् । विभिन्न विषय, भाव, शैली र लयमा संरचित यस सङग्रहका गीतहरूमा गीतकार बरालको आफ्नै पाराको जीवनदृष्टि अभिव्यक्त भएको छ भन्दै यसैको पर्यवेक्षणमा केशव सुवेदी केन्द्रित रहेका देखिन्छन् ।

**'एक फूलः अनेक पत्र**का गीतहरूको र लेखकीय जीवन सन्दर्भ' उपशीर्षकमा बरालका युवावस्थाका प्राथमिक प्रहर अर्थात बीस वर्षदेखि परिपक्व अवस्था अर्थात् चालीस वर्षको जीवन सन्दर्भमा लेखिएका गीतहरू यससङ्ग्रहमा रहेको उल्लेख गरेका छन् ।

**'एक फूल : अनेक पत्र** का गीतहरूमा अभिव्यञ्जित जीवन दृष्टि' शीर्षकमा सुवेदीले बरालका गीतहरू जीवनदृष्टिको अभिव्यञ्जित दृष्टिले विविध प्रकृतिका छन् र तिनमा कुनै खास जीवनका ठोस प्रतिपादनभन्दा चुलबुले बैंसका बेलादेखि चार दशकको उमेर पार गरिसकेको परिपक्व जवानीका बेलासम्मका जीवनबाट निसृत बहुल प्रकारको जीवनदृष्टि प्रकट भएको चर्चा यहाँ पाइन्छ । 'आध्यात्मिक चेतना' उपशीर्षकभित्र बराल आध्यात्मवादी चेतनाबाट प्रभावित गीतकार हुन् भन्ने तथ्य फेला पार्न सकिन्छ । उनका कतिपय गीतहरू विधिवादी वा भाग्यवादी चिन्तनबाट अनुप्राणित छन् । जीवन र यसका प्राप्ति र अप्राप्तिहरूलाई पनि विधिको विधान र भाग्यको अनौठो रहस्यको खेल भनिएको छ । बरालको जीवनदृष्टि आध्यात्मवादी चिन्तनबाट मात्र नभई भौतिकवादी चिन्तन धाराबाट पनि त्यत्तिकै अनुप्राणित भएको उल्लेख छ । जीवनजगत्का सुख सन्तुष्टि र प्राप्तिलाई बरालले स्वर्ग ठानेको देखिन्छ । जीवनलाई क्षणिकता र अनिश्चिततातर्फ सङ्केत गर्दै उनले

गीतमा भन्छन् “जीवन दुई दिनको घामछायाँ हो र यो एकै छिन् धपक्क बलेर निभ्ने बत्ती हो ।” यसरी बरालका गीतमा विशुद्ध आध्यात्मवादी जीवनदर्शनको स्वीकृति र समर्थन नभेटिए तापनि उनको जीवनचिन्तनको जगमा आध्यात्मिक चेतनाको छाप रहेको स्वीकार गरिएको छ ।

‘जीवनप्रतिको अनुराग’ उपशीर्षक राखी सुवेदीले बरालको **एक फूलः अनेक पत्रका** गीतहरूमा अभिव्यक्त जीवनदृष्टिको अर्को पक्ष जीवनजगत्प्रतिको आस्था र अनुराग पनि हो भनेका छन् । परम्परित आध्यात्मवादी चिन्तनका परिधीबाट उन्मुक्त हुँदै बरालले जीवनप्रति अगाध स्नेहसद्भाव दर्साएका छन् र जीवनप्रतिको यो ममताभाव पनि उनका गीतहरूमा निकै सशक्त देखिन्छ । जीवन स्वयम्मा एउटा पवित्र मन्दिर हो र जीवनमा गरिने प्रीतिप्रणयका कर्महरू चिरस्थायी बन्न सकून् भन्ने उनको मान्यता छ । जीवन स्वयममा एउटा उत्सव हो र जीवन नै स्वर्ग हो भन्ने धारणा पनि उनको छ । यसैबाट उनका गीतको जीवनप्रतिको अनुराग स्पष्ट हुन्छ ।

**एक फूलः अनेक पत्र** गीतसङ्ग्रहका गीतमा उनले जीवनलाई जति माया गरेका छन् त्यति घृणा पनि गरेका छन् । जिन्दगी केवल अध्यारो र शून्यताभित्रको एउटा तमासा मात्र हो, मान्छेको जिन्दगी आफैँभित्र छिन्नभिन्न छ र उसका निम्ति जीवनभन्दा मरण सर्वसुलभ बन्न पुगेको छ । जिउने बहानामा केवल मृत्युको प्रतीक्षा गर्नुपर्ने मानवीय जिन्दगीमा चारैतिर दुःख र पीडा, वितृष्णा र नैराश्य, एवम् मृत्युबोधका सन्दृष्टि ‘जीवनप्रतिको अनास्था’ उपशीर्षकमा सुवेदीले प्रस्तुत गरेका छन् । यसरी कृष्णहरि बरालको **एक फूलः अनेक पत्र** लाई केस्राकेस्रा पारी विभिन्न कोणबाट अभिव्यञ्जित जीवनदृष्टिलाई पहिल्याउने प्रयास सुवेदीले गरेका छन् र उपसंहारमा यसै निचोडलाई प्रस्तुत पनि गरेका छन् ।

**दिनेश अधिकारिको ‘गाउँमाथि एउटा कविता’** : दिनेश अधिकारी (वि.स.२०१६ मङसिर २२, हरिऔन सर्लाही) नेपाली कविताका नयाँ पुस्तामा चर्चित कवि व्यक्तित्व हुन् । उनले हालसम्म चारओटा कवितासङ्ग्रह र एउटा काव्य लेखिसकेका छन् भने विभिन्न समयमा विभिन्न पुरस्कारद्वारा पुरस्कृत र सम्मानित पनि भइसकेका छन् । **गाउँमाथि एउटा कविता** अधिकारीको **धर्तीको गीत** (२०४४) कवितासङ्ग्रहमा सङ्कलित रचना हो । सुवेदीको प्रस्तुत समालोचनात्मक लेख अधिकारीको **गाउँमाथि एउटा कविता** को विवेचनामा केन्द्रित रहेको देखिन्छ ।

**गाउँमाथि एउटा कविता** को शीर्षक यो बाहेक अन्य धेरै राख्न सकिए तापनि गाउँलाई विषयवस्तु बनाएर शीर्षकले कविताको प्रतिपाद्य विषयवस्तुलाई प्रत्यक्ष रूपमा सङ्केत गर्ने बताइएको छ । अङ्ग्रेजी भाषाको वाक्यढाँचाबाट प्रभावित हुदैँ कविले कविताको शीर्षक चयन गरे तापनि यो नेपाली वाक्यको उपयुक्त छैन तर पनि प्रतिपाद्य विषयवस्तुको प्रत्यक्ष सङ्केतका दृष्टिले चाहिँ प्रस्तुत शीर्षक सरल, संक्षिप्त र आर्कषक भएको उल्लेख छ

। **गाउँमाथि एउटा कविता** संरचना र कथनपद्धति उपशीर्षकमा प्रस्तुत कविता लामाछोटा गरी जम्मा ६४ पङक्तिपुञ्जकामा दुई परिच्छेदमा विभाजन गरी पूरा भएको भनिएको छ । सम्पादकलाई सम्बोधन गरी थालिएको यस कविताको दोस्रो परिच्छेदमा सम्पादकद्वारा अखबारमा छापिने अनेक आन्दोलन तथा भौतिक विज्ञानका आश्चर्यजनक खबर गाँउलेका निम्ति निरर्थक रहेको र जीवनशैलीमा कुनै फरक नपार्ने उल्लेख गरिएको छ । कथनपद्धतिका दृष्टिले पहिलो अनुच्छेद तृतीय पुरुषात्मक तथा दोस्रो अनुच्छेदमा मध्यम पुरुषात्मक कथन पद्दति रहेको जानकारी पाइन्छ ।

'**गाउँमाथि एउटा कविता** को विषयवस्तु' उपशीर्षकमा विभिन्न फरकफरक प्रसङ्का आधारमा हेरिएको छ । कवितामा प्रस्तुत गाउँ चर्चित कुनै एक ठाँउको मात्र नभई पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म र तराइदेखि पहाडसम्म फैलिएको नेपालको गाउँ भएको धारणा व्यक्त गर्दै यसै विषयवस्तुको सेरोफेरोमा कविताको मुख्य विषयवस्तु के हो अर्थ्याउने प्रयास गरिएको छ । आधुनिकताले छुन नसकेको यस गाँउका मान्छे अन्धपरम्परामा विश्वास गर्छन । समयको सङ्केत भालेको डाकोले दिन्छ । छिमेकीको अगेनाबाट आगो ओसारपसारबाट सुरु भएको दिनचर्या घाँसपात, गोबरसोत्तर, अर्मपर्ममा जाने, धामी बसाउने आदि कुनै पनि कामका लागि कसैलाई तालिम दिनु पर्दैन आफैँ सिक्छन् भन्ने जस्ता विषयवस्तु पहिलो परिच्छेदमा छन् भने दोस्रो परिच्छेदमा आधुनिकतासँगै बढ्दै गएका बमवर्षा, चुनाब र आन्दोलन कुनै कुराले यो गाउँलाई चासो नभएको उल्लेख गरिएको छ । यसैगरी कविले गाउँमा कतै बूढीका 'थोता दाँत' झै एक्लाएक्लै र कतै अङ्गुरका झुप्पाझैं एकै ठाउँमा गुजुमुन्ज परेका घरहरू छन् भनेर गाउँघरको भौतिक अवस्थितिको दृश्यचित्र प्रस्तुत गरेका छन् । 'गाउँमा बस्ने मान्छेहरू' भित्र वर्ग विभाजित भन्दा पनि आर्थिक दृष्टिले वर्गीय विभाजित भइसकेको र शिक्षा र चेतनाको लहरले छोइनसकेको ग्रामीण समाजका मान्छेहरूको यथार्थलाई उद्घाटित गर्न खोजेको देखिन्छ । 'अन्धविश्वासलाई विश्वास मानेर उग्राइरहेका केही मान्छेहरू छन्' भन्दै सुख-सुविधा र मोजमस्तीमा सहरमा रम्ने चेतनशील र सम्पन्न भनाउँदा मान्छेहरूलाई प्रतिध्वनित गरेको देखिन्छ ।

'गाँउको जीवनशैली र संस्कृति उपशीर्षकमा समालोचक सुवेदीका दृष्टिचेतले **गाउँमाथि एउटा कविता** भित्र देखेका गाँउले जीवनशैली र संस्कृतिलाई केलाउने प्रयास गरेका छन् । जीवनशैलीकै सन्दर्भमा कवितामा प्रस्तुत केही श्लोक यहाँ साभार गरिएको छ जसले त्यस गाउँको सम्पूर्ण पक्षलाई समेटेको छ:

*छ भने सबैलाई*
*भकारो सोहोर्ने थाहा छ*
*अनौ समात्ने तरिका थाहा छ*
*बाली लगाउने र भित्र्याउने याम थाहा छ*
*भाकल चढाउने दिन थाहा छ*

*कुलो लगाउने पालो थाहा छ ।*

माथि प्रस्तुत कविताका केही हरफबाट नै गाँउले जीवनशैली बुझ्न सकिन्छ भने अन्धविश्वास र परम्परागत ग्रामीण संस्कृति बुझ्न तल प्रस्तुत हरफको अध्ययन गर्नु पर्ने हुन्छ :

*परदेश गएकाहरूको कुशल-मङ्गल*
*जहाँ अँगेनामा नुन पड्काएर गर्न सकिन्छ*
*आज धामी बसाउनु पर्छ- हिरेको छोरो सिकिस्त छ ।*

गाउँको समसामयिक अवस्थाका बारेमा पनि चर्चा गरिएको छ । गाउँको समसामयिक अवस्थाको मार्मिक चित्र उतार्न सफल केही पङक्तिहरू प्रस्तुत गरिएको छ :

*एउटै इनार छ सम्पूर्ण गाउँमा*
*र पनि कसैले पानी पिउन नपाएको गुनासो छैन ।*

यसरी यहाँको समाजमा न त पानी पिउन नपाउँदाको गुनासो छ न त ढिकीजाँतोका पिसाइमा पर्दाको पीडा छ । अज्ञानता, विवशता र पछौटेपनसँग सम्झौता गरेर ग्रामीण समाज बाँचिरहेको छ । यिनका विरुद्धको विद्रोह त्यहाँ जन्मन सकेको छैन भन्ने जानाकारी समालोचनामा पाइन्छ ।

**गाउँमाथि एउटा कविता** मा व्यङ्ग्य भन्दै कविले गरेको शिष्ट र शालीन व्यङ्यको विश्लेषण पनि यहाँ गरिएको छ । समसामयिक ग्रामीण समाजका लागि अनेक राजनीतिक तथा वैज्ञानिक गतिविधिहरू निरर्थक रहेको र अन्धविश्वासपूर्ण एवम् गतिहीन ग्रामीण समाजप्रति तीक्ष्ण व्यङ्ग्य प्रस्तुत छ । ग्रामीण समाजका यथार्थता र वास्तविकताबाट अनभिज्ञ र तथाकथित अन्तर्राष्ट्रिय सचेतताबाट प्रेरित बौद्धिक नेपाली समाजप्रति पनि गतिलो व्यङ्ग्य प्रहार गरिएको देखिन्छ । गद्यलयको प्रयोग गरी नेपाली भाषाका सरल, निक्खरा पदावलीहरूको संयोजन गरी विम्ब तथा उपमा, रूपक, स्वभावोक्ति, दृष्टान्त र अनुप्रास जस्ता अलङ्कारको प्रयोग गरी कविताको भाषा र शैलीशिल्प आकर्षक तुल्याएको उल्लेख छ । यसरी दिनेश आधकारीको **गाउँमाथि एउटा कविता** शीर्षकमा प्रस्तुत समालोचनात्मक लेखको अन्त्यमा सुवेदीले उपसंहार मार्फत यसमा उठान गरिएका सम्पूर्ण विषयको निचोड पनि दिएका छन् ।

### ४.३.३.२.२ कथा सन्दर्भ

**कथाकार गुरुप्रसाद मैनाली र उनको 'कर्तव्य' कथा** : समालोचक केशव सुवेदीले कथाकार गुरुप्रसाद मैनाली (१९५७–२०२८) को सामान्य परिचय, कथासिर्जनामा उनको अवतरण र उनले लेखेको **कर्तव्य** कथाको विश्लेषण गरेका छन् । सानै उमेरमा पारिवारिक उत्तरदायित्व वहन गर्नु पर्ने परिस्थितिले गर्दा सरकारी जागिरमा प्रवेश गरेका मैनाली आफ्नो जागिरका सिलसिलामा विभिन्न स्थानहरूमा पुगेका थिए । मैनालीले आफू पुगेका

स्थानहरूमा देखेभोगेका सामाजिक घटनालाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । दिनहुँ समाजमा घट्ने घटना उच्च, मध्यम तथा निम्न वर्गका सुखदुःखका कथाव्यथालाई उद्घाटन गर्दै **नासो** कथा **शारदा** पत्रिकामा १९९२ मा प्रकाशित गरी कथा सिर्जनाका फाँटमा देखा परेका मैनाली एक दर्जनभन्दा बढी कथा लेखी आधुनिक कथाकारका रूपमा प्रतिष्ठित भए । उनको २०२० सालमा **नासो** कथासङ्ग्रह प्रकाशित छ । यसरी सामाजिक जीवनका यथार्थको रेखाङ्कन गर्दै उच्च उदात्त मानवीय आदर्शको महिमा गाउनु नै मैनालीका कथा सिर्जनाको मूल साध्य भएको सुवेदी बताउँछन् ।

'**कर्तव्य** कथाको लेखन–प्रकाशन सन्दर्भ र संरचनामा' २००७ सालपछिको समयमा तत्कालीन परिस्थितिमा भाइहरूका बीचमा हुने विभिन्न किसिमका झगडा र निभाउनु पर्ने कर्तव्यको सन्दर्भ यस कथामा प्रस्तुत गरेको देखिन्छ । कथा संरचनाका दृष्टिले कर्तव्य कथालाई अङ्कद्वारा सङ्केत गरेर चार परिच्छेदमा संरचित भएको उल्लेख छ ।

'**कर्तव्य** कथाको परिच्छेदगत मुख्य विषय सन्दर्भ र समीक्षा' उपशीर्षकभित्र रहेर **कर्तव्य** कथालाई चार परिच्छेदमा आधार बनाई सुवेदीले अध्ययन गरेका छन् । पहिलो परिच्छेदमा कथाका प्रमुख पात्रहरू गङ्गाधर, मुरलीधर र श्रीधर तथा सहायक पात्रका रूपमा कमला, शशिधर र रमालाई प्रस्तुत गरेका छन् । यस परिच्छेदमा गङ्गाधरको चरित्रचित्रण गर्नुका साथै उनलाई ग्रामपिताका रूपमा उभ्याइएको छ । सत्य, न्याय र आदर्शका प्रतिमूर्ति गङ्गाधरको निधनबाट गाँउलेहरूले आफ्नो टेक्ने लट्ठी नै भाँचिएको टिप्पणी यहाँ गरिएको  छ । मुरलीधर संस्कृत पढेलेखेका सदाचारी ब्राहमण थिए । उनी आफ्नो धर्म र परम्पराप्रति असीम श्रद्धा राख्थे र अरूलाई सताउनु महापाप सम्झन्थे । यसैगरी धोक्रे सुरुवाल कुर्ता, लामो बुलबुल लगाउने आधुनिकताका प्रतिमूर्ति श्रीधर लगायतका पात्रहरूको प्रवृत्ति यहाँ केलाउने प्रयास गरिएको छ । दोस्रो परिच्छेदमा '**कर्तव्य** कथाको मूल विषयवस्तु प्रस्तुत गरिएको छ । जहाँ बाबुको मृत्युपछि छोराहरू मुरलीधर र श्रीधरबीच जिउनी खेतका लागि उत्पन्न विवादलाई देखाइएको छ । यही विवादलाई मिलाउन सारा गाउँ उपस्थित घरआगनमा मिल्न नसकेको यो झगडा अदालतसम्म पुग्छ । कुनै लिखित प्रमाण नभएका कारण र जनक्रान्तिपछि अड्डाअदालतमा श्रीधरको धाकरबाफ चल्ने हुदाँ मुरलीधरको पराजय र श्रीधरको विजय भएको देखिन्छ । जिउनी खेतको मुद्दामा मुरलीधरको पराजय देखाइ कथाकारले युगीन सामाजिक संस्कारका परिवर्तनका प्रक्रियामा पुरानो पुस्ताका मूल्य, मान्यता र आदर्शहरू क्रमशः खिइँदै जान थालेको र प्रजातन्त्रोत्तर युगको नयाँ पुस्ताका उच्छृङ्खलता र व्यक्तिवादी स्वार्थी प्रवृत्तिहरूले आफ्नाआफ्ना प्रभावहरू जमाउँदै जान थालेको सामाजिक वस्तुसत्यलाई पनि उद्घाटन गरेका छन् ।[टछ] युवावस्थामा

[65]= s]zj ;']j]bL, kl/wLo kl/qmdf,-sf&df*f}+ M bf]efg k|sfzg , 2065 _, k[i& 34 .

आहारविहारमा ध्यान नपुऱ्याउदा असमयमै रोगको सिकार बन्नु परेको र अर्कातर्फ दाजुप्रति गरेको पापस्वरूप श्रीधरले कष्ट भ्फेल्नु परेको धारणा पनि व्यक्त हुन  पुग्छ । शशिधरको बिहेको प्रसङ्ग यहाँ जोडिएको छ । कूलको इज्जत जाने देखेर मूरलीधरले आफूलाई नबोलाए पनि जन्त गएर बाबुबाजेको इज्जत बचाएर सबैको प्रशसाको पात्र बनेका दाजुले गरेको सत्कर्म थाहाँ पाउदा श्रीधरले आफूले गरेको गल्तीको पश्चात्ताप गरी आधा जिउनी खाने खबर पठाउँदा स्वीकार नगरी उल्टै पश्चात्तापमा फँसाइदिए । श्रीधरले अब आफ्नो अन्तिम घडी आएको भन्दै छोराछोरीलाई शरण लिइदिन अनुरोध गर्दा मुरलीधरले उनलाई ढाडस दिदैं केही नहुने आश्वासन दिएर उपचारका लागि विदेशतिर औषधीमूलो गर्न हिँडाएको उल्लेख तेस्रो परिच्छेदमा गरेका छन् । चौथो परिच्छेदमा जहिले पनि सत्यको नै जित हुने भन्दै मुरलीधरले हारेर पनि जितेका छन् भने श्रीधरले जितेर पनि हारेको देखिन्छ ।

यसरी प्रस्तुत कथामा तत्कालीन समयको राजनैतिक, सामाजिक तथा सांस्कृतिक परिवेशको चित्रण गरिएको छ । यो कथा तृतीय पुरुष कथन पद्धति र वर्णनात्मक ढाँचामा लेखिएको छ यसमा भाषाशैली सरल तथा परिष्कृत रहेको बुझिन्छ । मैनालीलाई उच्च, उदात्त, सुसंस्कृत तथा आदर्श समाजको परिकल्पना गर्ने आदर्शवादी कथाकार हुन् भन्दै उनले प्रस्तुत गरेको '**कर्तव्य** कथाका माध्यमबाट आफ्ना कर्तव्यप्रति जागरुक रहनुपर्ने सन्देश दिएको टिप्पणी समालोचक सुवेदीले गरेका  छन् ।

**केशवप्रसाद उपाध्यायको साहित्यसाधनाको पूर्वपीठिका : :कथा सिर्जना** केशवप्रसाद उपाध्याय (वि.स.१९९०) नेपाली साहित्यका बहुमुखी प्रतिभा भएका साधक हुन् भन्दै संस्कृत एवम् हिन्दीमा कविता र निबन्ध लेखेर सिर्जनाका प्रारम्भिक अभ्यास सुरु गरेका उनले नेपाली साहित्यका सिर्जनामा भने २०११ सालदेखि मात्र अवतरण गरेको जानकारी सुवेदीले दिएका छन् । कविता, कथा, निबन्ध र समालोचनामा कलम चलाएका उपाध्यायको **मेरो सृष्टिःमेरो दृष्टि** (२०६०) उनकी श्रीमतीका सक्रियतामा प्रकाशन भएको हो । यही **मेरो सृष्टिःमेरो दृष्टि** सङ्ग्रहमा समेटिएका कथा रचनाका पृष्ठभूमिमा उनको साध्य साधनाको पूर्वपीठिकालाई नियाल्ने प्रयास सुवेदीले यहाँ गरेका छन् ।

उपाध्यायको कथा सिर्जनायात्रामा उल्लेख भएभ्फैं उनको कथालेखन अरूको आग्रहमा लेखिएको **रातो सपना** कथा २०१३ सालमा **नौलो पाइलो** पत्रिकामा बनारसबाट प्रकाशित गरी कथा यात्राको आरम्भ भएको देखिन्छ । त्यसपछि विभिन्न पत्रिकामा प्रकाशित तथा अनूदित समेत गरी जम्मा चारओटा कथा **मेरो सृष्टिःमेरो दृष्टि** मा देखिन्छन् । यसैबाट उनी नेपाली साहित्यमा कुशल स्रष्टाका रूपमा देखा पर्दछन् ।

**'मेरो सृष्टिःमेरो दृष्टि** का कथाको विवेचना' उपशीर्षकमा यसभित्र रहेका कथाको विश्लेषण सुवेदीले गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित **खोटो अठन्नी** पहिलो कथा हो । प्रथम पुरुष कथनपद्धतिमा आधारित यस कथाको मुख्य पात्र 'म' हो र उसैको यात्रा

स्मृतिलाई कथाको विषयवस्तु बनाइएको छ । सम्भावित दुष्परिणामबाट जोगिएको घटना शृङ्खला यस कथामा समायोजन गरिएको छ । यस कथामा प्रयुक्त विभिन्न परिवेश तथा मानसिक चित्रणले आञ्चलिकता र मनोविश्लेषणात्मक स्पर्श समेत दिएको छ । यसै सङ्ग्रहमा सङ्कलित अर्को कथा **नाउँको खेलाची** हो । कोइराल्नी बजै जस्ता गाउँघरमा भएनभएका कुराहरू खेलाउदै हिँड्ने नारी चरित्रका कारण पुष्पा जस्ता चरित्रमा पर्न गएको पीडा र पछि उक्त चिन्ताबाट उम्किएको कथावस्तु समायोजन गरी कथा बुनिएको छ । प्रस्तुत कथा सिर्जनात्मक गुणस्तरका दृष्टिले सशक्त बनेको छ । **प्रेमको त्रिवेणी** प्रसिद्ध फ्रान्सेली साहित्यकार बादलेयरको जीवनीमा आधारित कथा हो । यसलाई उपाध्यायले हिन्दीबाट नेपालीमा अनुवाद गरेका हुन् । यो उनको आफ्नो मौलिक रचना भने होइन । **मेरो सृष्टिःमेरो दृष्टि** को अन्तिम कथा **पछ्याउने आँखा** सामाजिक विषयवस्तुमा आधारित प्रेम र प्रणयको कथा हो । 'म' पात्र र किशोरीबीचको बालसुलभ प्रेमबाट सुरु भएको आकर्षण व्यक्त गर्न नसके पनि उनीहरूबीचको आकर्षण भने पछिसम्म देखा पर्दछ । उनीहरू अलग अलग विवाहित भइ सक्दा पनि किशोरीले उसको घरमा सहनु परेको बुहार्तन र विभिन्न समयमा भएको भेटघाटबाट 'म' पात्रको किशोरीप्रतिको स्नेह आन्तरिक रूपमा चुलिन पुग्छ । किशोरी पारिवारिक बन्धनले दुर्बल, मरन्च्यासे र रूपश्रीविहीन हुन पुगेकोमा 'म' पात्रमा भएको अपराधबोधको अनुभवसँगै कथाले विश्राम लिन पुगेको छ । कथानकको विन्यास, चरित्रको संयोजन, संवाद र भाषाशैलीका दृष्टिले उत्कृष्ट कथा रचना गर्ने उपाध्यायलाई सामाजिक यथार्थका धरातलमा चरित्रहरूको मनस्तात्त्विक विश्लेषण गर्ने, कथा सिर्जनाका सीप र सामर्थ्य प्रयोग गरी कथा सिर्जना गर्ने कथाकारका रूपमा सुवेदीले उभ्याएका छन् ।

### ४.३.३.२.३ निबन्ध सन्दर्भ

**के नेपाल सानो छ ? निबन्धको विवेचना** :निबन्धकार लक्ष्मीप्रसाद देवकोटा ( वि.स.१९६६–२०१६) दश वर्षको उमेरदेखि नै साहित्य सिर्जनामा प्रवेश गरेका थिए । नेपाली साहित्यका सम्पूर्ण विधामा कलम चलाउने देवकोटाले प्रशस्त मात्रामा निबन्घ पनि लेखेका छन् । उनका **लक्ष्मी निबन्धसङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) निबन्ध सङ्ग्रह प्रकाशित भएका देखिन्छन् । कलात्मक निबन्धको लेखनको प्रारम्भ गर्ने देवकोटा एक सफल आत्मपरक निबन्धकार रहेको जानकारी पाइन्छ । प्रकृति, परमेश्वर र मानवताप्रति त्रिकोणात्मक सम्बन्ध राख्ने उनका निबन्धमा रौँचिरा बौद्धिकभन्दा निश्छल आत्मप्रकाशन पाइन्छ ।

**'के नेपाल सानो छ** ? निबन्धको विवेचना' उपशीर्षकभित्र कृतिगत सन्दर्भ दिँदै **'के नेपाल सानो छ** ? निबन्ध २००२ सालमा **लक्ष्मी निबन्धसङ्ग्रह**मा प्रकाशित भएको उल्लेख गरिएको छ । नेपाल सुन्दर, शान्त विशाल भनी लेखिएको पूर्वस्मृतिका प्रसङ्गबाट प्रारम्भ भएको यस निबन्धमा वि.स. २००२ भन्दा पूर्वको नेपाललाई लक्ष्य गर्दै त्यस बेलाको प्राकृतिक, साँस्कृतिक र सामाजिक परिप्रेक्ष्यमा नै नेपाललाई सुन्दर, शान्त र विशाल भनिएको हो ।

**'के नेपाल सानो छ** ? निबन्धको मुख्य आशय' उपशीर्षकमा यस निबन्धमा रहेका १४ ओटा अनुच्छेदमा अभिव्यक्त मुख्य आशयबारे छुट्टाछुट्टै चर्चा यहाँ सुवेदीले गरेका छन् । पहिलो अनुच्छेदमा यो निबन्ध लेख्दाको पृष्ठभूमि व्यक्त गरेका छन् भने दोस्रो अनुच्छेदमा भौगोलिक आकार प्रकारका दृष्टिले सानो भए पनि नेपालको आफ्नै मूल्य र महत्त्व रहेको विचार भेटिन्छ । भौतिक परिणामका दृष्टिले भन्दा गुणात्मक विशेषताका आधारमा ठूलो र सानो छुट्याउनु पर्ने धारणा तेस्रो अनुच्छेदमा व्यक्त छ भने चौथो अनुच्छेदमा विदेशी शिक्षाको प्रभावका बारेमा चर्चा गर्दै अङ्ग्रेजी पढेलेखेकाहरूले अङ्ग्रेजीको नक्कल गर्न रुचाउँछन तापनि देवकोटाले चाहिँ पहाडी प्राकृतिक सौन्दर्यले सिङ्गारिएको आफ्नै देशलाई सुहाउँदो मातृभाषा र साहित्य नै मन पराएको देखिन्छ । यसैगरी पाँचौ अनुच्छेदमा हाम्रो देश नेपाल सानो भएपनि गीत, सङ्गीतका दृष्टिले समृद्ध र महान् छ भन्ने धारणा व्यक्त छ । शान्तिको पुण्यभूमि नेपाल तथा सरल, सजीव एवम् निर्मल नेपाली हृदयको मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । यसै बीच कृत्रिम वैज्ञानिक सञ्चार र संस्कृतिप्रति तिखो व्यङ्ग्य छ । छैठौँ र सातौ अनुच्छेदमा यही सानो तथा सुन्दर देशमै स्वर्गको चमत्कार र पृथ्वीको परिपूर्णता पनि प्राप्त गर्न सकिने धारणा रहेको छ । मैदानी देशभन्दा पहाडी देश नेपाल नै सिर्जनात्मक सौन्दर्य स्रोतका दृष्टिले समेत उच्च रहेको कुरा आठौँ अनुच्छेदमा व्यक्त छ भने नेपालका प्राकृतिक विशेषताका बारेमा नवौँ परिच्छेदमा उल्लेख गरेका छन् । नेपाली जातिमा उच्च विचार र उदार भावना पाइनुका साथै प्रकृतिले सिँगारिएको सानो देशमै पूर्ण

मनुष्यत्व पनि उपलब्ध हुने धारणा दसौँ र एघारौँ अनुच्छेदमा पाइन्छ । मातृभूमि जस्तो ठूलो चिज दुनियाँमा केही हुँदैन भन्दै आफूले मातृभूमिमै विश्वप्रेमको पाठ सिकेको चर्चा बाह्रौ अनुच्छेदमा गरेका छन् । आफ्नो राष्ट्रियतामाथि गौरवबोध गर्नुका साथै "सजीव अनुभवहरूको कलात्मक प्रकाशन नै साहित्य हो" भन्दै त्यो सच्चा नेपाली होइन त्यसले नेपाली साहित्यको सृजना गर्न सक्दैन भन्ने सन्देश तेह्रौँ र चौधौँ अनुच्छेदमा व्यक्त छ ।

'**के नेपाल सानो छ** ? निबन्धका मुख्य विशेषता' उपशीर्षकभित्र प्रस्तुत निबन्धको मुख्य विषयवस्तुसँग सम्बन्धित विशेषताहरू राखिएका छन् । देशभक्तिको भावनाले भरिएको यस निबन्धमा भौतिक रूपमा नेपाल सानो देखिए पनि यो 'सुन्दर, शान्त र विशाल' रहेको छ । नेपाललाई विभिन्न बहुमूल्य वस्तुसँग तुलना गर्दै स्वर्गको सङ्केत गरेका छन् र संसारका समस्त सौन्दर्यको प्रतिबिम्ब पनि नेपाल रहेको उल्लेख गरेका छन् । मैदान भन्दा पहाड नै सृजनात्मक सौन्दर्यको दृष्टिले महत्त्वपूर्ण रहेको बताइएको छ । प्रथम तथा तृतीय पुरुष कथनपद्धतिमा लेखिएको यस निबन्धको भाषाशैली सुन्दर एवम् आकर्षक छ । यसमा पोथी गद्यशैलीको प्रयोग गरिएको देखिन्छ । यसरी समालोचक सुवेदीले **के नेपाल सानो छ** ? निबन्धको विश्लेषण गरेका छन् ।

**हृदयचन्द्रसिंह प्रधानको निबन्धयात्राः** हृदयचन्द्रसिंह प्रधान (वि.स.१९७२-२०१६) को नेपाली साहित्यका कथा, नाटक, उपन्यास, समालोचनाजस्ता विभिन्न विधामा चलेको कलम निबन्धमा गएर बढी सक्रिय रहेको छ । उनले विभिन्न समयमा लेखेर र प्रकाशित गरेका निबन्ध तथा उनको निबन्ध यात्राका साथै प्रवृतिको विवेचना यहाँ गरिएको छ । नाम परिवर्तन गराउने धुनमा रहेका हृदयचन्द्रसिंहले **भ्रातिस्नेह** शीर्षकको गद्यलेख **शारदमा** १९९१ सालमा प्रकाशित गरी निबन्धयात्रामा प्रवेश गरेको जानकारी पाइन्छ ।

हृदयचन्द्रसिंहको निबन्ध सिर्जनाको पृष्ठभूमि निबन्धयात्राको सन्दर्भ कोट्याउने प्रयासमा सुवेदीले उनका पाँचओटा निबन्धसङ्ग्रहलाई आधार बनाएका छन् । प्रेमपत्रात्मक निबन्धहरूको सङ्कलन **भूस्वर्ग** (२००३), **तीस रुपैयाको नोट** (२००३), **जुँगाँ** (२००९) ,**कुरा साँचो हो** (२०११) र **अफशोच** (२०२७) उनले आफ्नो जीवनकालमा लेखेका निबन्धसङ्ग्रह हुन् । समालोचक सुवेदीले हृदयचन्द्रसिंहका निबन्धयात्राको चरण विभाजन गर्दै प्रत्येक चरणका प्रवृतिहरूको विश्लेषण समेत गरेका छन् । उनले हृदयचन्द्रको निबन्धयात्रालाई तीन चरणमा विभाजन गरेका छन् :

प्रथम चरण : आरम्भदेखि २००१सालसम्म

द्वितीय चरण : २००२ देखि २००७ सम्म

तृतीय चरण : २००८ देखि २०१६ सम्म

हृदयचन्द्रसिंहका प्रथम चरणका निबन्धहरू प्रेमपत्रसँग सम्बन्धित छन् । नारीलाई अति नै महत्त्व दिइएको यो चरणमा नारी गृहलक्ष्मी हो र नरकको ढोका होइन स्वर्गको

सोपान हो भन्ने धारणा सार्वजनिक गरेका छन् । यस चरणका उनका निबन्धहरू ज्यादा औपदेशिक बनेका छन् र उनमा वैयक्तिक अनुभूतिको अभिव्यक्तिभन्दा आदर्श र सत्विचारलाई औपदेशिक भाकामा प्रस्तुत गर्ने प्रवृति रहेका छन् ।[टट] **भूस्वर्ग** यसै चरणको निबन्धसङ्ग्रह हो जसमा पत्रात्मक ढाँचामा लेखिएका आदर्श र प्रेमभावमूलक वैचारिक निबन्ध रहेका छन् । यस बाहेक **अफशोचमा** सङ्कलित निबन्ध पनि यसै चरणमा लेखेका निबन्ध रहेका छन् ।

द्वितीय चरण हृदयचन्द्रसिंहको निबन्ध लेखनको अत्यन्तै उर्वर चरण भएको मानिन्छ । सुवेदीले उनका यस चरणमा प्रकाशित निबन्ध र निबन्धगत प्रवृत्तिको पनि चर्चा गरेका छन् । **तीस रुपियाँको नोट** (२००२) का र **जुँगा** (२००९) मा प्रकाशित निबन्धसङ्ग्रहका केही निबन्ध यसै चरणमा लेखिएका थिए । प्रधानले यस चरणमा आईपुग्दा निबन्ध विधाका मर्महरूलाई आत्मसात् गर्दै निबन्ध लेख्न थालेको देखिन्छ । उनले यस चरणका निबन्धमा आत्मपरक र स्वतन्त्र गद्य लेखनलाई आत्मसात् गर्दै मान्छेलाई जीवनका उज्याला र सत् पक्षतिर प्रेरित गर्न खोजेको देखिन्छ । सुवेदीका अनुसार प्रधानले वैयक्तिक जीवन भोगाइसँग सम्बद्ध यथार्थ र सामाजिक यथार्थ गरी दुई पाटाबाट निबन्ध रचना गर्दछन् । उनले आफ्ना निबन्धमा अन्याय, अत्याचार, शोषण, दमन र कुसंस्कारको विरोध गरेका छन् साथै व्यक्ति वा समाज यस्तो हुनुपर्छ भन्ने आदर्शवादी स्थापनाहरूपनि प्रस्तुत गरेका छन् । विचारप्रधान भएर पनि कहानी र एकाङ्की–नाटक जस्तै निबन्ध पनि कलामय भएर चुट्किलो सरल र सुन्दर हुन सक्छ भन्ने धारणा राख्ने प्रधानको निबन्ध लेखनको मूल प्रविधि आत्मकथाको संयोजन हो । ठट्यौली, मार्मिकता र व्यङ्ग्यात्मकता उनका निबन्धका प्राप्ति हुन् । जसको पूर्वरूप **जुँगा** निबन्धसङ्ग्रह हो । उनले हास्यव्यङ्ग्यको जेजति प्रयोग गरेका छन् त्यसले उनको निबन्धकलालाई सिँगारपटार गर्न सहयोग पुगेको देखिन्छ । यसरी विभिन्न किसिमका आयामलाई केस्राकेस्रा गरी विश्लेषण गरिएको छ ।

प्रधानको निबन्धयात्राको तृतीय चरणमा पनि सुवेदीले **कुरा साँचो हो** (२०११) र **अफसोच** (२०२७) भित्रका सबै निबन्धहरूको विषयवस्तुको समेत उठान गरी प्रवृत्तिगत विशेषता केलाउने प्रयास गरेको देखिन्छ । यस चरणमा प्रधान निबन्ध लेखनभन्दा एकाङ्की, उपन्यास, समीक्षा र कथा लेखनतर्फ आकर्षित भएको देखिन्छ भने भावुक आदर्शवादी विचारकभन्दा ज्यादा यथार्थवादी बनेको पाइन्छ । साथै प्रगतिवादी राजनीतिक चेतनाको छाप पनि उनमा बढी नै भेटिन्छ । वैयक्तिक जीवनका घटनाहरूलाई प्राथमिकता दिएका प्रधानले यस बेलासम्म भाषाशैलीको पर्याप्त परिष्कार र परिमार्जन गरेका छन् ।

केशव सुवेदीले निबन्धकार हृदयचन्द्रसिंह प्रधानको निबन्धयात्रालाई रौँचिरा अध्ययन गरेका छन् । हृदयचन्द्रसिंह प्रधानलाई नेपाली निबन्ध परम्परामा निबन्धकार लक्ष्मीप्रसाद

[66]= P]hg k[i& 63 .

देवकोटापछि र निबन्धकार शङ्कर लामिछाने पूर्वका आत्मवृत्तान्त र आत्मभोगलाई मूल सामग्री बनाई सरल भाषाशैलीमा निबन्ध लेख्ने आत्मपरक निबन्धकार हुन् भन्दै स्थान निर्धारण गर्ने काम समेत सुवेदीले गरेका छन् ।

**तुलसीराम शर्मा 'कश्यप' को निबन्धकारिता** : तुलसीराम कश्यप (सन् १९३९–१९९८) बहुमुखी साहित्य साधक हुन् भन्दै उनको निबन्धकारिताको चर्चा गर्नुअघि केशव सुवेदीले उनको प्रेरणा र पृष्ठभूमि प्रस्तुत गरेका छन् । रामायण, महाभारत र गीताका श्लोक सुन्दा भावुक हुने 'कश्यप' मातृवियोगमा परेपछि झन् बढी भावुक बन्दै गए । पछि गएर गुरुहरूका कविता वाचनबाट उनको भावुक मन सृजनातर्फ उन्मुख हुदै गयो । यसका अतिरिक्त उनले लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाबाट पनि प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ ।

आफ्नो साहित्य लेखनको पहिलो चरण देखिनै निबन्ध लेख्न थालेका 'कश्यप' को पहिलो प्रकाशित निबन्ध 'कल्पना' भएको देखिन्छ भने **कल्पना** शीर्षकमा नै निबन्धसङ्ग्रह प्रस्तुत भएको छ । यसमा उनका पन्ध्रओटा निबन्ध सङ्कलित रहेको उल्लेख छ । यहाँ सुवेदीले यी निबन्धहरूको विषयवस्तुलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । विषयवस्तु निबन्धको अनिवार्य तत्त्व भएको उल्लेख गर्दै निबन्धको विषयवस्तु जीवनजगत्का जुनसुकै पक्षबाट पनि लिन सकिने कुराको उल्लेख गरेका छन् । उनले **कल्पना** निबन्धसङ्ग्रहमा प्रस्तुत निबन्धहरूलाई मूल विषयवस्तुका आधारमा अमूर्त र मूर्त गरी दुई वर्गमा वर्गीकरण समेत गरेका छन् । यस क्रममा अनुशासन, कल्पना, मित्रता, विश्वास, भावना, महानता, सपना, सङ्गत, नैतिकता, आडम्बर, सत्य, तर्साउने शीर्षकका निबन्धमा मानवीय जीवनका आदर्श पक्षसँग सम्बन्धित अमूर्त विषयवस्तु रहेका छन् भने यस सङ्ग्रहमा सङ्कलित भानुभक्तको सम्झनामा र विद्यार्थी जस्ता निबन्धहरूमा मूर्त विषयवस्तु रहेको कुरा उल्लेख गरिएको छ । आफ्नो जीवनको यथार्थ भोगाइसँग सम्बन्धित विषयवस्तुको छनोट गरी मानवीय जीवनसँग सम्बद्ध विविध विषयक्षेत्रको परिधिमा घुम्दै आफ्ना निबन्धहरू प्रस्तुत गरेको कुरा उल्लेख गरिएको छ ।

कश्यपका निबन्धमा प्रयुक्त गद्य सहज र आकर्षक छ । प्रचलित नेपाली उखान-टुक्का, ठाउँठाउँमा सिक्किमतिर प्रचलित अभिव्यक्ति शैलीका साथै स्तरीय नेपाली अभिव्यक्ति सूक्तिमय, अनुप्रासयुक्त कवितात्मक गद्यशैलीको प्रयोग गरेका छन् ।[६७]

### ४.३.३.२.४ भूमिका/सम्पादन सन्दर्भ

**डा.सूर्यप्रसाद उपन्यासमा कमल दीक्षितको सम्पादन–भूमिका** : नेपाली भाषासाहित्यमा शोधखोजमूलक समालोचनाको अलग्गै धार निर्माण गर्न सक्षम कमल

---

६७. **ऐजन पृष्ठ ९५ ।**

दीक्षितको सम्पादन सीप तथा अर्न्तनिहित शोधखोजपरक समालोचनात्मक शक्ति र सामर्थ्यको विश्लेषण गर्ने प्रयास सुवेदीले यहाँ गरेका छन् । विज्ञान विलासका नामबाट परिचित पद्मनाभ सापकोटा (वि.स.१९४८–१९७३)द्वारा लेखिएको अधुरो उपन्यास **डा. सूर्यप्रसाद** पारसमणी प्रधानका हातमा परे पनि प्रकाशनको अवसर भने पाउन सकेन र पछि २०३६ सालमा कमल दीक्षितको सम्पादन भूमिका सहित जगदम्बा प्रकाशनबाट प्रकाशित भएको देखिन्छ ।

'कमल दिक्षितको सम्पादन–भूमिका र त्यसका प्राप्तिहरू' उपशीर्षकमा विज्ञान विलाससँगै सम्बद्ध पूर्वाध्यायनको सारपूर्ण समीक्षा प्रस्तुत गरेका छन् । यसैमा पहिलो नेपाली जासुसी उपन्यासका रूपमा **डा. सूर्यप्रसाद** को चर्चा दीक्षितले गरेको उल्लेख छ । **डा. सूर्यप्रसाद** को आधारभूत वैशिष्ट्य तथा कमीकमजोरीको निरूपणको प्रसङ्ग सुवेदीले प्रस्तुत गरेका छन् । विज्ञान विलासका प्रमुख औपन्यासिक उपलब्धि तथा कमजोरीको रेखाङ्कन पनि यहाँ पाइन्छ । **डा. सूर्यप्रसाद** को सम्पादन–भूमिकाहरूमा सम्बद्ध रहेर तथा कृतिसँग सम्बद्ध रहेर अन्य पक्षको पनि उनले चर्चा गरेका छन् । समालोचना जस्तो ज्यादै जटिल र उच्च प्राज्ञिक लेखनमा पनि अत्यन्तै सरल, आकर्षक, एवम् छरितो निबन्धात्मक शैलीमा पाठक समक्ष प्रस्तुत गर्न सक्नु कमल दीक्षितको समालोचकीय वैशिष्ट्य हो र उनको यस प्रकारको शोधखोजपरक विशिष्ट समालोचना सामर्थ्य **डा. सूर्यप्रसाद**को सम्पादन भूमिकामा पनि प्रकट भएको देखिन्छ ।[टड]

**साहित्य पत्रिका–सम्पादनमा कृष्णप्रसाद पराजुलीको योगदान** : सुवेदीले प्रस्तुत लेखमा कृष्णप्रसाद पराजुलीले नेपाली साहित्य सिर्जना र भाषाव्याकरणमा दिएको योगदानबारे चर्चा गर्नाका साथै पत्रपत्रिकाको सम्पादनका क्षेत्रमा उनले गरेको योगदानको चर्चा गरेका छन् । यसै गरी कृष्णप्रसाद पराजुलीको सम्पादक व्यक्तित्य निर्माणको पृष्ठभूमि निर्माणका लागि उनको शिक्षादीक्षा, उनीभित्र विद्यमान साहित्य सिर्जनाको रुचि र भाषासाहित्यको भावनाका साथै जीवन धान्नका लागि अङ्गीकार गरेको आजीविकालाई सम्पादक व्यक्तित्व निर्माणको कारक पहिल्याएका छन् ।

सुवेदीले 'पराजुलीद्वारा सम्पादित साहित्यिक पत्रिकाहरू' उपशीर्षक राखी उनले सम्पादन गरेका पत्रिका र तिनको विवरण तथा सम्बद्ध विभिन्न शिक्षणसंस्थाको समेत चर्चा गरेका छन् । पराजुलीले साहित्यिक पत्रिकाहरूमा कुशल सम्पादकको भूमिका निर्वाह गरेका छन् भने कतै सम्पादक मण्डलमा रहेर त कतै भाषासम्पादन गरेरै किन नहोस् आफ्नो सम्पादकीय जिम्बेवारी पूरा गरेका छन् । उनले सम्पादन गरेका पत्रिका- **चिराग, पालुवा, कविता, नेरावि, वाङमय, पाठ्यक्रम विकास, उत्साह, बालक** हुन् । यसरी पराजुलीले प्रुफसंशोधन र कतिपय समकालीन लेखकका कृतिहरूको सम्पादनबाट सुरु गरेको सम्पादन

---

[68]= **एजन पृष्ठ १०५ ।**

कलाले उनमा कुशल सम्पादक व्यक्तित्व निर्माण भएको देखिन्छ ।[टढ] स्वतन्त्र शिक्षक, स्कुल शिक्षक हुँदै विश्वविद्यालय शिक्षकसम्म बनेका पराजुलीले नेपाली भाषा साहित्यका अनेक महत्त्वपूर्ण ग्रन्थ र साहित्यिक पत्रिकाहरूको सफल सम्पादक बनेको प्रमाण यस समालोचनात्मक लेखबाट प्रस्ट हुन्छ ।

### ४.३.३.२.५ अनुवाद साहित्य सन्दर्भ

**श्रीप्रसाद उपाध्यायको अनूदित काव्य छाया–मेघदूतः** डिट्ठा श्रीप्रसाद उपाध्याय ( वि.स.१९७२–२०५५) नेपाली साहित्यमा खासै चर्चाको विषय नबनाइए पनि **श्रीप्रसाद उपाध्याय घिमिरे स्मृति प्रतिष्ठान** ले उनको समग्र योगदानलाई नेपाली जगत्मा परिचित तुल्याउन प्रयासरत रहेको उल्लेख सुवेदीले गरेका छन् । टिकाराम गुरुसँग **मेघदूत** काव्य पढेका बेलादेखि नै यस काव्यबाट प्रभावित भई उनले नेपालीमा यसको छायानुवाद गर्ने सङ्कल्प लिइसकेको र त्यसैको परिणाम स्वरूप **छाया मेघदूत** को अनुवाद भएको कुरा यसै कृतिको अनुवाद र प्रकाशनको पृष्ठभूमिभित्र पाइन्छ ।

'**छाया–मेघदूत** का कृतिगत सन्दर्भ' उपशीर्षक दिई सुवेदीले अनुवाद सन्दर्भको चर्चा गरेका  छन् । मूल कृतिको नाममा एउटा शब्द थप गरी अनुवादकले यसको नामकरणमा आफ्नो निजत्व देखाएका छन् ।[ठण] **छाया–मेघदूत** को संरचना पक्ष हेर्दा पूर्वदूत ६३ श्लोक र उत्तरदूत ५२ श्लोक गरी जम्मा ११५ श्लोकमा पूर्ण भएको देखिन्छ । यसको विषयवस्तु जस्ताको तस्तै अनुसरण गरिएको छ । अनुवादका शक्ति र सीमाभित्र अनुवादक श्रीप्रसादले कतिपय श्लोकमा मूलमा जुन पङ्क्तिमा जुन भाव छ त्यही पङ्क्तिमा त्यस भावलाई समेट्ने प्रयास गरेको जानकारी पाइन्छ । यसैगरी कुनै श्लोकमा मूल भावलाई ठम्माई भावानुवाद गर्ने प्रयास पनि गरेको देखिन्छ । कतिपय श्लोकमा अभिधार्थभन्दा पनि तिनका लक्ष्यार्थ वा व्यङ्ग्यार्थलाई पकड्ने प्रयत्न गरेको पनि देखिन्छ भने कहीँकतै अभिव्यक्ति पद्धति मार्फत नेपाली जीवनपद्धतिको झझल्को दिएका छन् ।

संस्कृतमा लेखिएको **मेघदूत** लाई नेपालीमा अनुवाद गर्दा भाषाशैलीमा केही कमीकमजोरी त अवश्य देखिन्छन् तर पनि उनले भाषामा विशेष ध्यान पुऱ्याएको पाइन्छ । तत्सम शब्द आउनु स्वाभाविक देखिन्छ भने नेपाली झर्रा शब्द प्रयोग गर्नुका साथै केही शब्दलाई अनुहारै बिग्रने गरी कच्याककुचुक पारेर राखेका छन् । जे होस् यसमा उनको अनुवाद क्षमता प्रशस्त झल्किएको छ । त्यसैले श्रीप्रसादको प्रस्तुत **छाया–मेघदूत** नेपाली अनुवाद साहित्यको महत्वपूर्ण कृति ठहरिएको उल्लेख केशव सुवेदीले उपसंहारमा गरेका

69 **ऐजन पृष्ठ ११९ ।**

७० **ऐजन पृष्ठ १२४**

छन् । **यसको** विषयवस्तुमा उठान गरिएका प्रसङ्ग लामा भए पनि स्पष्ट बुझ्ने किसिमका छन् ।

### ४.३.३.३ समालोचकीय दृष्टि र पद्धति

समालोचक केशव सुवेदीको प्रस्तुत **परिधीय परिक्रमा** समालोचनासङ्ग्रहलाई अध्ययन गर्दा कृतिलाई एउटा पाठ ठानेर विभिन्न पद्धतिका आधारमा त्यसको सार र शैलीको विश्लेषण पुनर्सम्बर्धन, मूल्यको आधिकारिकता प्रमाणित गर्ने वस्तुवादी समालोचकीय दृष्टि उनमामा रहेको पाइन्छ । यस कृतिमा उनलाई बौद्धिक अन्तक्रियाको अभिलाषा, साहित्यप्रतिको जिम्मेवारी बोध तथा विश्लेषणात्मक सामर्थ्य भएका समालोचकका रूपमा लिन सकिन्छ । कृतिलाई विधागत वा ऐतिहासिक सन्दर्भमा सामान्य रुपले स्थापित गरी कृतिको गल्ती औंल्याएर ठोस मूल्याङ्कनात्मक कमीकमजोरीको कलात्मक निर्णय दिने समालोचकका रूपमा पनि सुवेदीलाई हेर्न सकिन्छ । सुवेदीले समालोचना गर्दा कुनै साहित्यको एउटा विधामा मात्र हात नहाली कथा, कविता, निबन्ध, भूमिका/सम्पादन र अनुवादलाई समेत आफ्नो विषय बनाएका छन् । नेपाली साहित्यका वरिष्ठ साहित्यकारका कृतिको विवेचना र काव्य चिन्तनदेखि लिएर समकालीन साहित्यका जल्दाबल्दा प्रतिभाहरूका कविताको मूल्याङ्कनमा समेत सुवेदीको ध्यान पुगेको देखिन्छ ।

समालोचनाको स्वरूपगत दृष्टिले हेर्दा सुवेदीले निबन्धकार हृदयचन्द्रसिंह प्रधानको लेखकीय प्रवृतिको साङ्गोपाङ्गो विश्लेषण र मूल्याङ्कन गरेका छन् । यसमा दिइएको मूल्य निर्णय, गरिएको व्याख्या विश्लेषण, निबन्ध सिद्धान्तको उपयोग तथा शोधपरकताको अवलम्बनले एउटा जिम्मेबार समालोचकले पार गर्नुपर्ने चुनौती देखाइएको छ । समालोचना सिद्धान्तका कसीमा राखेर तौलने प्रयास गरिएका **कर्तव्य** कथा र **के नेपाल सानो छ** ? निबन्धको कृतिपरक विवेचना पनि विश्लेषणत्मक समालोचनाका राम्रा उदाहरण हुन् । एउटा कृतिबाट समग्र कृतित्वमा पाइने वैशिष्ट्य औँल्याउन प्रयास गरिएको 'कृष्णहरि बरालका गीतमा अभिव्यञ्जित जीवनदृष्टि' लेख उत्कृष्ट छ । भूमिका लेखन तथा सम्पादनकलालाई खासै प्राथमिकता नदिएको अवस्थामा भूमिका लेखन तथा सम्पादन र अनुवाद साहित्यलाई समेत उठान गरी त्यहाँ भएका कमीकमजोरीको निक्र्यौल पनि सुवेदीले गरेका छन् ।

कतिपय उत्कृष्ट कृति र कृतिकार जुन समालोचनाका विषय बनेका छन् तिनमा सुवेदीले अवगुणभन्दा गुण पक्षलाई तन्काउने प्रयास गरेका छन् जसले गर्दा सबै लेखले बराबर महत्त्व पाएका छैननकि भन्ने लाग्दछ तापनि कृतिको कलात्मक विशिष्टताको अन्वेषण गरी आफ्नो कार्यमा पाठकहरूको चित्त बुझाउनुको साथै कृतिको पूवाधार, प्रारम्भिक पाठ आदिको खोज गर्ने र तार्किक रूपले पुष्टि गर्ने काम **परिधीय परिक्रमा** समालोचना सङ्ग्रहमा सुवेदीले अवश्य गरेका छन् ।

#### ४.३.३.४ भाषाशैली

भाषा विचार अभिव्यक्तिको माध्यम हो र शैली भाषालाई प्रस्तुत गर्ने तरिका हो । यसैले समालोचनात्मक लेखनमा अन्य विधाजस्तै भाषाका माध्यमबाट समालोचनात्मक टिप्पणी र विश्लेषण गरिने हुँदा समालोचनामा भाषाको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । सुवेदीले **परिधीय परिक्रमा** समालोचनासङ्ग्रहमा सरल, सहज, बोधगम्य, स्तरीय र मानक भाषाको प्रयोग गरेको देखिन्छ । संस्कृत भाषासाहित्यका समेत गम्भीर अध्येता भएका कारण पनि  तत्सम शब्दहरूको प्रयोग ठाउँठाउँमा भेट्न सकिन्छ । विषय र परिस्थिति अनुकूल तद्भव, अनुकरणात्मक, आगन्तुक र झर्रा नेपाली शब्द पनि आएका छन् ।

#### ४.३.३.५ निष्कर्ष

विभिन्न समयमा लेखेका समालोचनात्मक लेखहरूको सङ्गालोका रूपमा रहेको **परिधीय परिक्रमा** भित्र सुवेदीका एघारवटा लेख प्रकाशित छन् । उनका समालोचनामा कृतिमाथि एउटा सचेत पाठकको सूक्ष्म पठन अवलोकन, प्रतिक्रिया र निश्चित पद्धतिमा रही गरिने मूल्याङ्कनको ढाँचा   पाइन्छ । लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिह प्रधान, ईश्वर वल्लभ जस्ता उत्कृष्ट साहित्यिक व्यक्तित्व र उनका कृतिको अध्ययन विश्लेषण गरेका छन् । यसैगरी कविता ,कथा, विधाका कृष्णहरि बराल, दिनेश अधिकारी, गुरुप्रसाद मैनाली र केशवप्रसाद उपाध्यायका कृतिगत मूल्य निर्धारण गर्ने प्रयास गरेका छन् । नेपाली साहित्यका क्षेत्रमा ओजेलमा परेका प्रतिभाहरूलाई पनि प्राथमिकता दिएका छन् । कमल दीक्षितको सम्पादन भूमिका तथा कृष्णप्रसाद पराजुलीको सम्पादन क्षमता र **छाया मेघदूत**मा श्रीप्रसाद उपाध्यायको अनुवादकलाको विश्लेषण सुवेदीले गरेका छन् । समालोचनाका चार प्रकार्यहरू मूल्यनिर्णय, व्याख्याविश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकतालाई मध्यनजर राख्दा यी रचनाले सैद्धान्तिकीकरणलाई गौण र अन्य तीन प्रकार्यमा बढी जोड दिएका छन् ।

### ४.३.४ दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व तथा अभिनन्दन

साहित्यकार तथा प्राध्यापक **दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व तथा अभिनन्दन** नामक यो पुस्तक प्रा. डा. वासुदेव त्रिपाठी, प्रा. केशव सुवेदी र रमेश शुभेच्छुको संयुक्त प्रयासमा लेखन तथा सम्पादन गरिएको हो । यो पुस्तक दैवज्ञराज न्यौपानेका जीवनी र कृतित्वसँग र प्रस्तुत अभिनन्दन समिति तथा लक्षित अभिनन्दन एवम् स्वास्थ्योपचार सहयोग अर्पण कार्यक्रमका विविध पक्षसँग सम्बन्धित रहेको छ ।

नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरको गोगनेमा २००४ साल मङ्सिर ३० गते जन्मिएका दैवज्ञराज न्यौपानेले नेपाली साहित्यमा दिएको योगदानलाई कदर गर्दै उनको सम्मान तथा बहुरोगबाट पीडित उनलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने हेतुले गरिएको कार्यक्रमबाट साहित्यकार प्रा.दैवज्ञराज न्यौपाने अभिनन्दन समिति, काठमाडौंको निर्माण

भयो । यसै समितिका सदस्य समेत रहेका केशव सुवेदीको सहलेखन तथा सम्पादनमा तयार भएको प्रस्तुत पुस्तक २०६६ साल असार २६ गते १९६ औँ भानुजयन्तीका दिन राष्ट्रपति डा. रामवरण यादवबाट लोकार्पित भएको हो ।

प्रस्तुत पुस्तकको पहिलो खण्डमा दैवज्ञराज न्यौपानेको जीवनी र कृतित्व राखिएको छ । पहिलो खण्डको पहिलो परिच्छेदमा दैवज्ञराजको जीवनयात्रा प्रस्तुत गरिएको छ । यसमा उनको जन्म जन्मस्थान, बाल्यअवस्था र प्रारम्भिक शिक्षादीक्षा तथा युवावस्थाका साथै उच्च शिक्षाका बारेमा पनि उल्लेख छ । उनको आजीविका तथा आर्थिक अवस्था, दाम्पत्य जीवन र परिवार, रुचि र स्वभावका बारेमा पनि प्रस्ट्याउने प्रयास गरिएको छ । न्यौपानेले सिर्जनाका निम्ति कहाँ र कोबाट प्रेरणा प्राप्त गरे र यसको पृष्ठभूमि के थियो भन्ने विषयका साथै सिर्जनात्मक सक्रियतालाई पनि प्रस्तुत गरिएको छ । जीवनको उत्तरार्धमा आएर भोग्नु परेको शारीरिक अस्वस्थता, समयसमयमा बेहोरेका शोक, सङ्कट र सङ्घर्षको विश्लेषण गर्नुका साथै उनले प्राप्त गरेका सम्मान तथा पुरस्कार र मानवतावादमा आधारित उनको जीवनदर्शन समेत राखिएको छ ।

पहिलो खण्डको दोस्रो परिच्छेदमा दैवज्ञराज न्यौपानेको व्यक्तित्वका विविध आयामलाई समेटिएको छ । व्यक्तित्वसँग सम्बन्धित पृष्ठभूमि, साहित्यिक व्यक्तित्व अन्तर्गत कवि, गीतकार, जीवनीकार, कथाकार, निबन्धकार, समालोचक, भूमिकालेखक, सम्पादक, साहित्यिक सङ्घसंस्थाका सल्लाहकार/ परामर्शदाता जस्ता व्यक्तित्व प्रस्तुत छन् भने अन्यमा प्राध्यापक तथा प्रशासक व्यक्तित्व र समाजसेवी व्यक्तित्व रहेको उल्लेख पाइन्छ ।

दैवज्ञराज न्यौपानेको कृतित्व र योगदानलाई पहिलो खण्डकै तेस्रो परिच्छेदमा राखिएको छ । उनका कृतित्वमा हालसम्म प्रकाशित कृतिहरूको विवरण प्रस्तुत छ । उनका कविता र काव्यकृतिमा कवितासङ्ग्रहहरू **सिर्जनाको लहर** (२०३५), **जोरमुरली** (२०४६) को विश्लेषण छ । यसैगरी **सम्झनाको धरातलबाट** (२०६३) काव्यसङ्ग्रहभित्रका **शोभा, राजा त्रिभुवन, शान्तिकामना, सम्झनाको धरातलबाट, चासो र चिन्तन, ती रोइन् त्यसरी किन** ? जस्ता काव्यको मोटामोटी परिचय दिइएको छ । दैवज्ञराज न्यौपानेका बालसाहित्यिक कृतिहरू **तोतेबोली** (२०३८), **गाँउखाने कविता** (२०४३), **हुने बिरुवाका चिल्लापात** (२०४५), **बाल संसार** (२०५३), **सबै हाम्रा साथी** (२०५६), **घामले ढोका खोल्यो** (२०६५), **पोल्टाका गीतहरू** (२०६६) को पनि संक्षिप्त चिनारी यहाँ प्रस्तुत गरिएको छ । यसैगरी उनका समालोचनात्मक कृतिहरू **पं. गुणराज उपाध्याय खनालका खण्डकाव्यको मूल्याङ्कन** (२०४९) र **नेपाली नाट्यपरम्परा र भारती खरेलका नाटकहरू** (२०५४) को सामान्य विश्लेषण गरिएको छ । तेस्रो परिच्छेदको अन्त्यमा दैवज्ञराज न्यौपानेको साहित्यिक योगदानको चर्चा गरिएको छ भने यस खण्डको अन्त्यमा सन्दर्भ विवरण पनि प्रस्तुत गरिएको छ ।

**दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व तथा अभिनन्दनको** दोस्रो खण्डमा साहित्यकार प्राध्यापक दैवज्ञराज न्यौपानेको अभिनन्दनको सन्दर्भ २०६५-२०६६ लाई राखिएको छ । दैवज्ञराज न्यौपानेलाई अभिनन्दनको प्रसङ्ग कसरी सुरुवात भयो भनेर सुरुमै प्रस्तुत गरिएको छ भने क्रमशः अभिनन्दन समितिको प्रयोजन, गठन र विस्तार सम्बन्धी उल्लेख छ । प्रा. दैवज्ञराज न्यौपानेको व्यक्तिवृत्तका साथै प्रा. डा. वासुदेव त्रिपाठीको अध्यक्षतामा गठित साहित्यकार प्रा. दैवज्ञराज न्यौपाने अभिनन्दन मूल आयोजक समिति, काठमाडौं २०६५-२०६६ का कार्यसमितिका पदाधिकारी, सल्लाहकार र सदस्यहरूको नामावली समेत प्रस्तुत गरिएको छ । न्यौपानेको अभिनन्दन कार्यप्रति सञ्चार क्षेत्रले खेलेको भूमिका र अभिव्यक्तिका नमुना समेत प्रस्तुत गरिएको छ । यसैगरी दैवज्ञराज न्यौपानेको स्वास्थ्योपचार सहयोग कार्यक्रमका निम्ति प्राप्त आर्थिक सहयोगको प्रारम्भिक विवरण समेटिएको छ । गुरुपूर्णिमा २०६६ र १९६औं भानु जयन्तीका सन्दर्भमा २०६६ साल असार २६ गते काठमाडौंमा समर्पित अभिनन्दनपत्रको स्वरूप प्रस्तुत गरिएको छ भने अन्त्यमा प्राप्त थप सहयोग र प्रतिबद्धता शीर्षकमा विभिन्न संस्था र व्यक्तिहरूबाट गरिएको थप सहयोगको पनि उल्लेख गरिएको छ ।

केशव सुवेदी लगायत वरिष्ठ साहित्यकारहरूद्वारा लिखित प्रस्तुत पुस्तक वरिष्ठ साहित्यकार दैवज्ञराज न्यौपाने जीवनी, व्यक्तित्व र कृतित्व तथा अभिनन्दनका बारेमा जानकारी दिने उत्कृष्ट कृति मान्न सकिन्छ ।

## ४.४ केशव सुवेदीका फुटकर अनुसन्धनात्मक लेखहरूको अध्ययन

केशव सुवेदीले समालोचना र सम्पादनका अतिरिक्त केही फुटकर अनुसन्धनात्मक लेखहरू पनि विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमार्फत प्रकाशनमा ल्याएको पाइन्छ । २०३७ सालदेखि लेखन आरम्भ गरेका सुवेदीका विभिन पत्रपत्रिकामा छरिएर रहेका समालोचनात्मक र अनुसन्धानमूलक उपलब्ध केही लेखहरूको मोटामोटी अध्ययन गर्ने प्रयास यहाँ गरिएको छ :

### क) नेपाली लोकगीत–अध्ययन–परम्पराका प्रारम्भिक प्रयासहरू सर्वेक्षण र विवेचना :

केशव सुवेदीद्वारा लिखित प्रस्तुत लेख २०५५/५६ सालको **वाङ्मय** पत्रिकाको पूर्णाङ्क ८ मा प्रकाशित भएको हो । प्रस्तुत लेख नेपाली लोकगीत सङ्कलन र अध्ययन परम्पराको सर्वेक्षण र विवेचनामा केन्द्रित छ । यस लेखमा लोकगीतको सर्वेक्षण र अध्ययन गर्ने क्रममा सुरुदेखि वि.स. १९९७ भन्दा पूर्वको अवधिलाई नेपाली लोकगीत अध्ययन–परम्पराको प्राथमिक चरण मानी उक्त अवधिमा नेपाली लोकगीतको सङ्कलन र अध्ययनका

क्षेत्रमा भएका प्रयासहरूको सर्वेक्षण र विवेचना गरिएको छ । यसको निष्कर्षमा उक्त परम्पराका मूल उपलब्धि र कमजोरीहरूको रेखाङ्कन समेत गरिएको ।

सुवेदीले प्रस्तुत लेखमा चूडामणि बन्धुले नेपाली लोकसाहित्यको अद्यावधिक अध्ययन परम्परालाई तीन चरण (प्रथम चरणः सुरुदेखि १९९७ साल सम्म, द्वितीय चरणः १९९८ देखि २०२७ सम्म र तृतीय चरणः २०२८ देखि हालसम्म) मा गरेको विभाजनलाई आधार बनाई प्राथमिक चरणमा लोकगीति–सामग्रीहरूको सङ्कलन र अध्ययनतर्फ भएगरेका प्रयासहरूको विवेचना गरेका छन् । नेपाली लोकगीतको अध्ययन–परम्पराका क्रममा यसको थालनी प्रथमतः दार्जिलिङबाट हाजिरमान राईले नेपाली लोकगीतको सङ्कलन गरी **मीठामीठा नेपाली गीत** कृति १९७५ तिर प्रकाशित गरेपछि भएको देखिन्छ । यसपछि क्रमशःपं.विश्वराज, हरिहर शर्मा, ए.एम.पठान, जी.डब्लू.पी.,मोने,महानन्द शर्मा, देवेन्द्र सत्यार्थी, सूर्यविक्रम ज्ञवाली र लक्ष्मीप्रसाद देवकोटा लगायतकाल अनेक स्वदेशी तथा विदेशी साधकहरूले लोकगीतको सङ्कलन अध्ययन परम्परालाई गतिशील तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख छ ।

नेपाली लोकगीतको सङ्कलन र अध्ययन परम्पराका **प्राथमिक** चरणमा देखा परेका सामग्रीलाई क्षेत्रीय प्रतिनिधित्वका दृष्टिले हेर्दा **मीठामीठा नेपाली गीत** ले विशेषतः दार्जीलिङतर्फको भारतीय नेपाली लोकजीवनको प्रतिनिधित्व गरेको छ भने मोनेको **गुर्खाली म्यानुअल**मा सङ्कलित लोकगीतले नेपालको पोखरा, लमजुङजस्ता पहाडी क्षेत्रको प्रतिनिधित्व गरेका छन् । सत्यार्थीको **सङ्गीतमय नेपाल** ले पूर्वाञ्चलको सेरोफेरो समेटेको छ भने पठानको **गोर्खागीत प्रकाश**मा भ्याउरे गीत र नेपाली जात्रापर्व र चाडवाडका अवसरमा गाइने लोकगीतका टुक्राटाक्री प्रस्तुत भएको चर्चा छ । महानन्द शर्मा चाहिँ **सँगिनी** जस्ता नेपाली लोकजीवनमा अति प्रचलित गीत विशेषको परिचय र विवेचनामा केन्द्रित रहेको सुवेदी बताउँछन् ।

यसरी प्रारम्भिक चरणमा देखिएका नेपाली लोकगीतका केही प्रारम्भिक छनकहरूको सर्वेक्षण र विवेचना गर्ने क्रममा नेपाली लोकगीतको विविध पक्ष खोतल्ने प्रयास सुवेदीले गरेका छन् । यति हुँदाहुँदै पनि यस अवधिमा नेपाली लोकगीतको व्यवस्थित व्याख्या र विवेचनाको परिपाटी चाहिँ खासै सुरु नभएको सुवेदीले स्वीकार गरेका छन् ।

### ख) नेपाली उखानको सङ्कलन र अध्ययनका परम्परामा पादरी गङ्गाप्रसाद प्रधानको योगदान :

केशव सुवेदीद्वारा लिखित प्रस्तुत समालोचनात्मक कृति भाषिक-साहित्यिक अनुसन्धानमूलक अर्द्धवार्षिक पत्रिका **गवेषण** को वर्ष १, अङ्क १ मा प्रकाशित छ । प्रस्तुत कृति नेपाली आख्यान साहित्यको सम्बर्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने पादरी

गङ्गाप्रसाद प्रधानद्वारा सङ्कलित उखानहरूको सङ्ग्रह **नेपाली उखानको पोस्तक** को विवेचना र गङ्गाप्रसाद प्रधानले उखानसङ्कलन र अध्ययनमा पुऱ्याएको योगदानका बारेमा केन्द्रित रहेको छ ।

प्रस्तुत कृतिमा पादरी गङ्गाप्रसाद प्रधानको संक्षिप्त रूपमा चिनारी दिनुका साथै विभिन्न पत्रपत्रिका प्रकाशन, आख्यान साहित्यको अनुवाद रूपान्तरण एवम् नेपाल बाहिरको नेपाली समाजमा उनले पुऱ्याएको भाषिक तथा साहित्यिक योगदानका बारेका चर्चा गरिएको छ । उनको २० वर्षे अथक लामो साधना र परिश्रमको परिणामका रूपमा प्रकाशित भएको **नेपाली उखानको पोस्तक** ग्रन्थको संरचनागत, प्रस्तुतिगत ढाँचाका साथै यसमा प्रयुक्त भाषिक शैलीका दृष्टिले विवेचना गरिएको छ । सुवेदीले प्रस्तुत कृतिमा पादरी गङ्गाप्रसाद प्रधानको उखान सम्बन्धी रहेका धारणाहरू प्रस्तुत गर्नुका साथै यसमा रहेका उखानहरूको प्रस्तुतिगत ढाँचाको उल्लेख गरेका छन् । यसै कममा गङ्गाप्रसादले १४३८ ओटा उखानहरूलाई आफ्नै वर्णानुक्रमानुशासनको पद्धतिमा प्रस्तुत गरेकाले लेख्य वर्णक्रमको निश्चित ढाँचा र पद्धतिलाई अनुसरण गर्नेतर्फ खासै सचेत नभएको उल्लेख छ । उनले उखानहरूको सङ्कलनका कममा कुनै पनि पद्धति र प्रक्रियाका आधारमा नगरी व्यावहारिक जीवनमा प्रयोग हुने र आफ्ना जनसम्पर्कमा आएका व्यक्तिहरूबाट बटुलेका उखानहरूका साथै दार्जीलिङतर्फका नेपाली समाजका कथ्यलेख्य अभिव्यक्ति सरणीमा प्रचलित उखानहरूलाई सङ्कलन गरेका छन् । यस क्रममा प्रस्तुत लेखमा नेपाली अभिव्यक्ति प्रणालीमा प्रचलित अत्यन्तै आकर्षक उखानहरू, कथ्यलेख्य परम्परामा प्रचलित र स्थापित नभएका सूक्तिमय सूत्रात्मक कथन, विभिन्न भाषामा प्रचलित उखानका नमुनाहरू प्रस्तुत गर्नुका साथै उखानका रूपमा केही टुक्काहरूलाई पनि प्रस्तुत ग्रन्थमा सङ्कलन गरेकाले पादरी गङ्गाप्रसादको प्रस्तुत ग्रन्थ उखानको पोस्तक मात्र नभएर उखानटुक्काको साझा सङ्ग्रह बन्न पुगेको निष्कर्ष सुवेदीले निकालेका छन् । भाषिक दृष्टिले अत्यन्तै दुर्बल बन्न पुगेको प्रस्तुत ग्रन्थमा प्राय हलन्त भाषाको प्रयोग गरिएकाले प्रचलित नेपाली लेखाइको अनुशासनभन्दा निकै फरक रहेको उल्लेख छ । यस ग्रन्थमा प्रयुक्त विभिन्न शब्दलाई स्तरीय नेपाली लेखाइसँग तुलना गरी यसमा प्रयुक्त भाषा अत्यन्तै अपरिष्कृत तथा कामचलाउ किसिमको मात्र भएको निष्कर्ष सुवेदीले दिएका छन् ।

अन्त्यमा पादरी गङ्गाप्रसाद प्रधानलाई उनका समकालीन साधक काजी महावीरसिंह गढतौलासँग तुलनात्मक अध्ययन गरी दुवै साधकमा कतिपय समान प्रवृत्ति रहनुका साथै आआफ्ना प्राप्ति र योगदान रहेको उल्लेख गर्दै नेपाली उखान सङ्कलनको बृहत सङ्ग्रह निर्माण एवम् तिनको व्यवस्थित प्रस्तुतिका दृष्टिले गङ्गाप्रसाद महावीरसिंहभन्दा निकै अगाडि रहेको निर्क्यौल गरी नेपाली उखानसङ्कल-अध्ययनका परम्परामा पादरी गङ्गाप्रसाद प्रधानको योगदानको मूल्याङ्कन गरेका छन् ।

**ग) नेपाली उखान–टुक्काको सङ्कलन र अध्ययनका प्रारम्भिक प्रयासहरू :सर्वेक्षण र विवेचना**

त्रि.वि. जर्नल २०५७ मा प्रकाशित अनुसन्धानमूलक लेख नेपाली उखानटुक्काको अध्ययन परम्पराको सर्वेक्षण र विवेचनामा केन्द्रित रहेको छ । यसमा खासगरी नेपाली उखानटुक्काको अध्ययन परम्पराका प्रारम्भिक समयमा भएगरेका कार्यहरूको लेखाजोखा गर्ने प्रयास गरिएको छ । नेपाली उखानटुक्काको अध्ययन परम्परामा पुष्करशमशेरको आगमनभन्दा अघि केकस्ता प्रयासहरू भए भन्ने कुराको सर्वेक्षण र विवेचना यस लेखको प्रमुख उद्देश्य र सीमा पनि हो ।

केशव सुवेदीले आफ्नो लेखमा पहिले नै उद्देश्य र सीमा निर्धारण गरिसकेकाले उनले यहाँ पुष्कर शमशेरको **नेपाली उखान-टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोश** (१९९८) भन्दा अगाडिका प्रयासहरूको मोटामोटी चर्चा गरेका छन् । यसै क्रममा उनले नेपाली भाषाका उखानहरूको सङ्कलन र अध्ययनमा रुचि राख्ने पहिलो व्यक्ति मोतीराम भट्ट नै भएको जानकारी दिएका छन् । उनको **उखानको बखान** कृति नै उखानटुक्का सम्बन्धी पहिलो कृति भएको र हाल उक्त कृति अनुपलब्ध रहेको भएपनि यस कृतिले नेपाली उखान सङ्कलन र अध्ययनको प्रारम्भिक तर निकै बलियो जग बसालेको जानकारी दिएका छन् । मोतीराम भट्टपछि नेपाली उखानटुक्काको सङ्कलन र अध्ययनको परम्परालाई अगाडि बढाउने अर्का साधक काजी महावीरसिंह गढतौला हुन् । उनको **उखान बखानको प्रवाह** मदनपुरस्कार पुस्तकालयमा सुरक्षित रहेको बताइन्छ । यहाँ सुवेदीले यस सङ्कलनको केही विस्तृत रूपमा विश्लेषण गरेका छन् । यस क्रममा उनले यसको संरचना पक्ष, यसमा संरचित केही उखानटुक्काहरू समेत प्रस्तुत गरेका छन् ।

नेपाली उखान टुक्काको प्रारम्भिक प्रयासलाई हेर्दा महावीरसिंह गढतौलापछि पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली उखानको पोस्तक** सन् १९०८ मा आएको देखिन्छ । प्रधानको यस सङ्ग्रहले मूलतः पूर्वी नेपाल एवम् नेपाल बाहिरको भारतीय नेपाली समाजको प्रतिनिधित्व गरेको पाइन्छ । सुवेदीले विभिन्न कोणबाट यस सङ्ग्रहको चर्चा गरेका छन् । यस क्रममा उनले भाषा प्रयोगका दृष्टिले हेर्दा **नेपाली उखानको पोस्तक** को लेखाइ समकालीन नेपाली लेखाइका सापेक्षतामा निकै कमजोर रहेको उल्लेख गरेका छन् । यसपछि नेपाली उखानको अध्ययनमा रुचि राख्ने व्यक्ति जी. डब्लू. पो. मोने भएको उल्लेख छ । उनको **गुर्खाली म्यानुअलमा** नेपाली बोलचालमा प्रचलित उखानका २० ओटा नमुनाहरू रहेको जानकारी पाइन्छ । नेपाली उखानको सङ्कलनमा रुचि राख्ने अर्जुन शमशेरले भने आफूले निकै परिश्रम लगाएर सङ्कलन गरेका उखानहरू पुष्कर शमशेरलाई दिएको जानकारी पाइन्छ ।

माथि उल्लेखित उखानटुक्का सम्बन्धी कृतिहरूले नेपाली उखानटुक्काको परम्परालाई विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । तुलनात्मक रूपले हेर्दा पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली उखानको पोस्तक** उखान अध्ययनको परम्परामा कोशेढुङ्गो नै साबित भएको र महावीरसिंह गढतौलाले पनि उखान- अध्ययनका परम्परामा कहिल्यै नबिर्सने गुन लगाएको शोधनायक केशव सुवेदी बताउँछन् ।

**घ) नेपाली केन्द्रीय विभाग अन्तर्गत २०५९ साल बैशाखसम्म पूरा भएका स्नातकोत्तर स्तरीय शोधकार्यहरूः**

केशव सुवेदीका फुटकर रचना प्रकाशित गर्ने क्रममा नेपाली केन्द्रीय विभाग त्रि.वि. बाट प्रकाशित हुने वाङ्मय पत्रिकाको पूर्णाङ्क १०: २०५७/५८ मा प्रस्तुत लेख प्रकाशित भएको हो । सुवेदीले यस लेखमा नेपाली केन्द्रीय विभागको स्थापनाकाल २०१६ सालदेखि २०५९ सालसम्मको सामान्य पृष्ठभूमि दिएका छन् । यसैगरी नेपाली स्नातकोत्तरतहको पाठ्यक्रममा समावेश गरिएका शोधकार्य सम्बन्धी व्यवस्था र स्नातकोत्तरस्तरीय नेपाली विषय पठनपाठन हुने आङ्गिक क्याम्पसको समेत जानकारी दिएका छन् ।

प्रस्तुत लेखमा सुवेदीले नेपाली केन्द्रीय विभाग अन्तर्गत राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएयता २०५९साल वैशाखसम्म सम्पन्न भइसकेका शोधकार्यहरूको सूची प्रस्तुत गरेका छन् । यस प्रकारको सूची प्रस्तुत गर्ने क्रममा सम्पूर्ण शोधकार्यहरूलाई विभिन्न वर्गमा विभाजन गरेका छन् । भाषा व्याकरण सम्बन्धी शोधकार्यमा परशुराम आचार्यको **दिव्योपदेश** को भाषिक अध्ययन (२०३४) देखि भेषराज घिमिरेको 'प्रयोजन परक भेदका रूपमा समाचार पत्रिकाका शीर्षकहरूको अध्ययन' (२०५७) सम्म ४८ जनाको शोधकार्यलाई कालक्रमिक विवरणमा राखिएको छ । जीवनी व्यक्तित्व र कृतित्व सम्बन्धी शोधकार्यहरूमा भीमसेन राईले २०३२ सालमा गरेको पहलमानसिंह स्वाँरको जीवनी व्यक्तित्व र कृतित्वदेखि शिवप्रसाद उप्रेतीले २०५८ सालमा गरेको मोदनाथ प्रश्रितको जीवनी व्यक्तित्व र कृतित्व सहित २३५ ओटा शोधकार्यको विवरण प्रस्तुत छ ।

स्रष्टापरक शोधकार्यहरूमा २०३२ सालमा 'सामाजिक कथाकार गुरुप्रसाद मैनाली' शीर्षकमा चन्द्रबहादुर सेवाको शोधपत्रदेखि २०५८ को 'महानन्द सापकोटाका काव्यकृतिको अध्ययन' शीर्षकमा सूर्यकुमार दहालले प्रस्तुत गरेको शोधपत्रसम्मका शोधकार्यको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ । यसैगरी कृतिपरक शोधकार्यहरूमा लेखनाथ पौडेलको **सत्यकलि संवाद** देखि बालकृष्ण समको **प्रल्हाद** नाटकसम्म जम्माजम्मी ४६ ओटा शोधपत्र प्रस्तुत छन् । विभिन्न युगधारा र विधा सम्बन्धीका शोध प्रस्तुत गर्ने क्रममा कवितामा देखिएका श्रृङ्गारिक धारादेखि वीरधारासम्मका जम्मा २० ओटा शोधकार्य प्रस्तुत छन् । २०५९ सालसम्ममा विभिन्न सङ्घसंस्था सम्बन्धी शोधकार्यहरू जम्मा ७ ओटा भएको देखिन्छ भने साहित्य-सिद्धान्त समालोचना र साहित्यिक आन्दोलन सम्बन्धी ६ ओटा

शोधकार्यहरू भएको पाइन्छ । नेपाली साहित्यमा कालिम्पोङको योगदान' (२०३८) शीर्षकबाट सुरु भएको क्षेत्रीय साहित्यिक योगदान सम्बन्धी शोधकार्यहरूमा 'दाङ जिल्लाका कवि र तिनका कविता कृतिको अध्ययन' (२०५९) सम्म जम्मा ३१ ओटा शोधकार्यको अध्ययन भएको देखिन्छ । बालसाहित्य सम्बन्धी शोधकार्यहरूमा सीता कटुवालको 'नेपाली बालकविताको अध्ययन ' (२०५०) देखि गीता सुवेदीको 'बाल साहित्यकार दैवज्ञराज न्यौपाने' (२०५८) गरी जममा ४ ओटा शोधकार्य भएको देखिन्छ । यसै गरी पत्रपत्रिका सम्बन्धीका शोधकार्यहरूमा **शारदा** पत्रिकाको योगदानदेखि लिएर **उत्साह** पत्रिकाको योगदानसम्म जम्मा ३९ ओटा शोधपत्रको उल्लेख छ । अन्त्यमा लोकसाहित्य सम्बन्धी शोधकाय गर्न 'बैतडेली उखानको वर्गीकरण' २०३५ बाट सुरु गरी २०५८ मा गरिएको 'नेपाली लोकसाहित्यको अनुसन्धान परम्परा' शीर्षक मा जम्मा ४१ ओटा शोधपत्रको उल्लेख गरिएको छ ।

यहाँ विभिन्न वर्गमा पर्ने शोधकार्यहरूको कालक्रमिक सूची, सन्दर्भ विवरणका ढाँचा अनुसार शोधकर्ताको नाम, शोधशीर्षक, शोधकार्य पूरा भएको वर्ष र शोधनिर्देशकको नाम क्रमशः दिई प्रस्तुत गरिएको छ । यस सूचीमा उल्लेख भएका वर्षहरूमा सम्बन्धित शोधकार्यहरू पूरा भई मौखिक परीक्षा समेत सम्पन्न भएका वर्षलाई जनाउने कुरा स्मरणीय गराउँदै केशव सुवेदीले व्यवस्थित र कालक्रमिक रूपमा २०५९ सालसम्म भएका शोधकार्यहरूको सूची प्रकाशित गरेका छन् ।

**ङ) भक्तराज आचार्यका शब्दसृजना** :

केशव सुवेदीको प्रस्तुत लेख सत्य-स्वरूपद्वारा संयोजन गरिएको **सङ्गीत शिखर भक्तराज आचार्य** ग्रन्थमा सङ्ग्रहित रहेको छ । एकता प्रकाशनले २०६७ सालमा प्रकाशनमा ल्याएको प्रस्तुत कृतिको सम्पादन केशव सुवेदीले गरेका छन् । समालोचक केशव सुवेदीले यस लेखमा बहुआयामिक व्यक्तित्वका धनी भक्तराज आचार्यले नेपाली गीतिसृजनाका क्षेत्रमा पुऱ्याएको महत्त्वपूर्ण योगदानको चर्चा गरेका छन् । यस क्रममा भक्तराज आचार्यका जीवनमा आइपरेको अप्रत्याशित आक्रमण र अस्वस्थताका कारण उनका सृजनाको यथार्थ विवरण प्राप्त हुन नसके तापनि हालसम्म उनले लेखेका ६ वटा गीतहरू उपलब्ध भएको उल्लेख गर्दै उपलब्ध गीतहरूलाई विषयवस्तुका आधारमा तीन वर्गमा विभाजित गरी विश्लेषण गरेका छन् । भक्तराजले आफ्ना गीतहरूमा आध्यात्मिक चेतनायुक्त भक्तिगीत, प्रेम सम्बन्धमा लेखिएका प्रणयगीत र जीवनजगत्को यथार्थ चिन्तनलाई विषयवस्तु बनाएको उल्लेख गरेका छन् । अन्त्यमा नेपाली सङ्गीत क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने भक्तराज आचार्य स्वास्थ्य आघातका कारण सृजनात्मक प्रतिभा र क्षमताबाट वञ्चित हुनु परेको दुःखद घटनाप्रति दुःख व्यक्त गर्दै उनको सुस्वास्थ र चिरायुको कामना गरेका छन् ।

### च) बुलबुल चरा र गुलाफको फूलबाटः अभिव्यञ्जित भावसौन्दर्य :

केशव सुवेदीको प्रस्तुत कृति कन्हैया नासननीद्वारा लेखिएको **बुलबुल चरा र गुलाफको फूल** बालकथासङ्ग्रहको भूमिका लेख हो । उनले यस लेखनलाई भूमिका वा समीक्षा नभनी मात्र आफ्ना भावकीय अन्तश्चेतनामा परेको प्रभावको परिणति ठानेका छन् । यस लेखमा सुवेदीले कह्नैया नासननीद्वारा हालसम्म लेखिएका कृतिहरूको चिनारी दिदैँ उनका कथा उपन्यासले सृजनाको मीठो स्वाद चखाउँदै उत्कृष्ट र बौद्धिक खुराक दिएको उल्लेख गरेका छन् । उनले यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूको संक्षिप्तमा विषयवस्तु र कथात्मक प्रस्तुति तथा तिनबाट अभिव्यञ्जित भाव सौन्दर्यबारे चर्चा गरेका छन् ।

सुवेदीले 'मायाका रङ्गहरू' कथाको अभिव्यञ्जनार्थ पाखुरामा बल हुनेहरूले त आफैँ सङ्घर्ष गरेर आफ्नो अस्तित्व कायम गर्न सक्छन् तर वास्तवमा अशक्त र कमजोरहरूलाई माया गर्ने संस्कारबाट सभ्य र सुन्दर संसारको निर्माण हुन सक्छ भन्नु हो । आजको सभ्य र शिक्षित एवम् सुसंस्कृत भनाउँदो आफूले पालीतालेका सन्ततीले नै बृद्धावस्थामा बाबुआमालाई बोझ ठान्ने समाजप्रति लक्षित रहेको बुझिन्छ । यसैगरी 'लाटोकोसेरोलाई वसन्त ऋतु' शीर्षकको कथामा लाटोकोसेरो र चमेरो जस्ता निष्क्रियहरूका लागि ऋतुपरिवर्तनको कुनै महत्त्व नभएको भन्दै राजनैतिक परिवर्तनले समकालीन नेपाली समाजमा ल्याएको जागरण र तिनका स्वतन्त्रताका सुन्दर स्वप्नबाट वाक्कदिक्क भई निष्क्रियतापूर्वक बसिरहेका नेताहरूप्रति तिखो व्यङ्ग्य गरेको देखिन्छ । 'मने र मुन्नी' कथामा सहर पसेपछि छली मानिसका स्वार्थसाधनाका माध्यम बनी उनीहरू फेरि कहिल्यै गाँउ नफर्कनु जस्ता प्रसङ्गमार्फत कथाकारले एकातिर गाउँठाउँबाट सहर पसेका युवाहरू सहरकै झिलीमिलीमा भुल्ने प्रवृत्तिको सङ्केत छ भने अर्कातिर गाँउघरका सिधासाधा युवतीलाई विदेशमा लगी खसी बोकाझैँ बेच्ने गरेको समकालीन यथार्थलाई अभिव्यञ्जित गरेको उल्लेख छ । 'सूर्य र बादल' कथामा बर्सातको वैज्ञानिक प्रकियाबारे सरल किसिमले बालबालिकालाई जानकारी दिन खोजिएको छ भने अर्कातर्फ समकालीन नेपाली राजनीतिमा देखापरेका विभिन्न सङ्घसंस्थाका चुरीफुरी एवम् तिनका उत्ताउला र अशोभनीय कियाकलापलाई व्यञ्जित गरेको उल्लेख छ । सुवेदीले 'पहलमान अर्ना'कथाले दिन खोजेको व्यञ्जनार्थलाई नेपालको राजनीतिसँग जोडेर हेरेका छन् । समकालीन नेपाली राजनीतिमा आफ्नो दल छोडेर हुङ्कार गर्दै एक्लाएक्लै हिँड्ने र जनबलको तुजुक देखाउँने खलनायकहरू एक दिन कथाकै अर्नाको हालतमा पुग्ने यथार्थ प्रस्तुत छ । 'बुलबुल चरा र गुलाफको फूल' यस कथासङ्ग्रहको उत्कृष्ट कथा हो । यसै कथाको नामबाट यस कथासङ्ग्रहको नाम राखिएको छ । यस कथाले संसारमा उच्च र उदात्त प्रेमको मूल्य र महत्त्वलाई व्यञ्जित गरेको उल्लेख छ । भावसौन्दर्यका तरेलीले संयोजन र संश्लेषण गर्न सक्ने सृजनात्मक कौशलका कारण नासननीको यो कथा पनि उत्कृष्ट बन्न पुगेको छ र बाल्यावस्थामा पढिने

यो कथा नानीहरूका जीवनयात्रामा सधैंसधैं एउटा गूढ र गम्भीर बौद्धिक खुराक दिन सक्ने महत्त्वपूर्ण सृजन सामग्रीका रूपमा प्रस्तुत भएको समालोचक सुवेदी बताउँछन् ।

केशव सुवेदीले **बुलबुल चरा र गुलाफको फूल** बालकथासङ्ग्रहमा लेखेको अभिव्यञ्जित भाव सौन्दर्य कथाकार कहृनैया नासननीका कथामा पाइने ध्वन्यात्मक वा अभिव्यञ्जित भाव सौन्दर्य खुट्याउनमा पर्याप्त छ भन्न सकिन्छ । यसरी केशव सुवेदीको यस भूमिका लेखनबाट उनमा निहित रहेको भूमिका लेखन व्यक्तित्व पनि झल्कन पुगेको देखिन्छ ।

**छ) फेवाको सुस्केराबाट प्रतिध्वनित नेपाली समाजका सुस्केराहरू** :

केशव सुवेदीको प्रस्तुत कृति प्रदीप नेपालद्वारा लेखिएको **फेवाको सुस्केरा** कथासङ्ग्रहको भूमिका हो । प्रस्तुत कथासङ्ग्रहको प्रकाशन २०६७ सालमा एकता प्रकाशनद्वारा गरिएको हो । केशव सुवेदीले प्रस्तुत भूमिकामा प्रदीप नेपालसँगको आफ्नो चिनारीका साथै उनको साहित्य लेखनको सन्दर्भ उल्लेख गरेका छन् । प्रस्तुत लेखमा यस कथासङ्ग्रहमा सङ्कलित २४ ओटा कथाहरूलाई सैद्धान्तिकीकरणलाई भन्दा प्रभावपरकतालाई आधार बनाएर सामान्य विवेचना गरिएको छ । **फेवाको सुस्केरा** २०४६ साल आसपासका साथै नेपालमा सशस्त्र द्वन्द्व आरम्भ भएपछिको राजनैतिक गतिविधि र त्यसबाट नेपाली जनताले भोग्नु परेका समस्यालाई मुख्य विषयवस्तु बनाएर लेखिएका कथाहरूको सङ्ग्रह हो । यसमा रहेका सम्पूर्ण कथाहरूमा समकालीन नेपाली समाजमा भएका अन्तर्द्वन्द्व र त्यसले निम्त्याएको पीडाको सुस्केरा भएको उल्लेख छ । समकालीन नेपाली राजनीतिलाई जीवन्त उतार्न सफल यस कृतिमा सुवेदीले दिनानुदिन जलकुम्भी झारबाट आक्रान्त भई आफ्नै अस्तित्वको सङ्कट झेलिरहेको फेवाको सुस्केराभित्र मुल्यहीन राजनीतिक प्रयोग र अभ्यासबाट आक्रान्त नेपाली समाजका सुस्केराहरूको प्रतिध्वनि सुन्न सकिने निष्कर्ष निकालेका छन् ।

**निष्कर्ष**

केशव सुवेदीका फुटकर अनुसन्धनात्मक लेखमा लोकगीत, उखान टुक्का सकलन गर्ने साहित्यकारको योगदान, उखान टुक्का लेखनको प्रारम्भिक प्रयास र सर्वेक्षणको बारेमा जानकारी पाइन्छ । यसैगरी फुटकर लेख अन्तर्गत नेपाली केन्द्रीय विभागमा २०५९ साल वैशाख सम्म पूरा भएका स्नातकोत्तर स्तरीय शोधकार्यहरूको सुची तयार पारेका छन् । नेपाली सङ्गीत क्षेत्रमा भक्तराज आचार्यको योगदान तथा बुलबुल चरा र गुलाफको फूलबाट अभिव्यञ्जित भाव सौन्दर्यलाई पनि सुवेदीले आफ्नो फुटकरलेखको विषयवस्तु बनाएका छन् ।

अनुसन्धनात्मक फुटकर लेखकै रूपमा भूमिका लेखन पनि सुवेदीको देखिन्छ । प्रदीप नेपालद्वारा लेखिएको **फेवाको सुस्केरा** कथा सङ्ग्रहको भूमिकामा ‘फेवाको सुस्केराबाट प्रतिध्वनित नेपाली समाजका सुस्केराहरू भनेर यसकृति भित्रको अन्तरकथा र दिन खोजेको सन्देश समेत प्रस्तुत छ । यसरी सुवेदीको कलम विभिन्न अनुसन्धनात्मक फुटकर लेखतर्फ पनि अगाडि बढेको पाइन्छ ।

# पाचौं परिच्छेद

# केशव सुवेदीका सम्पादित कृतिहरूको अध्ययन

नेपाली साहित्यका एक कुशल सम्पादक केशव सुवेदीले साहित्यिक र साहित्येतर कृति तथा पत्रपत्रिकाको सम्पादन गरेका छन् । उनीद्वारा सम्पादन गरिएको पहिलो कृति **प्रारम्भिक नापी** हो । महेश्वर भट्टराईद्वारा लिखित प्रस्तुत कृति पाठ्यक्रम विकासकेन्द्र त्रि.वि.बाट २०४५ सालमा प्रकाशित भएको छ । उक्त कृतिमा सुवेदीले भाषा सम्पादन गरेका छन् । यसै कृतिको भाषासम्पादनबाट सम्पादनको क्षेत्रमा उदाएका केशव सुवेदीले हालसम्म थुप्रै कृतिहरूमा सम्पादन तथा सहसम्पादनको भूमिका निर्वाह गरिसकेका छन् ।

सुवेदीले आफ्नो सम्पादन कला नेपाली साहित्यको अध्ययन हुने विभिन्न तहका शैक्षिक पाठयपुस्तक, बाल साहित्यका विभिन्न विधामा लेखिएका कृतिहरू तथा पत्रपत्रिकाको सम्पादन गरेका छन् । पाठ्यपुस्तक अन्तर्गत उनले स्नातकोत्तर, स्नातक तथा प्रमाणापत्र तह लगायत+२ सम्मका कृतिको सहलेखन तथा सहसम्पादन गरेको देखिन्छ । यिनमा उनको भाषिक सम्पादन महत्त्वपूर्ण रहेको देखिन्छ । पत्रपत्रिकाको सम्पादन गर्ने क्रममा उनले साहित्यिक तथा साहित्येतर पत्रपत्रिकाको सम्पादन गरेको पाइन्छ ।

साहित्येत्तर कृति अन्तर्गत उनले राजनीति, इतिहास, व्यावहारिक, संस्कृति, प्रशासनका साथै प्राविधिक विषयवस्तुसँग सम्बन्धित कृतिहरूमा भाषा सम्पादनका साथै अन्य प्रविधिगत सम्पादनकला समेत भरेका छन् । सुवेदीद्वारा सम्पादित कृतिको विवरण यसप्रकार छ :

## ५.१ केशव सुवेदीद्वारा सम्पादित कृतिहरूको विवरण

### क) सम्पादित पाठ्यपुस्तक कृतिहरूको विवरण

१. नेपाली कविता भाग १ (२०४६)
२. नेपाली कविता भाग ४ (२०४६)
३. नेपाली कविता भाग २ (२०४८)
४. सबैको नेपाली (कक्षा ११ र १२ ) (२०६७)

### ख) सम्पादित बाल साहित्यिक कृतिहरूको विवरण

१. बनौँ सबै ज्ञानी (बालगीतसङ्ग्रह ) २०६०
२. अठोट (बाल लघुनाटकसङ्ग्रह ) २०६१
३. मैले बिर्सन नसकेको साथी (बाल सस्मरण) २०६१
४. सुगाको जन्मदिन (बालकथासङ्ग्रह) २०६२
५. लेप्चा गुरु (बालकथासङ्ग्रह) २०६३
६. बाँदर र गोही (बालकथासङ्ग्रह) २०६३

७. भालु र दाउरे (बालकथासङ्ग्रह)२०६३

८. मायाका फूलहरू (बालकथासङ्ग्रह)२०६३

९. चराको बुद्धि (बालकथासङ्ग्रह)२०६३

१०. वर्णहरूको कथा र व्यथा (बालकथासङ्ग्रह)२०६३

११. हिमपरी (बालउपन्यास) २०६३

१२. स्याल र मुजुर (बालकथासङ्ग्रह)२०६३

१३. फूलबारी (बाल कवितासङ्ग्रह) २०६३

१४. गौतम बुद्व (बाल जीवनी) २०६३

१५. कवि मोतीराम भट्ट (बाल जीवनी) २०६३

१६. लिमीको खोजमा कान्छी (२०६३)

१७. तीतामिठाकुरा (स्वाद परिचय) २०६४

१८. इन्द्रेनी (बाल कवितासङ्ग्रह) २०६५

१९. कथाकूल भाग १-३ (बालकथासङ्ग्रह) २०६५

२०. बाल संसार (बालकथासङ्ग्रह) २०६६

२१.चतुरेको चर्तिकला १-४ (बालकथासङ्ग्रह) २०६०-२०६७

२२.बुलबुलचरा र गुलाफको फूल (बालकथा सङ्ग्रह) २०६७

**ग) सम्पादित वाङ्मयसम्बद्ध कृतिहरूको विवरण**

१. प्रारम्भिक नापी (२०४५)

२. जनमुक्ति सेना एउटा नलेखिएको इतिहास (२०५६)

३. राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह (२०५७)

४. बझाङ : किंवदन्ती र इतिहास (२०५८)

५. मैथिली : लोकसंस्कृति (२०६१)

६. प्रहरी प्रशासन तथा व्यवस्थापन (२०६३)

७. मनोवैज्ञानिक परामर्श (२०६३)

८. सुवेदी वंशावली (२०६३)

९. व्यावहारिक परामर्श (२०६३)

१०. नेपालमा सङ्घीय शासन प्रणाली व्यवस्थापन र कार्यान्वयन (२०६५)

११. नेपाल सङ्क्रमणकाल र लोकतन्त्र (सन् २००८)

१२. सङ्गीत शिखर भक्तराज आचार्य (२०६७)

१३. फेवाको सुस्केरा (कथासङ्ग्रह :भूमिका लेखन) २०६७

## ५.२ केशव सुवेदीद्वारा सम्पादित पाठ्यपुस्तक सम्बन्धी कृतिहरूको अध्ययन

केशव सुवेदीले नेपाली साहित्यका विभिन्न विधामा लेखिएका कृतिहरूको सम्पादन, सहसम्पादन तथा सहलेखन समेत गरेको देखिन्छ । उनले नेपाली भाषासाहित्य सम्बन्धी अध्यापन गराइने विभिन्न तहका पाठ्यपुस्तकमा सहलेखनका साथै सहसम्पादन गरेका छन् । यस क्रममा उनले नेपाली भाषा पठनपाठन हुने उच्च माध्यमिक तहदेखि विश्वविद्यालय स्तरीय पाठ्यपुस्तकको विभिन्न विद्वान् साहित्यकारसँग मिली सहलेखन तथा सहसम्पादन गरेका कृतिहरूको उल्लेख यहाँ गरिन्छ ।

**नेपाली कविता भाग १, ४,२ :** केशव सुवेदीले प्रा.डा.वासुदेव त्रिपाठी, प्रा. दैवज्ञराज न्यौपानेसँग मिलेर **नेपाली कविता भाग १** (२०४६), **नेपाली कविता भाग** ४ (२०४६) र **नेपाली कविता भाग २** (२०४८) को संयुक्त रूपमा सम्पादन तथा सहलेखन गरेका हुन् । कविता भाग १ मा कविताको चिनारी दिँदै नेपाली कविताको विकासप्रक्रियाको संक्षिप्त रूपरेखाका साथै भानुभक्त आचार्यदेखि दिनेश अधिकारीसम्मका २० जना कवि र उनीहरूका एकएकओटा कविता समेत प्रस्तुत गरिएको छ । यसैगरी कविता भाग २ लाई दुई खण्डमा विभाजित गरी पहिलो खण्डमा सुवानन्द दासको 'वीरवन्दना'देखि कृष्णभुषण बलको 'पर्खनु पर्छ' कवितासम्म गरी जम्मा २१ जना कवि र उनका कविता समावेश गरिएका छन् । दोस्रो खण्डमा कविताका सिद्धान्त र इतिहासका बारेमा चर्चा गरिएको छ । यस कृतिमा कविताका पूर्ण अंश , कवि र कृति समालोचना पाइन्छन् । तीनओटा खण्डमा विभाजित नेपाली कविता भाग ४ को पहिलो खण्डमा कविताको विधागत चिनारी प्रस्तुत गरिएको छ । यसै गरी दास्रो खण्डमा कविताको विकासक्रमको रूपरेखा, काल विभाजन गर्नुका साथै विभिन्न धाराको समेत चर्चा गरिएको  छ । तेस्रो खण्डमा नेपाली साहित्यमा कविता क्षेत्रका विशिष्ट ६ हस्तीहरूका २३ वटा कविता समावेश गरिएको छ ।

साझा प्रकाशनः ललितपुरद्वारा प्रकाशित यी कृतिहरूमा भाग १ मा कविताको विधागत चिनारी र विकासक्रम सम्बन्धी लेखन प्रा. डा. वासुदेव त्रिपाठीद्वारा गरिएको ५ भने लेखन र कृतिसम्बन्धी टिप्पणी केशव सुवेदीद्वारा गरिएको हो । भाग २ मा प्रस्तुत गरिएका कविताहरूको समीक्षात्मक टिप्पणी सुवेदीले गरेका हुन् । भाग ४ मा वासुदेव त्रिपाठीको मन्तव्य सहित विधागत परिचय र विकासक्रम तथा सम्बन्धित लेखक र तिनका कृति सम्बन्धी सम्पादकीय टिप्पणीपरक समालोचनाको लेखन समेत त्रिपाठीबाटै भएको हो । यी ग्रन्थको सम्पादनमा सहभागी सबै सम्पादकहरूको सामुहिक योगदान रहेको छ । यी ग्रन्थमा सम्पादकहरूले पाठ्यक्रममा आधारित गहन प्रौढ र उच्चस्तरीय सम्पादन तथा समालोचनात्मक क्षमता प्रस्तुत गरेको देखिन्छ ।

**सबैको नेपाली** (२०६७) उच्च माध्यमिक शिक्षा परिषद् अर्न्तगत कक्षा ११ को अनिवार्य नेपाली विषयको निर्धारित पाठ्यपुस्तकका रूपमा रहेको यस कृतिको संयोजन तथा

प्रमुख सम्पादन ठाकुरप्रसाद पराजुलीले गरेका छन् भने केशव सुवेदी लगायत अन्य नौजना विशिष्ट विद्वान्हरूको लेखन तथा सम्पादन रहेको छ । साभ्का प्रकाशनले प्रकाशनमा ल्याएको यस पुस्तकमा विभिन्न साहित्यकारहरूका विधागत रचना राखिएका छन् । कविता ,कथा, निबन्ध, उपन्यास र नाटक गरी यसमा जम्मा उन्नाइसवटा पाठ समावेश गरिएका छन् । प्रत्येक पाठको सुरुमा पाठको परिचय र पाठको अन्त्यमा लेखक परिचय र त्यसपछि अभ्यासखण्ड राखिएको छ । नेपाली विषय अध्ययनकालागि महत्त्वपूर्ण हुने व्याकरण खण्डलाई अभ्यासखण्ड पछि प्रत्येक पाठमा समावेश गरिएको छ । पुस्तक निर्माणका लागि सबै सम्पादकको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ५.३. केशव सुवेदीद्वारा सम्पादित बालसाहित्यिक कृतिहरूको अध्ययन

नेपाली साहित्य अन्तर्गतको बालसाहित्यमा थुप्रै साहित्य रचनाहरू प्रकाशित भएका छन् । बालबालिकालाई मनोरञ्जन प्रदान गर्नुका साथै ज्ञानगुनका कुरा सिकाउने उदेश्यले रचना गरिने यस्ता थुप्रै कृतिहरूमा सुवेदीले आफ्नो सम्पादन कला भरेका छन् । उनले बालसाहित्यसँग सम्बन्धित कृतिहरूको सम्पादन गर्ने क्रममा विशेष गरी बालबालिकाकालागि उपयुक्त हुने सरल तथा बोधगम्य भाषाका साथै सम्प्रेषणयुक्त शब्दावलीको चयन गरेको देखिन्छ । बालसाहित्य अन्तर्गतका कथा, कविता, गीत, जीवनी, नाटक, संस्मरण, उपन्यास लगायत अन्य साहित्यिक कृतिहरूको पनि उनले सम्पादन गरेका छन् ।

**क) बालकथासङ्ग्रह :**

बालसाहित्य अन्तर्गत पर्ने बालकथा विधा बालबालिकाको लोकप्रिय विधा पनि हो । यसैले बालसाहित्य अन्तर्गत बालकथाहरू धेरै रचना भएका छन् । जसमध्ये करिब डेढ दर्जन जति कथासङ्ग्रहको सम्पादन सुवेदीले गरेका छन् । ऋषिराम शर्माद्वारा लिखित, एकता बुक्सबाट प्रकाशित बालकथासङ्ग्रह **सुगाको जन्मदिन** (२०६२) को सम्पादन केशव सुवेदीले गरेका हुन् । यस कृतिमा बालबालिकाका लागि ज्ञानमूलक एवम् शिक्षामूलकका साथै चटपटेपन, रमाइलोपन र नौलो स्वादको परिचय समेत दिने १२ वटा कथा यस सङ्ग्रहभित्र रहेका छन् । **लेप्चा गुरु** (२०६३) बालकथासङ्ग्रह राजनारायण प्रधानद्वारा लेखिएको हो । सुवेदीले सम्पादन गरको यस कृतिमा जम्मा ५ वटा कथा रहेका छन् । रमाइला र समसामयिक विषयवस्तु यसमा रहेका छन् । बालकथासङ्ग्रह **बाँदर र गोही** (२०६३), **भालु र दाउरे** (२०६३), **चराको बुद्धि** (२०६३), **स्याल र मजूर**(२०६३) सबै राजनारायण प्रधानद्वारा लेखिएका कृतिहरू हुन् । एकता प्रकाशनबाट प्रकाशित यी बालकथासङ्ग्रहमा बालकलाई मनोरञ्जन र ज्ञान दिने खालका विषयवस्तुहरू समावेश गरिएका छन् । यी कृतिको सम्पादन सुवेदीले गरेका छन् । डा. एडोन रोगोगद्वारा लिखित **मायाका फूलहरू** (२०६३) कथासङ्ग्रहमा रहेका कथाहरूमा मान्छेका दुःखदर्द, आस्था, विश्वास, प्रेमशान्ति, भावना र

कदरका विषयवस्तु राखिएका छन् । **वर्णहरूको कथा र व्यथा** (२०६३) बालकथासङ्ग्रह ऋषिराम शर्माबाट रचित सुवेदीले सम्पादन गरेको कृति हो । यस कृतिमा बालबालिकाले पढ्नुपर्ने नेपाली वर्णहरूलाई मानवीकीकरण गरी प्रस्तुत गरिएको छ । यसमा स्वरवर्णको वनभोज र व्यञ्जनवर्णको भ्रमण , स्वर र व्यञ्जनवर्णको मेलमिलाप गरी तीनवटा शीर्षकमा कथा बुनिएको छ । कृष्णप्रसाद दुवालको **बालसंसार** बालकथासङ्ग्रह २०६६ सालमा पहिलो पटक प्रकाशनमा आएको थियो भने २०६६ सालमा पुनः मुद्रित भएको हो । श्यामदास बैष्णवको मन्तव्य रहेको यस कृतिमा दशवटा कथा संयोजन गरिएका छन् । यसैगरी **कथाकूल** भाग १ देखि ३ सम्म काशीराज सुवेदीद्वारा लेखिएका कथासङ्ग्रह हुन् । बालबालिकाहरूमा मानवीय मूल्यको बलियो जग बसाउने उद्देश्यले लेखिएका कथाहरू यी सङ्ग्रहमा राखिएका छन् । कन्हैया नासनीद्वारा लिखित **बुलबुल चरा र गुलाफको फूल** (२०६७) बालकथासङ्ग्रहको सम्पादनका साथै यसको भूमिका लेखन पनि सुवेदीले गरेका छन् ।

**ख) बालउपन्यास**

बालसाहित्यभित्रको उल्लेखनीय विधा उपन्यासमा पनि केशव सुवेदीले सम्पादकीय भूमिका निर्बाह गरिसकेका छन् । उनले बालबालिकाका लागि उपयुक्त हुने भाषिक सीपका साथै वाक्यगठनलाई समेत बढी महत्त्व दिई बालउपन्यासको सम्पादन गरेको देखिन्छ । भुवन तामाङद्वारा लिखित **हिमपरी** बालउपन्यास पहिलो पटक २०६३ सालमा प्रकाशित भएको हो । ४० पृष्ठ लामो यस बालउपन्यासमा हिमपरी र यतिको भेट, हिमपरी बेपत्ता, हिमपरीको खोज, बैगुनको बदला गुण र हिमपरीको जन्मदिन गरी पाँच खण्ड रहेको यो कृति एकता प्रकाशनबाट प्रकाशित भएको छ ।

**ग) बालगीतसङ्ग्रह**

बालसाहित्यको एक महत्त्वपूर्ण विधा बालगीतमा पनि थुप्रै रचनाहरू प्रकाशित हुँदै आएका छन् । जसमध्ये **बनौसबै ज्ञानी** बालगीतसङ्ग्रहको सुवेदीले सम्पादन गरेका छन् । वि.स.२०६० मा एकताद्वारा प्रकाशित यस सङ्ग्रहका रचनाकार डा. भीष्मराज प्रसाईं हुन् । नेपालको प्राकृतिक वातावरणसँग जोडिएका विषयवस्तुलाई समेटेर बालबालिकालाई मनोरञ्जन दिने उद्देश्यले तयार पारिएको यस सङ्ग्रहमा १५ गीत सङ्कलित छन् । सम्पादनका क्रममा यसमा सुवेदीले बालबालिकालाई उपयुक्त हुने सरल भाषाशैली र वाक्यगठनको चयन गर्नुका साथै अन्तिममा सहजताका लागि कठिन शब्द र तिनको अर्थ पनि प्रस्तुत गरेका छन् ।

### घ) बालकवितासङ्ग्रह

बालबालिकाले अति मन पराउनुका साथै कनीकुथी कोर्न समेत मन पराउने बालकविता बालसाहित्यको एक उल्लेखनीय विधा हो । भानुभक्त पोखरेलको **फूलबारी** (२०६३), र ललिता 'दोषी' को **इन्द्रेनी** (२०६५) बालकविता बालसाहित्यका उत्कृष्ट कृति हुन । यिनको सम्पादन केशव सुवेदीले गरेका छन् भने **इन्द्रेनी** कविता सङ्ग्रहमा सम्पादकीय मन्तव्य समेत लेखेका छन् । । विभिन्न समयका रचिएका २४ वटा कविताहरूको सङ्ग्रह हो **फूलबारी** । यसैगरी **इन्द्रेनी** कवितासङ्ग्रहमा जम्मा २०वटा कविताहरू रहेका छन् । बालबालिकाको कोमल मस्तिष्कमा असल र सुन्दर पक्षको वीजारोपण गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले लिखित यी दुबै सङ्ग्रह एकता प्रकाशनद्वारा प्रकाशित छन् ।

### ङ) बाल लघुनाटकसङ्ग्रह

बालसाहित्यका अन्य विधाहरू जस्तै बाल लघुनाटकमा पनि थुप्रै लेखकको कलम चलेको पाइन्छ । यसै बीचमा आएको **अठोट** बाल लघुनाटक शारदा रमण नेपालद्वारा लिखित कृति हो । केशव सुवेदीद्वारा सम्पादन गरिएको यस कृतिलाई २०६१ सालमा एकता प्रकाशनले प्रकाशनमा ल्याएको हो । यस लघुनाटकको सम्पादन गर्ने क्रममा सुवेदीले बाल अभिनयलाई बढी महत्त्व दिएर नाटकमा उपयुक्त हुने वाक्यगठनका साथै भाषिक सीपको प्रयोग गरेका छन् । विशेषतः ८-१४ वर्षका उमेर समूहका बालबालिकालाई ध्यानमा राखेर तयार गरिएको **अठोट** मा आठओटा नाटकहरू सङ्कलन गरिएको छ ।

### च) बालजीवनी :

सुवेदीले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म ख्याति प्राप्त व्यक्तिहरूको जीवनीमा केन्द्रित कृतिहरूको पनि सम्पादन गरेको देखिन्छ । यसक्रममा उनले **कवि मोतीराम भट्ट** (२०६३), **गौतम बुद्ध** (२०६३) र **विश्वप्रसिद्ध सात वैज्ञानिकहरूको जीवनी** (२०६६) गरी तीन बालजीवनी सम्बन्धी कृतिहरूको सम्पादन गरेका छन् । विभिन्न लेखकहरूद्वारा लिखित वैज्ञानिक, धार्मिक तथा साहित्यिक व्यक्तित्वको जीवनीको सम्पादन गर्ने क्रममा उनले बालमस्तिष्कले बुझ्ने खालका सरल र छोटा वाक्यगठनमा ध्यान पुऱ्याएका छन् । चूडामणि बन्धुद्वारा लिखित **मोतीराम भट्टको** जीवनीले बालबालिकाले सहज रूपमा मोतीराम भट्टको साहित्यिक योगदानलाई बुझ्न सक्छन् भने भिक्टर प्रधानद्वारा लिखित **गौतम बुद्धको जीवनीको** अध्ययनबाट बालबालिकामा गौतम बुद्ध को थिए र **विश्वका प्रसिद्ध सात वैज्ञानिकहरूको जीवनी**मा केन्द्रित यस कृतिले बालमस्तिष्कमा नयाँ सृजना कसरी हुन्छ भन्ने प्राविधिक ज्ञान दिन्छ ।

### छ) बाल संस्मरण

नेपाली साहित्यमा मौलाउँदै गएको संस्मरण लेखन बालसाहित्यमा पनि देखा परेको छ । बाल संस्मरणको उत्कृष्ट नमुना रमेश श्रेष्ठद्वारा लिखित **मैले बिर्सन नसकेको साथी** हो । वि.सं. २०६१ मा प्रकाशनमा आएर २०६७ मा पुनर्मुद्रित भएको यस संस्मरणात्मक कृतिको सम्पादन सुवेदीले गरेका छन् । जम्मा ६ वटा संस्मरणात्मक लेखहरू सङ्कलित यस कृतिलाई एकताले प्रकाशनमा ल्याएको हो ।

**ज) अन्य बालकृति**

बालबालिकालाई विभिन्न कुराको जानकारी गराउने उद्देश्यले लेखिएका ज्ञानवर्द्धक बालकृतिहरू पनि प्रकाशनमा आएका छन् । यस क्रममा इन्द्रप्रसाद अधिकारीद्वारा लिखित **तीतामीठा कुरा** (२०६४) कृति बालबालिकालाई विभिन्न वस्तुहरूमा पाइने स्वादहरूको परिचय दिने उद्देश्य अनुरूप लेखिएको हो । क्याथ ह्वाइटद्वारा लेखिएको **लिमीको खोजमा कान्छी** (२०६३) मा बालबालिकालाई मन पर्ने चित्रहरूको संयोजन गरी विभिन्न पशुपन्छी तथा वनस्पतिसँग बालबालिकाको तादात्म्य देखाइएको छ । यो कृति विभिन्न लोपोन्मुख वनस्पतिका बारेमा जानकारी प्रस्तुत गर्ने उद्देश्य अनुरूप लेखिएको हो । एकताबाट प्रकाशित यी बालकृतिको कुशल सम्पादन केशव सुवेदीले गरेका छन् ।

## ५.४. केशव सुवेदीद्वारा सम्पादित वाङ्मय सम्बन्धी कृतिहरूको अध्ययन

केशव सवेदीद्वारा सम्पादन गरेका केही कृतिहरू साहित्येतर पनि छन् । विभिन्न लेखकहरूद्वारा लेखिएका यी कृतिहरू राजनीतिक, प्रशासनिक, इतिहास, सस्कृति व्यावहारिकका साथै प्राविधिक विषयवस्तुसँग सम्बन्धित छन् ।

**जनमुक्तिसेना : एउटा नलेखिएको इतिहास** (२०५६) : श्यामकुमार तामाङद्वारा लिखित यस कृतिको सामग्रीलाई सम्पादन र संयोजन गरेर सुवेदीले आफ्नो भाषिक कला भर्ने काम गरेका छन् । जनमुक्ति सेनालाई २०६७ सालको क्रान्ति सम्पन्न गर्न प्रमुख र निर्णायक शक्ति रहेको बताउदै क्रान्ति सम्पन्न भएपछि त्यसले भोग्नु परेका परिस्थिति र घटनाक्रमलाई मूल विषयवस्तु बनाई विभिन्न ७४ शीर्षकमा संयोजन गरिएको यस कृतिमा सुवेदीले आवस्यकता अनुसार भाषा परिष्कार र वाक्यगठन गरेका छन् । यस कृतिको अन्त्यमा परिशिष्ट एक, दुई र तीन गरी विभाजन गरेर क्रमशः जनमुक्ति सेनाका योद्दाहरूको नामावली र उनीहरूका सिविरमा गाउने गीतहरू पनि प्रस्तुत गरिएको छ । एकता प्रकाशनद्वारा प्रकाशित यो कृति ३०३ पृष्ठमा संरचित छ ।

**राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह** (२०५७) श्रीप्रसाद उपाध्याय घिमीरेद्वारा लिखित प्रस्तुत ग्रन्थको परिष्कार र परिमार्जन सहित केशव सुवेदीले सम्पादन गरेका छन् । एकता प्रकाशनद्वारा प्रकाशित ३७६ पृष्ठ लामो यस ग्रन्थमा १०९ शीर्षक राखी विषयवस्तुलाई संयोजन गरिएको छ । नेपाल एकीकरणका बेलाको ऐतिहासिक

घटनाक्रमलाई समायोजन गरी लेखिएको यस ग्रन्थमा पृथ्वीनारायण शाहको जन्मदेखि मृत्युपर्यन्तका प्रमुख घटनाक्रमलाई शृङ्खलाबद्ध रूपमा राखिएको छ ।

**बभ्फाङ :किंबदन्ती र इतिहास** (२०५८) रिठापाटा ६ बभ्फाङका श्यामबहादुर खड्काले लेखेका हुन् भने यसको सम्पादन सुवेदीले गरेका हुन् । यसमा बभ्फाङको ऐतिहासिक तथा सास्कृतिक विषयवस्तुलाई समेटिएको छ । अनुसन्धानमूलक यस कृतिमा बभ्फाङको भौगोलिक, प्राकृतिक अवस्थिति, यहाँका नदीनाला र प्रमुख स्थानहरू, यहाँ बसोबास गर्ने जातजाति तथा उनीहरूका सांस्कृतिक परम्परा, देवीदेवता र रीतिथितिका बारेमा जानकारी दिने प्रयास गरिएको यो कृति विभिन्न नौवटा शीर्षक, उपसंहार, परिशिष्टमा संरचित छ । यसमा प्रयोग भएका स्थानीय शब्दहरू र सन्दर्भ विवरण समेत गरी २२४ पृष्ठमा तयार पारिएको **बभ्फाङ किंबदन्ती र इतिहास** एकता बुक्सद्वारा प्रकाशित भएको हो ।

**मैथिली लोक सस्कृति** (२०६१) डा. रामदयाल राकेशद्वारा लेखिएको कृति हो । यस कृतिको पाण्डुलिपिलाई आद्योपान्त पढेर सम्पादन गर्ने काम सुवेदीले गरका छन् । विभिन्न ४२ वटा शीर्षकमा वर्णित यस कृतिको विषयवस्तु मिथिलाको संस्कृतिसँग सम्बन्धित छ । राष्ट्र भाषा र राष्ट्रिय भाषाबीच तादात्म्य राख्ने उद्देश्यले लेखिएको यस कृतिमा संस्कृत, मैथिली, अङ्ग्रेजी र नेपाली भाषाको उचित संयोजन गरिएको छ । एकता प्रकाशनद्वारा प्रकाशित यो कृति २०६ पृष्ठमा संरचित छ ।

**प्रहरी प्रशासन तथा व्यवस्थापन (२०६३)** सुवेदीले भाषा सम्पादन गरेको अर्को उल्लेखनीय कृति हो । श्यामबहादुर खड्काद्वारा लिखित प्रस्तुत कृति एकता प्रकाशनले प्रकाशनमा ल्याएको हो । प्रहरी प्रशासनसँग सम्बन्धित विभिन्न पक्षहरूका बारेमा जानकारी गराउने उदेश्यले लेखिएको यो कृति खास गरी व्यवस्थापनमा काम गर्ने कर्मचारीका लागि उपयोगी देखिन्छ । जम्मा तीन खण्डमा विभाजित यो कृतिमा जम्मा २६४ पृष्ठ रहेका छन् ।

**मनोवैज्ञाानिक परामर्श** र **व्यावहारिक परामर्श** (२०६३) दिनेश न्यौपाने र रोशन प्रजापतिद्वारा लिखित पस्तकाकार कृतिहरू एकै समय अर्थात् २०६३ सालमा पीडित सेवा सङ्घ र एकताबुक्सको संयुक्त प्रकाशनमा प्रकाशित भएका कृति हुन । दुबै कृतिमा एउटै भूमिका र एउटै व्यक्तिका मन्तव्य रहेका छन् । भाषा सम्पादक केशव सुवेदीद्वारा सम्पादित यी कृतिमा विभिन्न व्यक्तिहरू तथा बन्दीहरूलाई आइपर्ने मनोवैज्ञानिक, व्यावहारिक र सामाजिक पक्षका विभिन्न समस्यालाई देखाई तिनको उचित समाधान प्रस्तुत गर्ने प्रयास गरेको पाइन्छ । तीन खण्डमा विभाजित गरिएका यी कृतिहरूमा विषय परिचयसँगै सान्दर्भिक घटनाहरू प्रस्तुत गर्दै छलफलका लागि उपयुक्त प्रश्नहरू सृजना गरी निचोड निकाल्ने प्रयत्न गरेको देखिन्छ ।

सुवेदीले अनुसन्धनात्मक कृतिहरूको पनि सम्पादन गरेका छन् । उनले विभिन्न साहित्यकार र विद्वान्हरूसँग मिलेर **सुवेदी वंशावली** कृतिको सम्पादन तथा सहलेखन गरेका छन् । अनुसन्धानमूलक प्रस्तुत कृतिमा नेपालमा बसोबास गर्दै आएका सुवेदीहरूको वंशपरम्पराको खोजी गरिनुका साथै सुवेदी वंशको इतिहास प्रस्तुत गरिएको छ । २०६३ सालमा सुवेदी कल्याण प्रतिष्ठानद्वारा प्रकाशन गरिएको प्रस्तुत कृतिमा नेपालमा प्रचलित रहेका सम्पूर्ण थरहरूका गोत्रको बारेमा पनि जानकारी प्रस्तुत गरिएको छ ।

**नेपालमा सङ्घीय शासन प्रणाली व्यवस्थापन र कार्यान्वयन** (२०६५) केशव सुवेदीले भाषा सम्पादन गरेको अर्को उत्कृष्ट पुस्तकाकार कृति हो । सम्पादक कृष्ण खनालको सहलेखनमा तयार पारिएको यस कृतिले नेपालमा कस्तोखालको सङ्घीय शासन प्रणाली भयो भने दीर्घकालीन हुन्छ र कसरी व्यवस्थापन गर्ने र कसरी कार्यान्वयनमा लान सकिन्छ भन्ने विषय प्रमुख रहेको छ । राष्ट्रिय शान्ति अभियानद्वारा प्रकाशित यो पुस्तक २६९ पेजको लामो आयाममा संरचित छ ।

**नेपाल : सङ्क्रमणकाल र लोकतन्त्र** (सन् २००८) कृष्ण हाछेथुद्वारा लिखित प्रस्तुत कृतिको भाषा सम्पादन सुवेदीले गरेका हुन भने यस कृतिको अनुवाद दामिनी बैद्यद्वारा गरिएको हो । समसामयिक विषयवस्तुमा आधारित यस कृतिमा ६ वटा परिच्छेद रहेका छन् । ती सबैको सम्पादन सुवेदीले गरेका छन् । सम्पादनका क्रममा उनले समसामयिक समस्यालाई बुझाउन सक्ने शब्द तथा वाक्यहरूको गठन गरेका छन् । अनुसन्धानमूलक ढाँचामा लेखिएको प्रस्तुत कृतिमा शोध सृजनाको सिद्धान्त प्रयोग भएको पाइन्छ ।

**सङ्गीत शिखर भक्तराज आचार्य** केशव सुवेदीद्वारा सम्पादित अर्को साहित्यिक कृति हो । यो कृति सत्य र स्वरूपद्वारा संयोजन गरिएको र एकता प्रकाशनले २०६७ सालमा प्रकाशनमा ल्याएको हो । यस कृतिमा स्व. भक्तराज आचार्यका बारेमा विभिन्न व्यक्तिद्वारा विभिन्न समयमा लेखिएका ९३ वटा लेखहरूको संयोजन गरिएको छ । केशव सुवेदीद्वारा सम्पादित यस कृतिको मुख्य विषयवस्तु भक्तराज आचार्यलाई चिनाउनमै उद्दत रहेको छ ।

## ५.५. केशव सुवेदीद्वारा सम्पादित पत्रपत्रिकाहरू

नेपाली साहित्य अन्तर्गत विभिन्न साहित्यिक तथा साहित्येतर कृतिहरूको सम्पादन गरेका सुवेदीले विभिन्न साहित्यिक तथा साहित्येतर पत्रपत्रिकाको पनि सम्पादन गरेर आफ्नो पत्रकारिताको क्षेत्रलाई बढावा दिएका छन् । उनले सम्पादन गरेको पहिलो पत्रिका **पञ्चायत स्मारिका** हो । यसैगरी उनले विभिन्न संस्थाका मुखपत्र तथा अनुसन्धानमूलक पत्रिकाको पनि सम्पादन गरेका छन् । यस क्रममा उनले महेन्द्र आदर्श विद्याश्रम ललितपुरको मुखपत्र **महेन्द्र बाटिका** को अङ्क २ देखि अङ्क ९ सम्म प्रधान सम्पादक भएर काम गरेका छन् भने विभिन्न व्यक्तिहरूसँग मिलेर पनि पत्रपत्रिकाको सम्पादन गरेका छन् । यसै क्रममा उनले विशिष्ट विद्वान्हरूसँग मिलेर नेपाली केन्द्रीय विभाग कीर्तिपुरको अनुसन्धानमूलक

पत्रिका **वाङ्मय**का विभिन्न अङ्कहरूको सहसम्पादन गरेका छन् । उनले साहित्यकार कृष्णप्रसाद पराजुलीसँग मिलेर **आस्थाका आयाम** पत्रिकाको सम्पादन गरेका छन् । यसरी विभिन्न पत्रपत्रिकाको सम्पादन गरी आफ्नो साहित्यिक पत्रकारितालाई अझ बलियो बनाएका छन् ।

## ५.६. सुवेदीद्वारा सम्पादित अन्य कृति

**फेवाको सुस्केरा** (२०६७) प्रदीप नेपालद्वारा लिखित कथासङ्ग्रह हो । जसमा जम्मा २४ वटा कथा सङ्कलित गरिएका छन् । एकता प्रकाशनले बजारमा ल्याएको यस कृतिमा भूमिका लेखन केशव सुवेदीको रहेको छ । भूमिकामा यस कृतिभित्रका केही कथाको सामान्य चर्चा गर्दै निचोडमा सुवेदीले भनेका छन् – प्रस्तुत सङ्ग्रहका कथामा हामी दिनानुदिन जलकुम्भी झारबाट आक्रान्त भई आफ्नै अस्तित्वको सङ्कट झेलिरहेको फेवाको सुस्केराभित्र मूल्यहीन राजनीतिक प्रयोग र अभ्यासबाट आक्रान्त नेपाली समाजका सुस्केराहरूको प्रतिध्वनि सुन्न सक्छौँ ।

## ५.७. केशव सुवेदीका निर्देशनमा भए गरेका स्नातकोत्तरतह स्तरीय शोधकार्यहरू

वि.सं. २०३४ देखि निरन्तर रूपमा प्राध्यापन पेसामा संलग्न रहेका केशव सुवेदीले आफ्नो अध्यापनका क्रममा नेपाली विषयमा शोध गर्न चाहने शोधार्थीहरूका शोधनिर्देशकका रूपमा कुशल निर्देशन दिएर उनीहरूको शोधकार्यलाई सफल गराउँदै आएका छन् । यस क्रममा त्रि.वि. नेपाली केन्द्रीय विभाग अन्तर्गत केशव सुवेदीको कुशल निर्देशनमा हालसम्म पूरा गरिएका उपलब्ध स्नातकोत्तर स्तरीय शोधकार्यहरूको कालक्रमिक विवरण यस प्रकार छ :

**क) जीवनी, व्यक्तित्व र कृतित्वसम्बन्धी शोधकार्यहरू**

१. धर्मेन्द्रनाथ भट्टराई, दधिराम मरासिनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०३९ ।

२. नारायणप्रसाद पाण्डेय, केदारमणि आ.दी.को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,२०४३ ।

३. इन्दिरा अधिकारी, आनन्ददेव भट्टको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०४६ ।

४. प्रभा रिसाल, दाताराम शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५० ।

५. हेमकुमार गौतम, भागीरथि श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५१ ।

६. कृष्णप्रसाद शर्मा, कृष्णप्रसाद ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५१ ।

७. बोमप्रसाद उपाध्याय,कालीभक्त पन्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५४ ।

८. माधवप्रसाद पाण्डेय, कवि मोहन हिमांशु थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५४।

९. पुनम भट्टराई, राममणि रिसालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५४ ।

१०. इन्दिरा कार्की, ऋषवदेव शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५४ ।

११. चन्द्रकान्त निरौला, रामकुमार पाडेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५५ ।

१२. गायत्री आचार्य, ठाकुरप्रसाद पराजुलीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,२०५५ ।

१३. उर्मिला कुमारी रेग्मी, रत्नाकर देवकोटाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०५६ ।

१४. गोविन्दप्रसाद आचार्य, कवि रामचन्द्र भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,२०५६।

१५. विन्दा सिंखडा, टी.एन गोपिकृष्ण अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,२०५८ ।

१६. शङ्कर कुमार रायमाझी, ऋषिराम न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,२०५८ ।

१७. लक्ष्मी पाण्डेय, जयनारायण गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६१ ।

१८. विष्णुप्रसाद अर्याल, गणेश विषमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६३।

१९. सुजाता कुमारी पौड्याल, गिरीश वल्लभ जोशीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६३ ।

२०. कृष्णराज पौडेल, इन्द्रकुमारी विकल्पको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६३

२१. ज्ञानबहादुर भुजेल, भोला रिजालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६३

२२. निमग्ना घिमिरे, जीवराज पोखेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६४

२३. रेखा पवन, पिताम्बर अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२४.अमृत के.सी., बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२५. सीता रिजाल, भीमकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२६. इन्दु थापा, जनार्दन आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२७. युवराज पोखेल, दुर्गाप्रसाद मजगैयाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२८. पार्वती पोखेल, गोविन्दप्रसाद भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

२९. सुवर्ण कटुवाल, गोविन्दप्रसाद 'कुसुम'को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

३०. गंगा पन्थी, सुशिल गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६५ ।

३१. दुर्गादेवी न्यौपाने, वीरेन्द्रबहादुर शाहको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६६ ।

३२. गम्भीर ढकाल, कर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६६ ।

३३. केशवराज शर्मा, जीवेन्द्रदेव गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६७

३४.यज्ञकुमार पौडेल, कन्हैया नासनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, २०६८

**ख) स्रष्टा परक शोधकार्यहरू**

१. शान्तालक्ष्मी वज्राचार्य, भीमनिधि तिवारीको नाट्यकारिताको विश्लेषण, २०३९ ।

२. पारसमणी भण्डारी, कवि गुणराज उपाध्यायका खण्डकाव्य कृतिको अध्ययन, २०४३ ।

३. ताराकान्त पाण्डेय, महाकवि लक्ष्मीप्रसाद देवकोटाका कवितामा हास्य व्यङ्ग्य, २०४५

४. विष्णुप्रसाद सापकोटा, कवि भूपिशेरचनका कवितामा व्यङ्ग्य, २०४८ ।

५. पदमा अर्याल, ढकाल, मनबहादुर मुखियाका नाट्यकृतिको अध्ययन, २०५४ ।

६. लिलाकुमारी उप्रेती, पुष्पलाल आचार्यको कथाकारिता, २०६३ ।

७. सरला ढुङ्गाना, माध्यमिककालीन शृङ्गारिक कविता परम्पराको अध्ययन, २०६३ ।

८. डिल्लीकुमार देवकोटा, चन्द्रप्रसाद न्यौपानेको महाकाव्यकारिता, २०६४ ।

९. खगेन्द्र दाहाल, केवलपुरे किसानका कविता कृतिको अध्ययन, २०६५ ।

१०. अनन्तप्रसाद घिमिरे, शारदा शर्माको निबन्धकारिता, २०६६ ।

११. दीपक रेग्मी, भेषराज शर्माको काव्यकारिताको अध्ययन, २०६६ ।

१२. सीता पन्थी, पूर्ण विरामको कथाकारिता, २०६७ ।

१३. लक्ष्मीमाया श्रेष्ठ, सिद्धिचरण श्रेष्ठसम्बन्धी अध्ययन परम्परा, २०६७ ।

१४. विष्णुकला श्रेष्ठ, सोमनाथ सिग्द्यालसम्बन्धी अध्ययन परम्परा, २०६७ ।

१५. महेन्द्र भण्डारी, समालोचक वासुदेव त्रिपाठी, २०६८ ।

**ग) क्षेत्रीय अध्ययनसम्बन्धी शोधकार्यहरू**

१. दिनानाथ शर्मा पण्डित, नेपाली साहित्यमा गोरखा जिल्लाको योगदान, २०५० ।

२. श्यामबहादुर श्रेष्ठ, नेपाली साहित्यको विकासमा जनकपुरधामको योगदान २०६१ ।

३. प्रेमप्रसाद तिवारी, पर्वत जिल्लाका प्रतिनिधि कवि र तिनका प्रमुख कविताकृतिको अध्ययन, २०६१ ।

४. सुनिता भट्टराई, मोरङ जिल्लामा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण २०६१ ।

५. बलबहादुर महतारा, नेपाली साहित्यमा प्युठान जिल्लाको योगदान, २०६१ ।

६. सरिता भारती, रोल्पा जिल्लाका साहित्यिक गतिविधिहरूको सर्वेक्षणात्मक अध्ययन, २०६२ ।

७. सुशिल न्यौपाने, पाल्पाली कथाकारहरू र तिनका कथाकृतिहरूको अध्ययन २०६४ ।

८. माधव पोखेल, नेपाली साहित्यको विकासमा साहित्य परिषद् प्युठानको योगदान २०६५ ।

९. आदित्य चौधरी, दाङ जिल्लाको देउखुरी उपत्यकामा प्रचलित थारू लोकगीतको अध्ययन २०६५ ।

१०. इन्द्रा विष्ट, दाङ जिल्लाका निबन्धकार र तिनका निबन्धसङ्ग्रहको अध्ययन, २०६७ ।

११. श्यामप्रसाद आचार्य, शम्भुप्रसाद ढुङ्ग्याल र उनका खण्डकाव्यमा शृङ्गार रसको प्रयोग,

२०६७ ।

१२. हरिप्रसाद देवकोटा, नेपाली लोकगाथाको अध्ययन परम्परा २०६७ ।

**घ) पत्रपत्रिकासम्बन्धी शोधकार्यहरू**

१. लक्ष्मी कुमार कोइराला, नेपाली साहित्यमा 'इन्द्रेनी' पत्रिकाको योगदान, २०३८ ।

२. शालिकराम पौड्याल, नेपाली भाषा साहित्यमा 'नौलो पाइलो' पत्रिकाको योगदान, २०४२

३. केदार नाथ धिताल, नेपाली साहित्यमा 'साङ्ग्रिला' पत्रिकाको योगदान, २०५२ ।

४. पिताम्बर कोइराला, नेपाली साहित्यको विकासमा 'नौलो पाइलो' पत्रिकाको योगदान, २०५५

५. बबिता शर्मा, नेपाली साहित्यमा 'अभिव्यक्ति' पत्रिकाको योगदान, २०६७ ।

**ङ) कृतिपरक शोधकार्यहरू**

१.विमला शर्मा, 'भूमरी' उपन्यासको कृतिपरक अध्ययन, २०६२ ।

२. पिताम्बर सापकोटा, 'कुमारी शोभा' उपन्यासको कृतिपरक अध्ययन, २०६२ ।

३. सुदर्शनप्रसाद सत्याल, 'उदयलहरी' खण्डकाव्यको कृतिपरक अध्ययन, २०६३ ।

४. सम्झना सुवेदी, श्रीप्रसाद घिमिरेका काव्यकृतिहरूको अध्ययन, २०६४ ।

५. अम्बिका सिग्देल, 'अतृप्त' उपन्यासको कृतिपरक अध्ययन, २०६४ ।

**च) भाषा सम्बन्धी शोधकार्यहरू**

१. गोविन्द गिरी, त्रि.वि.मा नेपाली भाषा साहित्यको पठन-पाठन र अनुसन्धान परम्पराको सर्वेक्षण, २०६२।

२. शङ्कर पुरी, त्रि.वि.मा नेपाली विषयको पाठ्यकम तथा पठनपाठनको अध्ययन, ( आरम्भदेखि २०३९ सम्म) २०६३

३. लक्ष्मी खतिवडा, गोरखापत्रका माध्यमबाट नेपाली भाषा साहित्यको विकासमा योगदान दिने महिला साहित्यकारहरूको सर्वेक्षणत्मक अध्ययन, २०६४

४. प्रकाश भण्डारी, त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकतहको नेपाली विषयको सर्वेक्षणात्मक अध्ययन, २०६५ ।

५.गोकर्णप्रसाद लम्साल,त्रि.वि.अन्तर्गत स्नातकोत्तर तहको पाठ्यक्रमको सर्वेक्षणत्मक अध्ययन, २०६६ ।

## ५.८ निष्कर्ष

सम्पादक केशव सुवेदी नेपाली साहित्यकासका एक उज्वल नक्षेत्र हुन । उनले नेपाली साहित्यका विभिन्न ग्रन्थ तथा पाठ्यक्रममा समावेश गरिएका पाठ्यपुस्तकको कुशल सम्पादन गरेका छन् । उनका सम्पादित तथा सहसम्पादित कृतिहरूमा भाषिक परिष्कारका साथै वाक्यगठन प्रक्रियामा विशेष ध्यान दिएको देखिन्छ जसले गर्दा सुवेदीद्वारा सम्पादित कृतिहरू सरल, बोधगम्य, बौद्धिक र सम्प्रेषणयुक्त हुन्छन् । उनले सम्पादन गर्ने क्रममा बालसाहित्यिक कृतिहरूमा बढी जोड दिएको देखिन्छ । बालसाहित्यका प्राय : सबै विधाका कृतिको सम्पादन गरिसकेका सुवेदीले साहित्येतर कृतिहरूको पनि सम्पादन गरेका छन् । कहीँ भाषा सम्पादन त कतै सहलेखनमा समेत भूमिका निर्वाह गरेका उनले विभिन्न व्यक्तिहरूसँगको सहकार्यमा सहसम्पादन कार्य समेत गरेका छन् ।

विभिन्न व्यक्तिद्वारा लिखित कृतिहरूमा आफ्नो सम्पादकीय कलाको भरपुर प्रयोग गरी कृतिहरूलाई उत्कृष्ट बनाउन उनले खेलेको भूमिकालाई सबैले प्रशंसा गरेको देखिन्छ । हालसम्म झण्डै ५० भन्दा बढी कृतिको सम्पादन गरिसकेका सुवेदीले साहित्य अन्तर्गत पाठ्यपुस्तक, बालगीत, बालजीवनी, बालकथा, बालउपन्यास , बालकविता, लगायतका विषयमा लेखिएका कृतिहरूको सम्पादन गरेका छन् । यसैगरी साहित्येतर कृति अन्तर्गत राजनीति, इतिहास, व्यावहारिक, संस्कृति, प्रशासन र प्राविधिक विषयसँग सम्बन्धित कृतिहरूमा आफ्नो सम्पादकीय जिम्मेवाारी पूरा गरेका छन् भने विभिन्न पत्रपत्रिकाहरूको सम्पादनमा समेत महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

# छैठौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

मध्यपश्चिम नेपालको रापती अञ्चल अन्तर्गत सल्यान जिल्लाको जसपुरमा २००९ साल असारमा जन्मिएका केशव सुवेदी २०३० को दशकदेखि साहित्य साधनामा लागेका हुन् । आफ्नो साहित्य लेखनको सुरुवात कविता लेखनबाट गरेको भए तापनि स्वर्गद्वारी महाप्रभुको जीवन चरित्रसँग सम्बन्धित समालोचनात्मक लेख २०३७ सालको **बालक** पत्रिकामा प्रकाशित गरेर औपचारिक रूपमा साहित्यिक यात्राको थालनी गरेका सुवेदीले त्यसपछि विभिन्न पत्रपत्रिकामा लगातार रूपमा आफ्ना समालोचनाहरू प्रकाशन गर्दै आएको पाइन्छ । जीवनमा खासै आर्थिक अभावको सामना गर्न नपरेका सुवेदीले सानो छँदा गाउँमा नै शिक्षा हासिल गरे भने पछि दाङ, भारतको बनारस हुँदै काठमाडौँसम्म आएर स्नातकोत्तरसम्मको औपचारिक अध्ययन पूरा गरे ।

विद्यार्थी अवस्थामा नै वैवाहिक सम्बन्धमा बाँधिएका सुवेदीले विवाहपछि पनि आफ्नो अध्ययनलाई निरन्तरता दिन छोडेनन् । जसका कारण उनले आफ्नो प्राध्यापकीय व्यक्तित्व र साहित्यिक व्यक्तित्व स्थापित गरे । यसको परिणाम स्वरूप उनका **रापतीको साहित्यिक रूपरेखा** (२०६५) र **परिधीय परिक्रमा** (२०६५) समालोचनासङ्ग्रह देखा परेका हुन् । यसका अतिरिक्त उनको सहलेखनका रूपमा **मध्यपश्चिमका कविता** (२०५३) र **दैवज्ञराज न्यौपाने : जीवनी, कृतित्व तथा अभिनन्दन** जस्ता कृतिहरू प्रकाशनमा आएका छन् । सम्पादकका रूपमा समेत परिचित सुवेदीले नेपाली भाषामा लेखिएका साहित्यिक र साहित्येतर गरी थुप्रै कृतिहरूको सम्पादन गरेका छन् । साहित्यिक कृतिहरूमा विभिन्न स्तरमा निर्धारित पाठ्यपुस्तक, बालसाहित्य र पत्रपत्रिकाहरूको सम्पादन गरेका छन् । बालसाहित्य अन्तर्गत बालकथा, बालजीवनी, बालगीत, बालउपन्यास, बालनाटक, र बालसंस्मरण लगायतका कृतिहरूको सम्पादन गरेका छन् । यसैगरी साहित्येतर अन्तर्गत विभिन्न व्यक्तिहरूद्वारा लेखिएका राजनीतिक, इतिहास, व्यवहार, संस्कृति र प्रशासनसँग सम्बन्धित कृतिहरूको सम्पादन गरेको देखिन्छ ।

केशव सुवेदीले २०३४ सालमा त्रि.वि.सेवामा प्रवेश गरी जागिरे जीवन सुरु गरेका हुन् । केही समय सहप्राध्यापक सरहको अस्थायी पदमा कार्यरत सुवेदी २०३९ सालको माघमा उपप्राध्यापक पदमा स्थायी भई प्राध्यापन पेसा अँगाल्दै आएका छन् । २०५० सालमा सहप्राध्यापक पदमा पदोन्नति भएका सुवेदी २०६५ सालमा प्राध्यापक पदमा बढुवा भई हालसम्म पनि नेपाली केन्द्रीय विभाग कीर्तिपुरमा अध्यापनरत छन् । उनी एक कुशल प्राध्यापकका रूपमा कार्यरत रहँदारहँदै पनि नेपाली साहित्यलाई उत्तिकै महत्त्व दिँदै साहित्य

साधनामा निरन्तर लागिरहेका छन् । उनले विभिन्न समयमा विभिन्न काम विशेष तथा भ्रमणकै लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुलुकको भ्रमण गरेका छन् ।

नेपाली साहित्य अन्तर्गतको आख्यान विधा समालोचनाबाट आफ्नो लेखन आरम्भ गरेका सुवेदीका समालोचनाले कृतिको गल्ती कमजोरी औँल्याएर ठोस मूल्याङ्कनात्मक निर्णय दिनुका साथै कृतिलाई विधागत वा ऐतिहासिक सन्दर्भमा सामान्य रूपले स्थापित गर्ने क्षमता राख्दछन् । कृतिलाई सामान्य एउटा पाठ ठानेर विभिन्न पद्धतिका आधारमा त्यसको सार र शैलीको विश्लेषण, पुनर्सम्बधन, मूल्यको आधिकारिकता प्रमाणित गर्ने जस्ता अनेकौं विशेषता सुवेदीका समालोचनामा पाइन्छन् ।

केशव सुवेदी साहित्य लेखनका साथै विभिन्न सङ्घसंस्थाको स्थापना, सञ्चालनमा र पत्रपत्रिकाको व्यवस्थापन र प्रकाशनमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्नता रहँदै आएको देखिन्छ । पञ्चायतकालीन व्यवस्था रहँदा होस या जनआन्दोलनपछिका समयमा किन नहोस् सुवेदीले आफ्नो कलम निरन्तर चलाई नै रहे र विभिन्न सङ्घसंस्थामा संलग्न रहँदै आए । मध्यपश्चिमाञ्चलको साहित्यिक विकासमा सक्रिय रहेका उनले अनुसन्धनात्मक कृति **रापतीको साहित्यिक रूपरेखा** (२०६५) प्रकाशनमा ल्याए । यसमा रापती क्षेत्रको सम्पूर्ण साहित्यिक गतिविधि समेट्नुका साथै त्यहाँको साहित्यिक यथार्थता प्रस्तुत छ । यतिमात्र नभएर सुवेदीले **मध्यपश्चिमाञ्चल साहित्य परिषद्को** स्थापनामा पनि महत्त्वपूर्ण भूमिका खेल्नुका साथै यस परिषद्का संस्थापक अध्यक्ष समेत भएर कार्य गरेका छन् । हाल उनी उक्त संस्थाका आजीवन सदस्यका साथै सल्लाहकारका रूपमा रहँदै आएका छन् । साहित्यिक पत्रकार महासङ्घको सदस्यबाट सचिव र पछि महासचिवसम्म भएका उनी प्राध्यापक सङ्घको केन्द्रीय सदस्य समेत भएका छन् । यसबाट पनि सुवेदीको संघसंस्थामा सहभागिता निकै रहेको देखिन्छ ।

सम्पादन तथा सहलेखनमा समेत आफ्नो स्थान जमाइसकेका सुवेदीले सम्पादनका क्रममा भाषा सम्पादन, वर्ण विन्यास, वाक्यगठन लगायतका पक्षमा विशेष जोड दिन्छन् । गफगाफका समयमा राजनीतिलाई महत्त्व दिने सुवेदीले नेपाली खानपिन र वेशभूषा मन पराउँछन् । आफ्ना कारणले कोही दुखित नबनोस् भन्ने मान्यता राख्ने सुवेदी मानवसेवालाई नै प्रमुख धर्म मान्ने आध्यात्मिक प्रविति भएका व्यक्ति हुन् । ईश्वर छन् भन्ने मान्यता राख्ने उनले मन्दिर गएर, पूजाआजा गरेर मात्र धर्म कमाइने होइन कि सही र गलत छुट्याएर आफ्नो कर्तव्य पूरा गर्नु पर्ने बताउँछन् । साहित्य लेखनको प्रेरणा र प्रभाव अग्रज गुरुहरूबाट प्राप्त भएको बताउने सुवेदीको साहित्यिक योगदानको कदर स्वरूप उनले विभिन्न सम्मान तथा पुरस्कार पनि ग्रहण गरेको देखिन्छ । उनी **शिक्षा पुरस्कार, त्रिमूर्ति सम्मान, कदरपत्र, आदरपत्र** जस्ता पुरस्कार तथा सम्मानबाट विभूषित भइ सकेका छन् ।

प्रस्तुत शोधपत्रलाई मुख्य रूपमा पाँच परिच्छेदमा विभाजित गरी प्रत्येक परिच्छेदमा विभिन्न शीर्षक, उपशीर्षक राखी अध्ययन गरिएको छ । साहित्यकार केशव सुवेदीको यस अध्ययनले उनको सम्पूर्ण जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषणलाई सम्पूर्णता प्रदान गर्न अवश्य सक्दैन । त्यसैले उनका साहित्यका विविध पाटा वा विधामा र बेग्लाबेग्लै कृतिहरूमा समेत थप अध्ययन गर्न सकिने देखिन्छ । प्रस्तुत शोधपत्रको अग्रभागमा शोधपरिचय, मध्यभागमा केशव सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व,त्यसैगरी अन्तिम भागमा परिशिष्ट खण्ड राखिएको छ । सुरुमा शोधनिर्देशकको मन्तव्य, कृतज्ञता, विषयसूची र सङ्क्षिप्त शब्दसूची राखिएको छ भने अन्त्यमा सन्दर्भ सामग्रीसूची पनि प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

केशव सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, विश्लेषण र अनुशीलनबाट निम्न लिखित निष्कर्ष प्राप्त भएका छन् :

१. केशव सुवेदी २००९ साल असार १० गते सल्यान जिल्लामा मध्यम स्तरीय परिवारमा जन्मिएका हुन् । स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका सुवेदी एक इमान्दार तथा कुशल प्राध्यापक हुन् ।

२. श्रद्धेय गुरुहरू प्रा.डा. वासुदेव त्रिपाठी, प्रा.डा.वल्लभमणि दाहाल, प्रा. ठाकुरप्रसाद पराजुली, प्रा.डा. दयाराम श्रेष्ठ आदिको प्रेरणा र प्रभावबाट नेपाली साहित्यतर्फ लम्किएका सुवेदीले हालसम्म विभिन्न पत्रपत्रिकामा थुप्रै समालोचनात्मक लेखहरू प्रकाशित गर्नुका साथै पुस्तकाकार रूपमा समालोचनासङ्ग्रह र करिब पाँच दर्जन जति साहित्यिक र साहित्येतर कृतिको सम्पादन गरिसकेका छन् ।

३. नेपालका विभिन्न क्षेत्रका साथै भारत र बेलायतको भ्रमण गरिसकेका उनले केही साहित्यिक सङ्घसंस्थामा संलग्न रहनुका साथै विभिन्न सम्मान तथा पुरस्कार पनि ग्रहण गरेको देखिन्छ ।

४. सरल स्वभाव, हँसिलो बोली भएका सुवेदीका प्राध्यापक, समाजसेवी, अभिप्रेरक व्यक्तित्वका साथै साहित्यमा समालोचक र सम्पादक तथा सहलेखक जस्ता बहुमुखी व्यक्तित्व देखिन्छन् ।

५. नेपाली साहित्यको समालोचना क्षेत्रमा पछिल्लो चरणमा देखिएका सुवेदीले आफ्नो लेखनीको विषय नै समालोचनालाई बनाएको पाइन्छ ।

६. रापती क्षेत्रको साहित्यिक विकास गर्न निकै सक्रिय सुवेदीले त्यस क्षेत्रको साहित्यिक गतिविधिको अनुसन्धान गर्नुका साथै अनुसन्धानमूलक कृतिको प्रकाशन गरेका छन्

भने साहित्यिक सङ्घसंस्थाको स्थापनामा पनि सक्रिय पहल गरेको पाइन्छ ।

७. सुवेदीका समालोचनामा कृतिको कलात्मक विशिष्टताको अन्वेषण गरी आफ्नो कार्यमा पाठकलाई चित्त बुझाउने र कृतिको पूर्वाधार, प्रारम्भिक पाठ आदिको खोजी गर्ने र तार्किक रूपले पुष्टि गर्ने जस्ता प्रवृत्ति पनि पाइन्छन् ।

८. विभिन्न पत्रपत्रिकाको सम्पादन गर्नुका साथै विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू पनि समयसमयमा प्रकाशित हुँदै आएका छन् । केही अनुसन्धानमूलक फुटकर रचनाले लोकसाहित्यको विकासमा समेत सहयोग पुगेको देखिन्छ ।

९. एक कुशल प्राध्यापकका रूपमा रहेका केशव सुवेदीले हामीजस्ता थुप्रै विद्यार्थीको प्रेरणाको स्रोतका रूपमा अभिप्रेरक व्यक्तित्व वहन गर्दै आएको पाइन्छ ।

१०. प्रस्तुत शोधपत्र **केशव सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनले** केशव सुवेदीका बारेमा मोटामोटी अध्ययन, अनुसन्धान गर्नुका साथै आगामी दिनमा उनका बारेमा थप अध्ययन, विश्लेषण गर्न मार्ग प्रशस्त गरेको छ र यहाँ उनका बारेमा थप शोधकार्य गर्नका लागि केही सम्भावित शोधशीर्षकहरू समेत प्रस्तुत गरिएको छ :

क) नेपाली समालोचनामा केशव सुवेदीको योगदान,

ख) साहित्यको संस्थागत विकासमा केशव सुवेदीको योगदान,

ग) परिधीय परिक्रमा समालोचना सङ्ग्रहको अध्ययन आदि ।

# परिशिष्ट

केशव सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा उ.प्रा.नेत्र एटमसँग लिइएको लिखित अर्न्तवार्ताको अंश उनकै हस्ताक्षरमा यहाँ प्रस्तुत गरिएको छ ।

१. तपाईंको केशव सुवेदीसँगको चिनजान कहिलेदेखिको हो ?

मैले उहाँलाई पहिलोपल्ट २०४१-४२ सालतिर दाजुका रूपमा चिनेको हुँ तर उहाँको बसाइ काठमाडौंमा भएकाले त्यति धेरै सम्पर्क थिएन । २०४४-४५ देखि मेरो उहाँसित निरन्तर सम्पर्क हुँदै विश्वविद्यालयमा आएपछि चिनजान र सम्पर्क गाढा हुँदै गएको हो ।

२. केशव सुवेदीको व्यक्तित्व के-कस्तो रहेको छ ?

उहाँ मूल रूपमा प्राध्यापक हुनुहुन्छ । घरमा छोराछोरीलाई पनि आदर्श संस्कार दिन उहाँ सक्षम देखिनुभएको छ । एउटा मन पर्ने कुरा के भने उहाँको घरमा 'गुरुनिन्दा' वर्जित छ । उहाँको दोस्रो महत्त्वपूर्ण व्यक्तित्व समालोचक हो । साहित्यको प्राध्यापन र साहित्यबारेको ~~प्राध्यापन~~ लेखनबाट उहाँ चिनिनुभएको हो । तेस्रो चाहिँ उहाँ साहित्यिक संगठक पनि हुनुहुन्छ । मध्यपश्चिमाञ्चल साहित्य परिषद्, काठमाडौंको गठन, सञ्चालन र नेतृत्वमा उहाँको योगदान विशिष्ट छ ।

३. तपाईंलाई सुवेदीका मन पर्ने पक्षहरू के-के हुन् ?

उहाँका आदर्श पक्ष मलाई मन पर्छ । आफू काम गर्ने संस्था र सम्बद्ध पक्षहरूको निरन्तर पक्षपोषण गर्नु उहाँको स्वभाव हो । मूल्यका पक्षमा उहाँ उभिनुहुन्छ र मूल्यह्रासमा चिन्ता प्रकट गर्नुहुन्छ । देशविदेशका सामाजिक राजनीतिक, आर्थिक ज्ञान उहाँमा अधार्वधिक हुन्छ । सत्कर्मका लागि निरन्तर प्रेरणा दिने हुनाले अभिभावकका रूपमा उहाँ मलाई मन पर्छ ।

४. तपाईंलाई केशव सुवेदीको स्वभाव कस्तो लाग्छ ?

उहाँ सकारात्मक र आशावादी स्वभावको हुनुहुन्छ तर विसङ्गतिका ठूलो पक्षले पनि उहाँलाई बढी विचलित पार्छ । कर्मप्रति समर्पण उहाँको स्वभावको महत्त्वपूर्ण पक्ष हो । उहाँमा व्यङ्ग्यात्मक र विनोदी स्वभाव पनि छ ।

५. केशव सुवेदीका साहित्यिक प्रवृत्तिहरु के-कस्ता छन् ?

केशव सुवेदी समालोचक र सम्पादकका रूपमा साहित्यमा सक्रिय हुनुहुन्छ। उहाँका समालोचनामा शोधखोजको प्रवृत्ति पाइन्छ। कृतिबारे पूर्व लेखकहरूले लेखेका कुरालाई तर्कका कसीमा घोटेर निष्कर्षमा पुग्ने उहाँको प्रक्रिया पाइन्छ। सम्पादनका क्रममा कृति र व्यक्तिका साहित्यिक विशेषता निक्यौंल गर्ने, सूक्ष्म विश्लेषण गर्ने र सारगर्भित निष्कर्ष दिनु उहाँको विशेषता हो। उहाँका कृतिमा आधिकारिकताका लागि पर्याप्त अध्ययन गरिएको हुन्छ र सन्दर्भसामग्रीको व्यवस्थित उल्लेख पनि पाइन्छ। लेखक, कृति र परम्परालाई ऐतिहासिक पक्षबाट पनि उहाँले विश्लेषण गर्नुभएको छ।

६, तपाईंले केशव सुवेदीको प्राध्यापकीय व्यक्तित्वलाई कसरी लिनुहुन्छ

म उहाँको प्राध्यापकीय व्यक्तित्वबाट प्रभावित छु। उहाँ आफूले प्राध्यापन गर्ने विषयबारेका प्राप्त सामग्रीहरू केलाउनुहुन्छ र तिनका निष्कर्षहरू दिँदै कृतिविश्लेषणलाई अघि बढाउनुहुन्छ। विद्यार्थीहरूसित पर्याप्त अन्तर्क्रिया गर्दै, उनीहरूका प्रश्न र प्रतिप्रश्नबारे सहृदयतापूर्वक मनन गर्दै उहाँले चित्त बुझाउनुहुन्छ। निरन्तर लामो समयसम्म व्याख्या गर्ने र सम्झाउन सक्ने क्षमता उहाँमा छ।

७, केशव सुवेदीले नेपाली भाषासाहित्यमा दिएको योगदानलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

केशव सुवेदीले नेपाली भाषासाहित्यमा राप्ती अञ्चलका लेखक र कृतिहरूले दिएको योगदानलाई चिनाउने महत्त्वपूर्ण काम गर्नुभएको छ। त्यति गरी नेपाली साहित्यको पठनपाठलाई स्तरीयता प्रदान गर्न र विश्वविद्यालयको नेपाली विषयका विभिन्न पाठ्यक्रमहरूको परिमार्जन, संयोजन, लेखन तथा पाठ्यपुस्तक लेखनमा संलग्न भई काम गरिरहनुभएको छ। हरेक काममा जिम्मेवारीबोध गर्ने र सकेसम्म त्यसलाई स्तरीयता दिने हुनाले उहाँको योगदान विशिष्ट छ तर त्यसले प्रकाशित हुने अवसर पाएको भने देखिँदैन

८, अन्त्यमा तपाईंलाई केशव सुवेदीका बारेमा लागेका केही कुराहरु बताइदिनुहोस न !

केशव सुवेदी प्राध्यापकीय र पारिवारिक रूपमा अत्यन्त सफल व्यक्तित्व हुनुहुन्छ । जुनै कुरालाई पनि आदर्श, परिपक्व र प्रामाणिक बनाउन खोज्ने हुनाले उहाँ कतिपय कुराको निर्णयप्रक्रियामा अलि ढिला देखिनुहुन्छ उहाँमा आत्मश्लाघा वा आत्मप्रचारको भावना छैन । एउटा अभिभावक, गुरु र साहित्यिक अग्रजका रूपमा म उहाँप्रति अत्यन्त आदर प्रकट गर्दछु अनि भावी जीवनको सफलताका लागि शुभकामना दिन्छु ।

(नेत्र एटम)
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर
२०६७।३।२८ गते सोमबार

# सन्दर्भग्रन्थसूची


अधिकारी, इन्द्रप्रसाद (२०६४), **तीतामीठा कुरा**, काठमाडौँ : एकता बुक्स ।

ओझा, दशरथ (ई.१९७५), समीक्षा शास्त्र, दिल्लीः राजपाल एण्ड सन् ।

उपाध्याय घिमिरे,(२०५७),**राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह**, काठमाडौँः एकताबुक्स ।

कँडेल, घनश्याम (सम्पा.२०५५), **नेपाली समालोचना**, ललितपुर : साझा प्रकाशन ।

खड्का, श्यामबहादुर (२०५८), **बझाङ किंबदन्ती र इतिहास** काठमाडौँ : एकताबुक्स ।

____________,(२०६३), **प्रहरी प्रशासन तथा व्यवस्थापन**, काठमाडौँ : एकताबुक्स ।

खनाल, कृष्ण (सम्पा.२०६५), **नेपालमा सङ्घीय शासन प्रणाली व्यवस्थापन र कार्यान्वयन**, काठमाडौः राष्ट्रिय शान्ती अभियान ।

चापागाईं, प्रेमसागर र घिमिरे पवनकुमार (२०६१), **एकता स्कुल एट्लस,** काठमाडौँ : एकताबुक्स ।

तामाङ, भुवन (२०६३), **हिमपरी**, काठमाडौँ : एकताबुक्स ।

तामाङ, श्यामकुमार (२०५६), **जनमुक्ति सेना एउटा नलेखिएको इतिहास,** काठमाडौँ : एकताबुक्स ।

त्रिपाठी, वासुदेव र अन्य (सहसम्पा.२०४६), **नेपाली कविता भाग –१,** ललितपुर : साझा प्रकाशन. ।

____________, (सहसम्पा. २०४८), **नेपाली कविता भाग–२** ललितपुर : साझा प्रकाशन ।

____________, (सहसम्पा २०४६), **नेपाली कविता भाग –४** ललितपुर : साझा प्रकाशन ।

दुवाल, कृष्णप्रसाद (२०६०), **बालसंसार,** काठमाडौँ : एकताबुक्स ।

दोषी, ललिता (२०६५), **इन्द्रेनी**, काठमाडौँ : एकताबुक्स ।

नासननी, कन्हैया (२०६७), **बुलबुल चरा र गुलाफको फूल**, काठमाडौँ : एकताबुक्स ।

नेपाल, प्रदीप (२०६७), **फेवाको सुस्केरा**, काठमाडौँ : एकताबुक्स ।

न्यौपाने, दिनेश र प्रजापति रोशन (२०६३), **व्यावहारिक परामर्श,** काठमाडौँ : पीडित सेवासङ्घ र एकता बुक्स ।

_______________, (२०६३), **मनोवैज्ञानिक परामर्श**, काठमाडौँ : पीडित सेवासङ्घ र एकताबुक्स ।

पोखरेल, भानुभक्त (२०६३), **फूलबारी**, काठमाडौँ : एकताबुक्स ।

प्रधान, भिक्टर (२०६३), **गौतमबुद्ध,** काठमाडौँ : एकताबुक्स ।

प्रधान, राजनारायण (२०६३), **लेप्चा गुरू,** काठमाडौँ : एकताबुक्स ।

_______________,(२०६३), **बाँदर र गोही**, काठमाडौँ : एकताबुक्स

_______________, (२०६३), **भालु र दाउरे**, काठमाडौँ : एकताबुक्स ।

_______________, (२०६३), **चराको बुद्धि,** काठमाडौँ : एकताबुक्स ।

_______________, (२०६३), **स्याल र मुजुर,** काठमाडौँ : एकताबुक्स ।

_______________, (२०६६), **विश्व प्रसिद्ध सात वैज्ञानिकहरूको जीवनी**, काठमाडौ एकताबुक्स ।

प्रसाईं, भीस्मराज (२०६०), **बनौं सबै ज्ञानी**, काठमाडौँ : एकताबुक्स ।

बन्धु, चूडामणि (२०६३), **कवि मोतीराम भट्ट**, काठमाडौँ : एकताबुक्स ।

भट्टराई, महेश्वर (२०४६), **प्रारम्भिक नापी**, काठमाडौँ : एकताबुक्स ।

भट्टराई, घटराज (२०५९), **नेपाली स्नातकोत्तर समालोचना,** काठमाडौँ : पैरवी बुक्स एण्ड स्टेसनरी सेन्टर ।

राकेश, रामदयाल (२०६१), **मैथेली लोकसंस्कृति**, काठमाडौँ : एकताबुक्स ।

रोंगोंग, एडोन (२०६३), **मायाका फूलहरू,** काठमाडौँ : एकताबुक्स ।

रिजाल, सीता 'भीमकान्त पन्थी जीवनी, व्यक्तित्व र कृतित्व', (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग, २०६५)

शर्मा, ऋषिराम  (२०६२), **सुगाको जन्मदिन**,  काठमाडौँ : एकताबुक्स ।

______________,(२०६३),  **वर्णहरूको कथा र व्यथा**, काठमाडौँ : एकताबुक्स ।

शर्मा, वसन्तकुमार, (२०६३), नेपाली शब्दसागर, काठमाडौँ : आभा छापाखाना ।

श्रेष्ठ, दयाराम र मोहनराज (२०५६), **नेपाली साहित्यको संक्षिप्त इतिहास,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, रामेश ,(२०६१), **मैले बिर्सन नसकेको साथी**, काठमाडौँ : एकताबुक्स ।

सुवेदी, काशीराज, (२०६५), **कथाकुल भाग १,** काठमाडौँ : एकताबुक्स ।

______________, (२०६२), **कथाकुल भाग २,** काठमाडौँ : एकताबुक्स ।

______________, (२०६०),**कथाकुल भाग ३,** काठमाडौँ : एकताबुक्स ।

सुवेदी, केशव , (सहलेखन २०५३), **मध्यपश्चिमका कविता**, काठमाडौँ : एकताबुक्स ।

______________, (२०६५), **रापतीको साहित्यिक रूपरेखा**, काठमाडौँ : एकताबुक्स ।

______________, (२०६५), परिधीय परिक्रमा, काठमाडौँ : दोभान प्रकाशन ।

______________, (सहलेखन तथा सह सम्पा. २०६७), **सबैको नेपाली**, ललितपुर : साझा प्रकाशन ।

______________, (सम्पा. २०६७), **सङ्गीत शिखर भक्तराज आचार्य**, काठमाडौँ : एकताबुक्स ।

सुवेदी, राजेन्द्र र अन्य, (सहलेखन तथा सम्पा.२०६३), **सुवेदी वंशावली,** काठमाडौँ :सुवेदी कल्याणकोश ।

सिंह, गोरखबहादुर, (२०६०), **चतुरेको चर्तिकला भाग १,** काठमाडौँ : एकताबुक्स

______________, (२०६७), **चतुरेको चर्तिकला भाग २,** काठमाडौँ : एकताबुक्स

______________,(२०६४), **चतुरेको चर्तिकला भाग ३,** काठमाडौँ : एकताबुक्स

______________, (२०६७), **चतुरेको चर्तिकला भाग ४,** काठमाडौँ : एकताबुक्स

ह्वाइट, क्याथ (२०६३), **लिमीको खोजमा कान्छी,** काठमाडौँ : एकताबुक्स

हाछेथु, कृष्ण (इ.सन.२००८), **नेपाल सङ्क्रमणकाल र लोकतन्त्र, काठमाडौँ** : अन्तर्राष्ट्रिय आइडिया नेपाल ।

सुवेदी, केशव 'नेपाली उखानको सङ्कलन र अध्ययनका परम्परामा पादरी गङ्गाप्रसाद प्रधानको योगदान, गवेषण वर्ष १ : अङ्क १, २०५६, पृ.४७ - ५२ ।

सुवेदी, केशव 'नेपाली लोकगीत-अध्ययन- परम्पराका प्रारम्भिक प्रयासहरूः सर्वेक्षण र विवेचना', **वाङ्मय** पूर्णाङ्क ८ २०५६, पृ.५९- ६६ ।

——————, 'नेपाली उखान टुक्काको सङ्कलन र अध्ययनका प्रारम्भिक प्रयासहरू : सर्वेक्षण र विवेचना,' त्रि.वि. **जर्नरल** २०५७, पृ.१३९–१४८ ।

——————, 'नेपाली केन्द्रीय विभाग अन्तर्गत २०५९ वैशाखसम्म पूरा भएका स्नातकोत्तरस्तरीय शोधकार्यहरू,' **वाङ्मय** पूणाङ्क १०, २०५७, पृ. ५४-७८ ।

सुवेदी, रमेश 'हजारौँ चेलाहरूका मार्गदर्शक गुरु साहित्यकार केशव सुवेदी,' **अन्तर्ध्वनी** वर्ष ४२ : पूर्णाङ्क २५, २०६६, पृ. ४५–५२ ।